'माई नगरपालिकाको इच्छा, समतामूलक प्रविधिमैत्री, जीवनोपयोगी र गुणस्तरीय शिक्षा'

# नगर शिक्षा योजना




## नगर शिक्षा योजना २०८१/८२-२०९१/९२

## माई नगरपालिका

## शिक्षा, युवा तथा खेलकुद शाखा

शित्तली, इलाम

कोशी प्रदेश, नेपाल

'माई नगरपालिकाको इच्छा, समतामूलक प्रविधिमैत्री, जीवनोपयोगी र गुणस्तरीय शिक्षा'

# नगर शिक्षा योजना

## आ.व. २०८१/०८२ - २०९१/०९२




प्रकाशक

माई नगरपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

शित्तली, इलाम

कोशी प्रदेश, नेपाल

प्रथम संस्करण - २०८२
प्रकाशित प्रति - १००
© सर्वाधिकार - माई नगरपालिका

## प्रमुख संरक्षकः

श्री खम्बासिं लिम्बू (नगरप्रमुख)

## संरक्षकः

श्री हिमा भण्डारी (नगर उपप्रमुख)

## लेखन कार्यदल

संयोजक - श्री सीतादेवी लावती
सदस्य - श्री किरण प्रसाद सुवेदी
सदस्य - श्री हरिप्रसाद पौड्याल
सदस्य - श्री खेमराज लिम्बू
सदस्य - श्री जीतबहादुर विश्वकर्मा
सदस्य - श्री रूद्रबहादुर मगर
सदस्य - श्री सुन्दरमणि बि.सी.
सदस्य - श्री तोयानाथ घिमिरे
सदस्य - श्री सुशिला खड्का
सदस्य सचिव - श्री केशव खनाल

## कार्यक्रम, लक्ष्य र अनुमानित बजेट निर्धारण कार्यदलः

संयोजक - श्री अमृतबहादुर मोक्तान
सदस्य - श्री हेमबहादुर लायो मगर
सदस्य - श्री तेजकुमारी इधिङ्गो
सदस्य - श्री हिमाल तिमल्सिना
सदस्य - श्री लक्ष्मण भुर्तेल
सदस्य - श्री अशोक कट्टेल
सदस्य - श्री केशव खनाल

## सम्पादन समितिः

श्री किरण प्रसाद सुवेदी
श्री खेमराज लिम्बू
श्री रूद्रबहादुर मगर
श्री सुन्दरमणि बि.सी.

# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शितली, इलाम

फोन/फ्याक्स:०२७-४१२२२२
Website:maimun.gov.np
Email:mainagarpalika@gmail.com
Facebook Page:माई नगरपालिका
इलाम

प.सं. २०८१/०८२
च.नं.

कोशी प्रदेश, नेपाल।



# शुभकामना

शिक्षा प्राप्त गर्नु व्यक्तिको मौलिक हक हो । लोकतान्त्रिक मूल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मूख राष्ट्र निर्माणमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । व्यक्तिको व्यवहारमा परिवर्तन गरी सामाजिकीकरण गर्दै राष्ट्र निमार्णमा यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सबैका लागि शिक्षामा पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन आवश्यक छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई व्यक्तिको मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तह सम्मको शिक्षा निःशुल्क रूपमा पाउने व्यवस्था गरेको छ । माध्यमिक तह सम्मको शिक्षाको सञ्चालन व्यवस्थापन रेखदेख एवम् नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको र जनताका सबै भन्दा नजिकको सरकार स्थानीय तह भएकोले सर्वसुलभ गुणस्तरीय जीवन उपयोगी शिक्षा उपलब्ध गराउनु आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ दफा ११ को ज (१) मा व्यवस्था भए बमोजिम माई नगरपालिकाले समग्र नगरपालिकाको शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षाका माध्यम द्वारा गतिशीलता प्रदान गर्न नगर शिक्षा योजना निर्माण गरिएको छ ।

माई नगरपालिकामा जननिर्वाचित सरकार आइसके पछि शिक्षामा पहुँच स्थापना, विद्यार्थी भर्ना दर, टिकाउ दर, सिकाइ सुनिश्चितता, शैक्षिक गुणस्तर, सुशासन र व्यवस्थापनमा विशेष ध्यान दिएको छ । यिनै कुराहरूलाई ध्यानमा दिई शिक्षामा प्रत्येक आर्थिक वर्षमा स्थानीय तहबाट लगानी वृद्धि गर्दै विद्यालय शिक्षामा विशेष जोड दिइएको छ ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी सिकाइ उपलब्धि अभिवृद्दि गर्न विद्यालयमा समूदायको सहभागिता बढाउन आवश्यक छ भने अल्पसङ्ख्यक विशेष आवश्यकता भएका बालबालिकाहरूलाई भित्र्याउने र टिकाउने समस्या एकातिर छ । पोषण, जीवन पर्यन्त सिकाइ

प्रविधिसँग अभिभावक विद्यार्थी र शिक्षकलाई जोड्नु, समाजमा देखिने विकृति एवम् विसङ्गतिलाई शिक्षाको माध्यमबाट विद्यालय व्यवस्थापनका पक्षमा सुधार गर्नु पर्ने चुनौतिहरू रहेका छन । नगरपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्य नजर गरी आगामी १० वर्ष भित्र विद्यालय शिक्षामा व्यापक सुधार गरी शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्नुपर्ने अवस्था रहेको छ। यसै कुरालाई मध्यनजर गरी माई नगरपालिकाले सभ्य समाज निर्माणका साथै विद्यालय विकास र गुणस्तरिय शिक्षा प्रदान गर्न १० वर्षे शैक्षिक योजनाको निर्माण गरेको छ । यस योजनाले शिक्षाका मुद्दाहरूलाई सम्बोधन गर्ने आशा लिएको छु । यो योजना निर्माण गर्ने क्रममा निरन्तर रूपमा लागिपर्ने नगर शिक्षा योजना लेखन समिति तथा समय-समयमा सुझाव प्रदान गर्ने नगरपालिकाका कर्मचारीहरू, प्राविधिक सहयोग गर्ने विज्ञ लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**खम्बासिं लिम्बू**
नगर प्रमुख
माई नगरपालिका, इलाम

# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शितली, इलाम

फोन/फ्याक्स:०२७-४१२२२२
Website:maimun.gov.np
Email:mainagarpalika@gmail.com
Facebook Page:माई नगरपालिका इलाम

कोशी प्रदेश, नेपाल।


प.सं. २०८१/०८२
च.नं.



# हार्दिक आभार

जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले जनतासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने कुराहरू लगायत आधारभूत आवश्यकताहरूको सम्बोधन गर्ने कर्तव्य स्थानीय तहको हो । शिक्षा, स्वास्थ्य, पूर्वधार, कृषि, पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्षरूपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीका सन्दर्भमा पनि त्यति नै ध्यान दिनुपर्ने हुन्छ ।

शिक्षाले व्यक्ति, समाज र राष्ट्रको परिवर्तन गर्ने महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउँछ । शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति लगानीमा वृद्धि, शैक्षिक सुधारका कार्यक्रमको छनोट र कार्यान्वयन गर्नु जरूरी हुन्छ । शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्य पूरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नु जरूरी हुन्छ ।

माई नगरपालिकाले नगर क्षेत्र भित्र शैक्षिक विकास गरी माई नगर क्षेत्रलाई गन्तव्यको थलोको रूपमा विकास गर्न १० वर्षका लागि नगर शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवम् उद्देश्य हासिल हुने अपेक्षा लिएको छ ।

योजना नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि सहयोग पुऱ्याउने पथप्रदर्शकको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य,उद्देश्य र कार्यक्रम केही बढी महत्त्वकाङ्क्षी पनि हुन सक्छन् । कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन् । त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु । यो १० वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जन प्रतिनिधि लगायत सरकारी तथा गैर सरकारी सङ्घ संस्थाको महत्त्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु ।

शिक्षा, युवा तथा खेलकुद शाखा माई नगरपालिका इलाम र विज्ञ श्री योगेन्द्र चापागाई तथा योजना लेखनको प्राविधिक टिम लगायत सम्वद्ध सबै प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा नगर शिक्षा योजना निर्माणमा छुटेका कुरा आगामी दिनमा थप गर्नका लागि सुझावको अपेक्षा गर्दै योजना निर्माण खटिनुहुने सम्पूर्ण नगरबासी, शिक्षाकर्मी मित्र लगायत यसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**हिमा भन्डारी**
नगर उपप्रमुख
माई नगरपालिका, इलाम

# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शितली, इलाम

फोन/फ्याक्स:०२७-४१२२२२
Website:maimun.gov.np
Email:mainagarpalika@gmail.com
Facebook Page:माई नगरपालिका इलाम

कोशी प्रदेश, नेपाल।


प.सं. २०८१/०८२
च.नं.



# हार्दिक आभार

शिक्षा समाज र देश विकासको आधार हो । शिक्षा क्षेत्रको विकास विना समाज परिवर्तन हुँदैन । माई नगरपालिकाले शिक्षालाई विकासको मेरूदण्ड ठानेर स्थानीय तहको स्थापनादेखि नै शिक्षालाई प्राथमिकतामा राखेर शिक्षाको सबै क्षेत्रमा लगानी गरिरहेको छ । शिक्षा क्षेत्रमा गरेको लगानीलाई उद्देश्यमूलक र अर्थपूर्ण बनाउन नगरपालिकाले नगर शिक्षा योजना बनाउन आवश्यक छ । राज्यको पुनसंरचना पश्चात स्थापित यस नगरपालिकाको शिक्षा क्षेत्रको यथार्थ विद्यमान अवस्थाको खोजमूलक अध्ययन गरी नगरको शैक्षिक विकासको बाटो चित्रण गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम् सदुपयोग गरी नगरपालिकाको शैक्षिक विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस योजनाले शिक्षा क्षेत्रका सबै अवयवको यथार्थतालाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमा भित्र गरिएको अध्ययन आफैँमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।

विज्ञान तथा प्रविधिमा आएको तीब्र परिवर्तन, सूचना तथा सञ्चार प्रविधिको क्रान्ति, ज्ञान तथा खोजमा भएको विस्फोटन वर्तमान अवस्था जस्ता पक्षलाई ख्याल गरी नगरपालिकाले नगर शिक्षा योजना तयार गरेको छ । यो शिक्षा योजना निर्माणमा अग्रसरता लिने नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई हार्दिक धन्यवाद दिन चाहान्छु । साथै शिक्षा योजना निर्माण कार्यमा अहोरात्र खटिनुहुने नगर शिक्षा योजना लेखन तथा सम्पादन समिति, सुझाव प्रदान गर्नुहुने नगरपालिका परिवार, शिक्षा समिति परिवार, विद्यालयका प्रधानाध्यापक र शिक्षक तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु ।

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
माई नगरपालिका, इलाम

# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## शितली, इलाम

फोन/फ्याक्स:०२७-४१२०९६
Website:maimun.gov.np
Email:edubranch.maimun@gmail.com
Facebook Page: शिक्षा, युवा तथा खेलकुद शाखा
माई नगरपालिका
इलाम

कोशी प्रदेश, नेपाल।


प.सं. २०८१/०८२
च.नं.

# प्रकाशकीय

शिक्षा ज्ञानको ज्योति र चेतनाको मुहान हो । व्यक्ति, समाज र राष्ट्रको परिवर्तन गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको महत्त्वपूर्ण जिम्मेवारी हुन आउँछ । शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि, शैक्षिक सुधारका दूरदर्शी कार्यक्रमको छनौट र कार्यन्वयन गर्नु जरूरी हुन्छ । शिक्षाका तहगत तथा राष्ट्रिय उद्देश्य पुरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति निर्माण गरी त्यसलाई कार्यन्वयन गर्नु आवश्यक छ ।

कुनै पनि क्षेत्रमा योजना विनाको कामले गति लिन सक्दैन । नगरपालिकाले नगर क्षेत्र भित्र शैक्षिक विकास गरी माईनगर क्षेत्रलाई गन्तव्यको थलोको रूपमा विकास गर्न १० वर्षका लागि नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवम् उद्देश्य हासिल हुने अपेक्षा लिएको छ ।

नीति तथा कार्यक्रम कार्यन्वयन गर्नका लागि सहयोग पुऱ्याउने एक महत्त्वपूर्ण दस्तावेज योजना भएकोले यसका लक्ष्य,उद्देश्य,रणनीति र कार्यक्रम केही बढी महत्त्वकाङ्क्षी पनि हुन सक्छन । कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन् । त्यसका लागि योजना निर्माण,लेखन तथा सम्पादन टोलीले विशेष ध्यान दिएका छौँ । यो १० वर्षे नगर शिक्षा योजना कार्यान्वयन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जन प्रतिनिधि तथा कर्मचारी, शिक्षक तथा विद्यालयको महत्त्वपूर्ण भूमिका रहने अपेक्षा लिएका छौं ।

नगर शिक्षा योजना निर्माणमा संस्थागत रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास निर्देशनालय, धनकुटा तथा शिक्षा विकास तथा समन्वय इकाइ, इलाम प्रति निरन्तर सहजीकरणका लागि विशेष आभार व्यक्त गर्न चाहन्छौं । माई नगरपालिका परिवार, कार्यपालिका, नगर शिक्षा समिति तथा शिक्षा योजना निर्माणको सुरूवातमा सहजीकरण गर्नुहुने विज्ञ सन्तोष खड्का तथा अन्तिम चरणमा आवश्यक सुधार सहित पृष्ठपोषण प्रदान गर्नुहुने विज्ञ श्री योगेन्द्र चापागाई तथा योजना लेखन तथा सम्पादन समिति, लक्ष्य, कार्यक्रम तथा बजेट निर्माण कार्यदल लगायत समय-समयमा सुझाव प्रदान गर्नुहुने कर्मचारी टिम लगायत सम्वद्ध सबै प्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा नगर शिक्षा योजना निर्माणमा रहेका कमी कमजोरी आगामी दिनमा सच्याउन महत्त्वपूर्ण सुझावको अपेक्षा गर्दै शैक्षिक योजना निर्माणमा खटिनुहुने सम्पूर्ण नगरबासी, कर्मचारी, शिक्षाकर्मी

लगायत यसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने आदरणीय व्यक्तित्वहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

**शिक्षा, युवा तथा खेलकुद शाखा**
माई नगरपालिका, इलाम

# विषयसूची


| | |
|---|---|
| योजनाको सारांश | क |
| परिच्छेद १: परिचय | ५ |
| १.१ वर्तमान अवस्था | ५ |
| १.१.१ भौगोलिक अवस्था | ५ |
| १.१.२ जनसाङ्ख्यिक संरचनाको स्थिति | ५ |
| १.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था | ७ |
| १.२.४ आर्थिक अवस्था | ८ |
| १.२.५ शैक्षिक अवस्था | ९ |
| १.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौति | १५ |
| समस्या | १५ |
| मुख्य चुनौति | १५ |
| ख. शिक्षा क्षेत्रको चुनौतिको SWOT विश्लेषण | १६ |
| १.३ शिक्षा क्षेत्रका अवसर | १७ |
| १.४ शिक्षा योजना निर्माणको प्रक्रिया | १८ |
| परिच्छेद २ :दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण | १९ |
| २.१ स्थानीय तहमा शिक्षा योजना निर्माणका आधार | १९ |
| २.२ दूरदृष्टि | १९ |
| २.३ लक्ष्य | १९ |
| २.४ उद्देश्य | १९ |
| २.५ रणनीति | २० |
| २.६ अपेक्षित उपलब्धि | २४ |
| २.७ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण | २५ |
| परिच्छेद ३ :शिक्षाका मुख्य उपक्षेत्र | २९ |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | २९ |
| ३.१.१ परिचय | २९ |
| ३.१.३ उद्देश्य | ३१ |
| ३.१.४ रणनीति | ३१ |

| | |
|---|---|
| ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ३२ |
| ३.२ आधारभूत शिक्षा | ३५ |
| ३.२.१ परिचय | ३५ |
| ३.२.२ वर्तमान अवस्था | ३६ |
| ३.२.३ उद्देश्य | ४० |
| ३.२.४ रणनीति | ४० |
| ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४१ |
| ३.३ माध्यमिक शिक्षा | ४७ |
| ३.३.१ परिचय | ४७ |
| ३.३.२ वर्तमान अवस्था | ४८ |
| ३.३.४ उद्देश्य | ४९ |
| ३.३.५ रणनीति | ५० |
| ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५७ |
| ३.४.१ परिचय | ५७ |
| ३.४.२ वर्तमान अवस्था | ५८ |
| प्रमुख समस्या र चुनौति | ५९ |
| ३.४.३ उद्देश्य | ५९ |
| ३.४.४ रणनीति | ६० |
| ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ६० |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ६२ |
| ३.५.१ परिचय | ६२ |
| ३.५.२ वर्तमान अवस्था | ६४ |
| ३.५.३ उद्देश्य | ६५ |
| ३.५.४ रणनीति | ६५ |
| ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ६६ |
| परिच्छेद ४ :अन्तरसम्बन्धित विषय तथा क्षेत्र | ६९ |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ६९ |
| ४.१.१. परिचय | ६९ |

| | |
|---|---|
| ४.१.२ वर्तमान अवस्था | ६९ |
| ४.१.३ उद्देश्य | ७३ |
| ४.१.४ रणनीति | ७३ |
| ४.१.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य | ७४ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | ७७ |
| ४.२.१ परिचय | ७७ |
| ४.२.२ वर्तमान अवस्था | ७८ |
| ४.२.३ उद्देश्य | ७९ |
| ४.२.४ रणनीति | ८० |
| ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ८० |
| ४.३ शिक्षामा समता र समावेशीकरण | ८४ |
| ४.३.१ परिचय | ८४ |
| ४.३.२ वर्तमान अवस्था | ८४ |
| ४.३.३ चुनौति | ८५ |
| ४.३.४ उद्देश्य | ८५ |
| ४.३.५ रणनीति | ८५ |
| ४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ८६ |
| ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ८९ |
| ४.४.१ वर्तमान अवस्था | ८९ |
| ४.४.२ उद्देश्य | ९१ |
| ४.४.३ रणनीति | ९१ |
| ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ९२ |
| ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ९४ |
| ४.५.१ परिचय | ९४ |
| ४.५.२ वर्तमान अवस्था | ९६ |
| ४.५.३ उद्देश्य | ९७ |
| ४.५.४ रणनीति | ९७ |
| ४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ९८ |

| | |
|---|---|
| (ग) प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य | ९९ |
| ४.६ विद्यालय भौतिक पूर्वाधार विकास | १०० |
| ४.६.१ परिचय | १०० |
| ४.६.२ वर्तमान अवस्था | १०० |
| ४.६.३ उद्देश्य | १०२ |
| ४.६.४ रणनीति | १०२ |
| ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १०३ |
| ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १०५ |
| ४.७.१ परिचय | १०५ |
| ४.७.२ वर्तमान अवस्था | १०६ |
| ४.७.२ उद्देश्य | १०७ |
| ४.७.३ रणनीति | १०७ |
| ४.७.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १०७ |
| परिच्छेद ५ : अन्य उपक्षेत्रहरु | १०९ |
| ५.१ उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध | १०९ |
| ५.१.१ परिचय | १०९ |
| ५.१.२ वर्तमान अवस्था | ११० |
| ५.१.३ उद्देश्य | १११ |
| ५.१.४ रणनीति | ११२ |
| ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ११४ |
| ५.२ मन्टेश्वरी शिक्षा | ११५ |
| ५.२.१ परिचय | ११५ |
| ५.२.२ वर्तमान अवस्था | ११६ |
| ५.२.४ रणनीतिः- | ११७ |
| ५.२.५ प्रमुख उपलब्धि, नतिजा तथा लक्ष्य | ११७ |
| ५.३ संस्थागत विद्यालय | ११९ |
| ५.३.१ परिचय | ११९ |
| ५.३.२ वर्तमान अवस्था | ११९ |

५.३.३ उद्देश्य १२०

५.३.४ रणनीति १२०

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास १२२

६.१.२ वर्तमान अवस्था १२२

६.१.४ उद्देश्य १२४

६.१.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य १२५

६.२.१ परिचय १२८

६.२.३ अवसर र चुनौति १३०

६.२.५ रणनीति १३१

७.१ परिचय १३४

७.३ उद्देश्य १३६

७.५ उपलब्धि १३७

७.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया १३९

कार्यान्वयन १३९

| | |
|---|---|
| परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन | १४१ |
| ८.१ परिचय | १४१ |
| ८.२ वर्तमान अवस्था | १४१ |
| ८.३ चुनौति र अवसर | १४३ |
| ८.४ उद्देश्य | १४४ |
| ८.५ रणनीति | १४४ |
| ८.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | १४४ |
| ८.७ समन्वय र सहजीकरण | १४५ |
| सन्दर्भ सामग्री | १४७ |
| अनुसूची | १४८ |

# योजनाको सारांश

## (क) विषय प्रवेश

नेपालको वर्तमान संविधानले तीन तहको राज्य संरचनासहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ । राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यान्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्धन गरी राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सिप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरी नगरपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध नगरपालिका निर्माणको अभियानमा लाग्न व्यावहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । सङ्घीय सरकारले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तहमा तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि सङ्घीय शिक्षा क्षेत्र योजना अनुरूपको शिक्षा क्षेत्र योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । यसै सन्दर्भमा माई नगरपालिका इलामले पनि यस नगरपालिकाको शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ ओटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उद्देश्य पुरा हुने तथा उक्त अधिकार क्षेत्रभित्र स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा

शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरिएको छ । नगरपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० वर्षे स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९, (परिमार्जित तथा अध्यावधिक संस्करण २०८१) का आधारमा सङ्घीय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उद्देश्य प्राप्तिमा मद्धत गर्न र नगरपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपमा सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो । यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्धत गर्ने साथै राष्ट्रिय अपेक्षा पुरा गर्न पनि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## (ग) शिक्षा योजना निर्माणका आधार

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सङ्घीय स्वरूपको व्यवस्थामा सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ । राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरूका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्रभित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उद्देश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यकता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दीर्घकालीन ध्येय अनुसार सन् २०४३ सम्म 'समृद्ध नेपाल सुखी नेपाली'को अभिप्राय, सन् २०३० सम्मको दीगो विकास लक्ष्य नगरपालिकाको वार्षिक शिक्षा नीति तथा कार्यक्रमहरू, पालिकाको आवधिक योजना लगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निर्माण गरेको छ ।

## (घ) शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माणका लागि यस माई नगरपालिका कार्यपालिकाले आवश्यकता महसुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यवस्था मार्फत आ.व २०८१/०८२ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत शिक्षा समितिको बैठकबाट शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा १० सदस्यीय १० वर्षे नगर शिक्षा योजना लेखन कार्यदल निर्माण गरियो । स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित तथा अध्यावधिक संस्करण २०८१) मा आधारित लेखन कार्यदललाई ३ दिवसीय अभिमूखीकरण सम्पन्न

गरियो । लेखन कार्यदलका सदस्यलाई विषयवस्तुका आधारमा क्षेत्र छुट्याई जिम्मेवारी प्रदान गरियो । लेखन उपसमितिहरूले विभिन्न सरोकारवालाहरूसँगको समन्वयमा तथ्याङ्क सङ्कलन, सल्लाह तथा सुझाव सङ्कलन, छलफल गरी तथ्य तथ्याङ्क सङ्कलन गरियो । तयार पारिएको लिखित खेस्रालाई संयोजन गरी मार्गदर्शन अनुसार ढाँचा मिलाउन ५ सदस्यीय नगर शिक्षा योजना ढाँचा निर्माण प्राविधिक उपसमिति निर्माण गरियो । उक्त उपसमितिले ढाँचा मिलाएर प्रारम्भिक मस्यौदा तयार गऱ्यो । ८ सदस्यीय कार्यक्रम, लक्ष्य तथा अनुमानित बजेट कार्यदल बनाई कार्यक्रम, लक्ष्य र अनुमानित बजेट यकिन गर्ने काम गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले चरणबद्ध कार्यशाला मार्फत प्राप्त तथ्य, तथ्याङ्क, सूचनाका आधारमा दश वर्षे नगर शिक्षा योजनाको मस्यौदा निर्माण गरियो । तत् पश्चात मस्यौदा माथि छलफल गरी विभिन्न क्षेत्रका सरोकारवालाहरूबाट प्राप्त सल्लाह सुझावका आधारमा मस्यौदालाई अन्तिम रूप दिइयो । तयार गरिएको दश वर्षे नगर शिक्षा योजनाको मस्यौदामा विज्ञको राय तथा सल्लाहका आधारमा थप सुधार गरी मूल समितिमा पेश गरियो । पेश गरिएको नगर शिक्षा योजना कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने प्रक्रिया पुरा गरियो ।

### (ङ) योजनाको लेखाजोखा

योजनाको तयारी गरिसकेपछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटर यसको लेखाजोखा गरिनुपर्छ । जुन योजना कार्यान्वयन गर्नु पूर्वको महत्त्वपूर्ण कार्य तथा अङ्ग हो । निर्माण भएको योजना लेखाजोखा कार्यलाई सम्बन्धित निकाय वा तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरिएको छ । साथै स्थानीय विज्ञ, शिक्षाशास्त्री, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरूको समावेश गरिएको थियो । योजना निर्माणको क्रममा समावेशी तथा समावेशिकरण हुने गरी महिला, अपाङ्ग सञ्जाल, शिक्षक महासङ्घ तथा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घको सक्रिय सहभागिता रहेको थियो । माई नगर शिक्षा योजना निर्माण मूल समितिमा यस नगरपालिकाका प्रमुख संयोजक र सदस्य सचिवमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहित नगर शिक्षा समितिका अन्य सदस्यहरू पनि रहनुभएको छ ।

### (च) योजनाको दस्तावेजको स्वरूप

माई नगरपालिकाको दश वर्षे नगर शिक्षा योजनामा आठओटा परिच्छेदको निर्माण गरिएको छ । यस योजनाले परिच्छेद १ मा परिचय, परिच्छेद २ मा सङ्घीय, प्रादेशिक तथा माई नगरपालिकाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति निर्माण तथा त्यसको अन्तरसम्बन्ध विकास गरिएको छ । यसैगरी परिच्छेद ३ मा शिक्षा क्षेत्रको मुख्य उपक्षेत्र अनुसारको विषयगत क्षेत्रको प्रस्तुत गरिएको छ । यसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम, अनौपचारिक शिक्षा र आजीवन सिकाइको परिचय, वर्तमान अवस्था, अवसर तथा चुनौति, उपलब्धि र नतिजा तथा प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य प्रस्तुत गरिएको छ । परिच्छेद ४ मा अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूको रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन; शिक्षक व्यवस्थापन र विकास; शिक्षामा समता र समावेशीकरण; विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम; विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सूचना तथा सञ्चार प्रविधि राखिएको छ । परिच्छेद ५ मा अन्य उपक्षेत्र अन्तर्गत उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध, मन्टेश्वरी शिक्षा र संस्थागत विद्यालय राखिएको छ । परिच्छेद ६ मा सुशासन तथा व्यवस्थापन अन्तर्गत शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास र स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध राखिएको छ । परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन योजनावद्ध तरिकाले प्रस्तुत गरिएको छ । अन्तिम परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन र यसको प्रभावको बारेमा योजना प्रस्तुत गरिएको छ साथै अन्त्यमा सन्दर्भ सामग्री तथा विभिन्न अनुसूचीहरू राखिएको छ ।

## परिच्छेद १

### परिचय

शिक्षा ज्ञानको ज्योति चेतनाको मुहान हो । शिक्षाले बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी एउटा योग्य, दक्ष र कमर्ठ नागरिक निर्माणको प्रमुख आधार नै शिक्षा हो । नेपालको संविधान २०७२ अन्तर्गत आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापन मुख्य कार्यका स्थानीय सरकारको रहेको, स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद ३ को ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाका २३ ओटा अधिकारहरूलाई थप व्यवस्थित गर्न तथा परिच्छेद ६ (२४) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरू बनाउनुपर्ने, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पनि १० वर्ष नयाँ शिक्षा क्षेत्रको योजना निर्माणको लागि कार्य ढाँचा २०७७ विकास गरेको र पालिकाहरूले शिक्षा योजना तयारको लागि आधार तय गरेको, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) ले पनि शिक्षा योजना निर्माण गर्नु पर्ने व्यवस्था गरेको नीतिगत व्यवस्था एकातिर रहेको छ भने पालिकामा भएको सिमित स्रोत साधन तथा असङ्ख्य आवश्यकतालाई व्यवस्थित गर्दै नतिजा प्राप्त गर्न यो नगर शिक्षा योजना तयार गरिएको छ ।

### १.१ वर्तमान अवस्था

#### १.१.१ भौगोलिक अवस्था

गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या तथा सिमाना निर्धारण गरी नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको विवरण अनुसार दानाबारी, चिसापानी, महमाई गा. वि. स. र लक्ष्मीपुर वडा नं. - ५ मिलाएर बनेको माई नगरपालिका कोशी प्रदेशको इलाम जिल्ला अन्तर्गत पर्दछ । माई नगरपालिका २४६.०९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस पालिकालाई हाल १० वडामा विभाजन गरिएको छ । भौगोलिक हिसाबले माई नगरपालिका २६ डिग्री ४५ मिनेट उत्तरी अक्षांश र ८७ डिग्री ५२ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ । यो नगरपालिका पूर्वमा सुर्योदय नगरपालिका र रोङ गाउँपालिका, पश्चिममा माङ्सेबुङ र चुलाचुली गाउँपालिका, उत्तरमा इलाम र देउमाई नगरपालिका तथा दक्षिणमा झापा जिल्लाका अर्जुनधारा, कनकाई र शिवसताक्षी नगरपालिकाको बीचमा अधिकांश चुरे क्षेत्र केही समथर क्षेत्र र केही पहाडी क्षेत्रमा अवस्थित रहेको छ । हाल माई नगरपालिका वडा नं -२ शितलीलाई नगरपालिकाको केन्द्रको रूपमा तोकिएको छ ।

#### १.१.२ जनसाङ्ख्यिक संरचनाको स्थिति

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगपालिकाको जनसङ्ख्या ३०,७३२ रहेको छ । जस मध्ये पुरूष ४९.२ प्रतिशत र महिला ५०.८ प्रतिशत रहेका छन् । सोही अनुसार लैङ्गिक अनुपात प्रति ९६.९७ रहेको छ । जनघनत्व १२५ जना प्रति वर्ग किलोमिटर रहेको छ भने ७,९३९ घरधुरी रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको विवरण तलको तालिकामा रहेको छ ।


| वडा | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १५७५ | १५५१ | ३१२६ |
| २ | १५५१ | १५९७ | ३१४८ |
| ३ | ११६५ | १२२२ | २३८७ |
| ४ | १७८० | १९४७ | ३७२७ |
| ५ | १८९२ | १९५७ | ३८४९ |
| ६ | १५०२ | १५०९ | ३०११ |
| ७ | १४४१ | १४८१ | २९२२ |
| ८ | १७०४ | १७१८ | ३४२२ |
| ९ | १२८६ | १३१७ | २६०३ |
| १० | १२३४ | १३०३ | २५३७ |
| कुल | | | ३०,७३२ |

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८

**उमेर समूहगत जनसङ्ख्या विवरण तलको तालिका प्रस्तुत गरिएको छ ।**

| उमेर समूह (वर्षमा) | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ०–१४ | ३९०६ | २५.८२ | ३७६७ | २४.१४ | ७६७३ | २४.९७ |
| १५–६४ | ९९९४ | ६६.०५ | १०७१३ | ६८.६६ | २०७०७ | ६७.३८ |
| ६४ भन्दा माथि | १२३० | ८.१३ | ११२२ | ७.१९ | २३५२ | ७.६५ |
| जम्मा | १५१३० | १०० | १५६०२ | १०० | ३०७३२ | १०० |

उमेर र लिङ्गगत जनसङ्ख्यालाई तलको ग्राफमा प्रस्तुत गरिएको छ ।




श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८

### १.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था

धार्मिक, भाषिक, सांस्कृतिक विविधता रहेको यस पालिकामा लिम्बू, तामाङ, राई, मगर, नेवार, कुमाल, ब्राह्मण, क्षेत्री, दलित, दशनामी, दनुवार, सुनुवार, भुजेल, शेर्पा, याख्खा, उराउ आदि जाति बसोबास गर्दछन् । धर्ममा किराँत, हिन्दू, बौद्ध, जसमनी, कबिर, इसाई, इस्लाम आदि धर्मावलम्बीको बसोबास रहेको छ । सबैले आ-आफ्नै धर्म अनुसारको चाडपर्व जस्तै दसैं, तिहार, फागुपूर्णिमा, तीज, माघे संक्रान्ति, ल्होसार, उधौँली उभौँली, बुद्ध पूर्णिमा, इद, छठ आदि पर्व यहाँ मनाइने मुख्य चाडपर्व हुन । माई नगरपालिकामा ३९ जातजाति, २६ ओटा मातृभाषा र ६ ओटा धर्म मान्ने मानिसहरूको बसोबास छ । बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक जनताहरूको बसोबास रहेको भएता पनि विविधतामा एकता यस नगरपालिकाको गहनाको रूपमा रहेको छ ।

यस नगरपालिकामा प्रमुख जातिहरू लिम्बू, राई, क्षेत्री, मगर, तामाङ रहेका छन् । यहाँ मान्ने धर्म, मातृभाषाको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

| जात | जनसङ्ख्या (प्रतिशतमा) | मातृभाषा | जनसङ्ख्या (प्रतिशतमा) | धर्म | जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| याक्थुङ/लिम्बू | २४.३ | नेपाली | ५६.६ | हिन्दु | ४२.७ |
| राई | १८.६ | याक्थुङ/लिम्बू | १९.१ | किराँत | ३७.४ |
| क्षेत्री | १२.६ | मगर ढुट | ५.८ | बौद्ध | १३.४ |
| मगर | १०.९ | तामाङ | ५.३ | क्रिष्चियन | ६.४ |
| तामाङ | ७.७ | राई | ४ | इस्लाम | ०.१ |
| ब्राह्मण - पहाड | ६.३ | बान्तवा | ३.८ | प्रकृतिपुजक | ०.१ |
| विश्वकर्मा | ५.५ | चाम्लिङ | १.०९ | | |
| नेवाः (नेवार) | २.५ | कुलुङ | ०.६ | | |
| परियार | १.९ | साम्पाङ | ०.६ | | |
| सन्यासी/दसनामी | १.५ | | | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

### १.२.४ आर्थिक अवस्था

संविधानको अनुसूची ८ र ९ ले सरकारका तीनओटै तहले वित्तीय हस्तान्तरणको ढाँचा कस्तो हुने भन्ने बारे पहिचान गरेका छन् । सङ्घ र प्रदेशबाट स्थानीय तहमा जाने सामान्य अनुदानसहित विशेष तथा सशर्त अनुदानहरू छन् । नेपालको संविधानले वित्तीय अधिकार सहितको राष्ट्रियता परिकल्पना गरेको छ र केन्द्र सरकारले स्थानीय सरकारलाई वित्तीय अधिकार दिएको पनि छ तर स्थानीय सरकारहरूले प्राप्त गर्ने वित्तीय स्रोतको अनुपात स्थानीय सरकारको आन्तरिक आम्दानीमा हुने वृद्धिको अनुपातका आधारमा थपघट हुने नीति सङ्घीय सरकारको भएकाले स्थानीय सरकारले पाउने वित्तीय अनुदान सम्बन्धित स्थानीय सरकारको आन्तरिक आयको आकारले निर्धारण गर्ने अवस्था छ । स्थानीय सरकारको आन्तरिक आम्दानी जुन अनुपातमा वृद्धि हुँदै जान्छ त्यही अनुपातमा अनुदान पनि वृद्धि हुँदै जाने प्रणाली छ ।

माई नगरपालिकाको आन्तरिक आय सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने आम्दानीको तुलनामा न्यून छ । आर्थिक वर्ष २०७७/७८ मा माई नगरपालिकाले कुल आयको १२.४७ प्रतिशत बजेट आन्तरिक स्रोतबाट जुटाएको थियो । नगरपालिकाको आर्थिक शाखाबाट प्राप्त तथ्याङ्क अनुसार आ. व. २०७७/७८ मा सङ्घ र प्रदेशबाट फरक फरक शीर्षकमा प्राप्त भएको अनुदान रू. ५६,४३,२९,५९९९ थियो । यसको ८७.५३ प्रतिशत सङ्घ र प्रदेशबाट आएको थियो । आ.व. २०७८/७९ मा माई नगरपालिकाको कुल आय रू ६८,५५,५५,८९२.७९ पुगेको थियो । यसमा आन्तरिक आयको हिस्सा १४.१९ प्रतिशत मात्र छ । कुल बजेटमा २५ प्रतिशत योगदान स्थानीय

तहको हुनुपर्ने भए पनि माई नगरपालिकाको आन्तरिक स्रोतले कुल आयमा पुग्नुपर्ने योगदान धेरै नै कम देखियो छ ।

नगरपालिकाको आन्तरिक आय कमजोर भए पनि प्रदेश र सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानमा हुने वृद्धिः सन्तोषजनक छ । प्रदेश तथा सङ्घीय योजना प्राथमिकता वा उद्देश्यसँग परिपुरक हुने गरी स्थानीय योजना बन्ने हो भने माई नगरपालिकाले आगामी आ. व. हरूमा पनि उल्लेख्य अनुदान प्राप्त गर्नसक्ने अवस्था छ ।

जनगणना २०७८ का अनुसार यस नगरपालिकाको आर्थिक रूपले सक्रिय जनसङ्ख्याको प्रतिशत ८०.४ रहेको छ भने कुनै न कुनै पेसामा सक्रिय सहितको जनसङ्ख्या रहेको आधारमा ६७.३७ प्रतिशत रोजगारी रहेका छन् । आर्थिक रूपमा आय आर्जनका रूपमा कृषि पशुपालन, व्यापार व्यवसाय र वैदेशीक रोजगार रहेका छन् । कृषि पेसामा आवद्ध परिवार मध्ये +वर्षभरि खानपुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार २० प्रतिशत रहेको छ । आफूले खाद्यान्न उत्पादन गरेर ६ महिनासम्म खान पुग्ने परिवारहरू २५ प्रतिशत छन् भने आफूले पान गरेको खाद्यान्नबाट ३ महिनामात्र खान पुग्ने परिवारहरू १५ प्रतिशत छन् । नगरपालिकाका जम्मा परिवार १० प्रतिशत परिवारले कृषि कार्यमा संलग्न छैनन् ।

स्रोत-प्रथम पञ्चवर्षीय आवधिक योजना आ.व.२०८१/०८२, माई नगरपालिका

### १.२.५ शैक्षिक अवस्था

माई नगरपालिकाले विद्यालय शिक्षालाई व्यवस्थित गर्नको लागि नगर शिक्षा नियमावली २०७४ र नगर शिक्षा ऐन २०७७ पारित गरी कार्यान्वयनमा ल्याएको छ । यस नगरपालिकाले स्थापना भएपश्चात नै समतामूलक गुणस्तरीय शिक्षामा जोड दिदै आएको छ । आव २०८१/८२ को नीति तथा कार्यक्रमले शिक्षा क्षेत्रमा तलका नीतिहरु लिएको छ ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अभिभावकहरूको स्वास्थ्य बिमालाई निरन्तरता दिइएको छ । विद्यालयको नियमित अनुगमन, शिक्षक, कर्मचारी, व्यवस्थापनलाई उपयुक्त तालिम दिई क्षमता विकास गर्दै आइरहेको छ । नमुना विद्यालय र अन्य प्राविधिक शिक्षालाई स्थापना गरी सञ्चालनको लागि पहल गर्ने प्रयत्न गरिएको छ ।

उच्च प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब समुदायका विद्यार्थीहरूको लागि छात्रवृत्ति उपलब्ध गराउदै आएको छ । विद्यालय शिक्षक तथा कर्मचारीहरूको लागि दरबन्दी व्यवस्थित गर्न संगठन तथा व्यवस्थापन (O and M) गरिएको छ । शिक्षक विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालयहरूमा विद्युतीय हाजिरी मेसिन जडान गरी विद्यालयमा शिक्षक उपस्थितिलाई व्यवस्थित गरिएको छ ।

यस नगरपालिकामा ४४ सामुदायिक विद्यालयहरू रहेका छन् । जसमा आधारभूत तहका ३४ र माध्यमिक तहका १० ओटा रहेका छन् । बालविकास केन्द्र ४९ ओटा रहेको छन् । प्राविधिक

धारतर्फ कम्प्यूटर इन्जिनियरिङको श्री कन्काई माध्यमिक विद्यालयमा सुरू भएको छ । यस नगरपालिकामा जम्मा संस्थागत विद्यालय १३ ओटा मध्ये ४ ओटा माध्यमिक तह, ९ ओटा आधारभूत तह र एउटा गुठी विद्यालय रहेका छन् । त्यसैगरी एउटा सामुदायिक क्याम्पस, ३ ओटा सामुदायिक सिकाइ केन्द्र र एउटा मन्टेश्वरी रहेका छन् ।

माई नगरपालिका भित्र रहेका सामुदायिक, संस्थागत, गुठी तथा मन्टेश्वरी विद्यालयका विद्यार्थी विवरण EMIS २०८१ अनुसार सामुदयिक तर्फ प्रारम्भिक बाल विकासमा छात्रा ३११ र छात्र ३१३ गरी जम्मा जम्मा ६२४ बालबालिका रहेका छन् । आधारभूत तह (कक्षा १-५) मा छात्रा ८३६ र छात्र ८१८ गरी जम्मा जम्मा १६५४ विद्यार्थी रहेका छन् । यसैगरी आधारभूत तह (कक्षा ६-८) मा छात्रा ५९४ र छात्र ५७४ गरी जम्मा जम्मा ११६८ विद्यार्थी रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) मा छात्रा ३६५ र छात्र ३४८ गरी  जम्मा जम्मा ८१३ विद्यार्थी रहेका छन् भने माध्यमिक तह (कक्षा ११-१२) मा छात्रा २४३ र छात्र २२६ गरी जम्मा जम्मा ४६९ विद्यार्थी रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालय तर्फ बालविकास देखि माध्यमिक तहसम्म जम्मा छात्रा २३४९ जम्मा छात्र २२७९ गरी कुल जम्मा ४६२८ विद्यार्थी अध्ययनरत देखिन्छन् ।

सामुदायिक विद्यालयका जनजाति विद्यार्थीतर्फ प्रारम्भिक बालविकासमा छात्रा २३० र छात्र २४६ गरी जम्मा जम्मा ४७६ बालबालिका रहेका छन् । आधारभूत तह (कक्षा १-५) मा छात्रा ६०३ र छात्र ६०९ गरी जम्मा जम्मा १२१२ विद्यार्थी रहेका छन् । यसै गरी आधारभूत तह (कक्षा ६-८) मा छात्रा ४०८ र छात्र ४३४ गरी जम्मा जम्मा ८४२ विद्यार्थी रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) मा छात्रा २७० र छात्र २३९ गरी जम्मा जम्मा ५०९ विद्यार्थी रहेका छन् भने माध्यमिक तह (कक्षा ११-१२) मा छात्रा १८५ र छात्र १४८ गरी जम्मा जम्मा ३३३ विद्यार्थी रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालय तर्फ बालविकास देखि माध्यमिक तहसम्म जम्मा छात्रा १६९६ जम्मा छात्र १६७६ गरी कुल जम्मा ३३७२ विद्यार्थी अध्ययनरत देखिन्छन् । यसै गरी सामुदायिक तर्फको दलित विद्यार्थी विवरण हेर्दा बालविकासमा जम्मा ५३ जना, आधारभूत तह (कक्षा १-५) मा जम्मा १६३ जना, आधारभूत तह (कक्षा ६-८) मा ११२ जना, माध्यमिक तह (कक्षा ९-१०) मा ६३ जना, माध्यमिक तह (कक्षा ११-१२) मा ६८ जना गरी जम्मा ४५९ विद्यार्थी अध्ययनरत देखिन्छन् ।

माई नगरपालिका भित्र रहेका संस्थागत विद्यालय तर्फ २०८१ अनुसार प्रारम्भिक बाल विकासमा छात्रा ३२० र छात्र २६२ गरी जम्मा जम्मा ६८२ बालबालिका रहेका छन् । आधारभूत तह (कक्षा १-५) मा छात्रा ४५६ र छात्र ४४६ गरी जम्मा जम्मा १००२ विद्यार्थी रहेका छन् । यसैगरी आधारभूत तह (कक्षा ६-८) मा छात्रा १३५ र छात्र १६८ गरी जम्मा जम्मा ३०३ विद्यार्थी रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) मा छात्रा ४० र छात्र ४५ गरी जम्मा जम्मा ८५ विद्यार्थी रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालय तर्फ बालविकासदेखि माध्यमिक तहसम्म जम्मा छात्रा ९५१ जम्मा छात्र ११२१ गरी कुल जम्मा २०७२ विद्यार्थी अध्ययनरत देखिन्छन् ।

संस्थागत विद्यालयमा जनजाति विद्यार्थीतर्फ प्रारम्भिक बालविकासमा छात्रा २२६ र छात्र २६७ गरी जम्मा जम्मा ४९३ बालबालिका रहेका छन् । आधारभूत तह (कक्षा १-५) मा छात्रा ३२३ र छात्र ३८४ गरी जम्मा जम्मा ७०७ विद्यार्थी रहेका छन् । यसैगरी आधारभूत तह (कक्षा ६-८) मा छात्रा ९२ र छात्र १०९ गरी जम्मा जम्मा २०१ विद्यार्थी रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) मा छात्रा २७ र छात्र ३२ गरी जम्मा जम्मा ५९ विद्यार्थी रहेका छन् । यसरी हेर्दा संस्थागत विद्यालय तर्फ बालविकास देखि माध्यमिक तहसम्म जम्मा छात्रा ६६८ जम्मा छात्र ७९२ गरी कुल जम्मा १४६० विद्यार्थी अध्ययनरत देखिन्छन् । यसै गरी संस्थागत तर्फको दलित विद्यर्थी विवरण हेर्दा बालविकासमा जम्मा ६६ जना, आधारभूत तह (कक्षा १-५) मा जम्मा ९५ जना, आधारभूत तह (कक्षा ६-८) मा २० जना, माध्यमिक तह (कक्षा ९-१०) मा ०३ जना, गरी जम्मा १८४ विद्यार्थी अध्ययनरत देखिन्छन् ।

माई नगरपालिकामा एउटा मात्र गुठी विद्यालय रहेको छ । यस गुठीमा बालविकासदेखि कक्षा १० सम्म छात्राको सङ्ख्या २६ र छात्रको सङ्ख्या ४८ गरी जम्मा ७४ जन विद्यार्थी अध्ययरत देखिन्छन् । यस्तै एउटा मन्टेश्वरी छ, यसमा ६ छात्रा र १२ छात्र रहेका छन् ।

यसरी हेर्दा माई नगरपालिमाई नगरपालिकाको कुल विद्यार्थी विवरण निम्नानुसार रहेको पाइन्छ :

रू

| क्र.सं. | तह | सामुदायिक | संस्थागत | गुठी | मन्टेश्वरी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ECD | ६२४ | ६८२ | २८ | १८ | १३५२ |
| २ | आधारभूत (१-५) | १६५४ | १००२ | ३२ | ० | २६८८ |
| ३ | आधारभूत (६-८) | ११६८ | ३०३ | ११ | ० | १४८२ |
| ४ | माध्यमिक (९-१०) | ८१३ | ८५ | ३ | ० | ९०१ |
| ५ | माध्यमिक (११-१२) | ४६९ | ० | - | ० | ४६९ |
| | जम्मा | ४६२८ | २०७२ | ७४ | १८ | ६८९२ |

माई नगरपालिका जम्मा ३१५ जना शिक्षक कर्मचारी कार्यरत छन । ती मध्ये बालविकास शिक्षक ४९ जना, छन् । आधारभूत कक्षा १-५ मा १८६ शिक्षक, आधारभूत कक्षा ६-८ मा ३३ गरी आधारभूत तहमा जम्मा २१९ जना र मावि ९ र १० मा १८ जना र ११ र १२ मा ३ जना गरी माध्यमिक तहमा २१ जना शिक्षक रहेका छन् । यसै गरी आधारभू तह कक्षा १-८ मा सङ्घीय अनुदानमा ५ शिक्षक र माध्यमिक (कक्षा ९-१०) मा १७ जना शिक्षक अनुदानमा कार्यरत छन् । प्राविधिक धारतर्फ (कक्षा ९-१०) मा २ जना प्रशिक्षक र २ जना सहायक प्रशिक्षक गरी ४ जना कार्यरत छन् । सबै गरी ५० जना विद्यालय कर्मचारी कार्यरत छन् ।

नगरपालिका कार्यरत शिक्षक तथा कर्मचारीमा बालविकास ४९ जना, आधारभूत कक्षा १-५ मा १८६

आधारभूत कक्षा ६-८ मा ३३ गरी आधारभूत तहमा जम्मा २१९ जना र मावि ९ र १० मा १८ जना र ११ र १२ मा ३ जना गरी माध्यमिक तहमा २१ जना रहेका छन् । साथै विद्यालय कर्मचारी ५० का छन् ।

माई नगरपालिकाको स्थापनासँगै शिक्षामा जोड दिई हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै लगिएको छ । विद्यालय शिक्षालाई गहन रूपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चितता एक मुख्य चुनौतिको विषय रहेको छ । CEHRD Flash Report २०८१ को आधारमा केहि शैक्षिक तथ्याङ्कलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

| | | |
|---|---|---|
| इसिडिको कुल भर्नादर | छात्रा | १२४.३ |
| | छात्र | ८७.७ |
| | जम्मा | १०२.४ |
| इसिडिको खुद भर्नादर | छात्रा | ८४.७ |
| | छात्र | ६३ |
| | जम्मा | ७१.७ |
| कुल भर्नादर कक्षा १ | छात्रा | ११४.७ |
| | छात्र | १२६.२ |
| | जम्मा | १२०.४ |
| खुद भर्नादर कक्षा १ | छात्रा | ९५.१ |
| | छात्र | ९५.१ |
| | जम्मा | ९५.१ |
| कुल भर्नादर कक्षा १ - ५ | छात्रा | १०९.७ |
| | छात्र | ११० |
| | जम्मा | १०९.८ |
| खुद भर्नादर कक्षा १ - ५ | छात्रा | ९४.७ |
| | छात्र | ९६.४ |
| | जम्मा | ९५.६ |
| कुल भर्नादर कक्षा ६ - ८ | छात्रा | ११४ |
| | छात्र | ११८.१ |
| | जम्मा | ११६ |

| | | |
|---|---|---|
| खुद भर्नादर कक्षा ६ - ८ | छात्रा | ९२.६ |
| | छात्र | ९३.६ |
| | जम्मा | ९३.१ |
| कुल भर्नादर कक्षा १ - ८ | छात्रा | १११.२ |
| | छात्र | ११२.७ |
| | जम्मा | ११२ |
| खुद भर्नादर कक्षा १ - ८ | छात्रा | ९५.४ |
| | छात्र | ९४.७ |
| | जम्मा | ९४.१ |
| कुल भर्नादर कक्षा ९ - १० | छात्रा | ९४.१ |
| | छात्र | ९२ |
| | जम्मा | ९३ |
| खुद भर्नादर कक्षा ९ - १० | छात्रा | ८५.८ |
| | छात्र | ८३.४ |
| | जम्मा | ८४.६ |
| कुल भर्नादर कक्षा ११ - १२ | छात्रा | ४२.१ |
| | छात्र | ७२.१ |
| | जम्मा | ५२.६ |
| खुद भर्नादर कक्षा ११ - १२ | छात्रा | २७.१ |
| | छात्र | ३०.७ |
| | जम्मा | २८.४ |
| कुल भर्नादर कक्षा ९ - १२ | छात्रा | ६४ |
| | छात्र | ८३.६ |
| | जम्मा | ७२.३ |
| खुद भर्नादर कक्षा ९ - १२ | छात्रा | ५१.८ |
| | छात्र | ६१.१ |
| | जम्मा | ५५.७ |
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ८५.४ |
| | छात्र | ८३.१ |
| | जम्मा | ८४.२ |

| तह | लिङ्ग | दोहोऱ्याउने दर | छोड्ने दर | उतिर्ण दर |
|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | ५.१ | ५.४ | ८९.५ |
| | छात्र | ६.१ | ७ | ८६.९ |
| | जम्मा | ५.७ | ६.२ | ८८.१ |
| कक्षा ६- ८ | छात्रा | ६.४ | ५.२ | ८८.४ |
| | छात्र | ७ | ५.९ | ८७ |
| | जम्मा | ६.७ | ५.६ | ८७.७ |
| कक्षा ९- १० | छात्रा | ४ | ५.४ | ९०.६ |
| | छात्र | ८.१ | ७.९ | ८४ |
| | जम्मा | ६ | ६.७ | ८७.३ |

यसरी तथ्याङ्कलाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास केन्द्रको खुद भर्ना दर ७२.५ रहेको छ अझै पनि २७.५ प्रतिशत बालबालिकाहरू विद्यालयमा भर्ना हुन सकेका देखिदैनन् । त्यसैगरी आधारभूत तहमा ३.९ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । कक्षा ८ सम्मको टिकाउदर हेर्दा पनि १३.२% विद्यार्थी टिकाउ हुन नसेको देखिन्छ । त्यसैगरी दोऱ्याउने दर र छोड्ने दर पनि उच्च देखिन्छ । साथै समयमा भर्ना नहुने कुराको तथ्य पनि कुल भर्ना दरले देखाएको छ । यसरी हेर्दा प्रणालीगत सक्षमतामा पनि सुधारको क्षेत्र देखिएका छन् ।

माई नगरपालिकामा हालको कक्षागत सिकाइ औषत उपलब्धि कक्षा ५ को २.८७ देखिन्छ । यसैगरी कक्षा ८ को २.९८ र कक्षा १० को १.८५ रहेको छ ।

स्रोतः EMIS २०८०

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौति

### समस्या

प्रमुख समस्याहरूमा विद्यालय शिक्षामा सवै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूरूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपर्युक्त भौतिक पुर्वाधारको विकास हुन नसक्नु, विद्यालय जाने उमेरका सबै बालबालिकाहरूको भर्ना गर्न नसक्नु, दिवा खाजा मापदण्ड बमोजिम कार्यान्वयन गर्न नसक्नु, तालिम प्राप्त शिक्षकले

प्राप्त गरेका ज्ञान सिप र दक्षता पुर्ण रूपमा कार्यान्वयन गर्न नसक्नु, अंग्रेजी विज्ञान र गणित शिक्षकको अभाव, दरबन्दी पुनर्वितरण गर्न नसक्नु, सिकाइ उपलब्धि कमजोर हुनु, विद्यार्थी टिकाउन गर्न सक्नु, विद्यालय नक्साङ्कन गर्न नसक्नु, शिक्षक विद्यार्थी अनुपात मिलाउन नसक्नु, विद्यालयमा तहगत र विषयगत शिक्षकको कमी, आन्तरिक स्रोत जुटाउन नसक्नु, शिक्षामा पर्याप्त लगानी गर्न नसक्नु, विज्ञ जनशक्ति परिचालनको अभावमा विद्यालयको नियमित अनुगमन गर्न नसक्नु, शिक्षकको पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्न नसक्नु, सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु, शिक्षालाई प्रविधिसँग जोड्न नसक्नु र प्रविधिको अभाव रहेका छन् ।

### मुख्य चुनौति

प्रमुख चुनौतिहरूमा सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा समावेश गर्नु, सिकाइका लागि न्यूनतम वातावरण सुनिश्चित गर्नु, सबै बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु, स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन हुनु, समावेशी सिकाइ वातावरण सुनिश्चित गर्नु जस्ता रहेका छन् ।

ख. शिक्षा क्षेत्रको चुनौतिको SWOT विश्लेषण

| सवल पक्ष | सुधारात्मक पक्ष |
|---|---|
| ➡ सबै विद्यालयहरूमा प्रारम्भिक बालविकास कक्षा स्थापना हुनु<br>➡ अधिकांश बालविकास शिक्षक योग्यता पुगेका हुनु<br>➡ विद्यालय शिक्षाका लागि तीनै ओटै सरकारबाट आर्थिक प्राविधिक सहयोग प्राप्त हुनु<br>➡ आधारभूत तह कक्ष १-५ का लागि आवश्यक शिक्षक दरबन्दी प्राप्त हुनु<br>➡ पाठ्क्रम, पाठ्यपुस्तक र विभिन्न शैक्षिक सामग्रीहरू आदि उपलब्ध हुनु<br>➡ सबै कक्षामा अधिकांश बालबालिकाहरू तोकिएको उमेर समूहका हुनु | ➡ विद्यालयको व्यवस्थापन, अनुगमन, विद्यार्थीको सिकाइ सामग्री, खाजा आदि पक्षमा वि.व्य.स. र अभिभावकको न्यून सहभागिता हुनु<br>➡ तोकिएका उमेर समूहका केही प्रतिशत बालबालिका विद्यालय बाहिर हुनु<br>➡ विद्यालयमा भर्ना हुने केही बालबालिका तोकिएको भन्दा फरक उमेर समूहका हुनु<br>➡ विषयगत शिक्षक दरबन्दी कम हुनु<br>➡ कक्षाकोठाको भौतिक व्यवस्थापन सहज र कम आकर्षक हुनु<br>➡ बालबालिकामैत्री शौचालय र शुद्ध पिउनेपानी अपर्याप्त हुनु<br>➡ अधिकांश विद्यालयमा सूचना प्रविधिको पहुँच कम हुनु |

| अवसर | चुनौति |
|---|---|
| ➡ संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु,<br>➡ शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्नु,<br>➡ स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,<br>➡ तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,<br>➡ सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,<br>➡ माई नगर शिक्षा ऐन र नियमावली निर्माण भई कार्यान्वयनमा हुनु,<br>➡ स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन धर्म संस्कृति, व्यावहारिक सिप, सामाजिक समस्या र चुनौति सम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनमा हुनु,<br>➡ स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिको संरक्षण र प्रवर्धन हुनु,<br>➡ वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकार स्थापित हुनु,<br>➡ विद्यालय शिक्षा व्यवस्थित गर्न शिक्षा ऐन २०७७ र नियमावली २०७४ बन्नु,<br>➡ पालिकाबाट शिक्षा क्षेत्रमा १२.१५ प्रतिशत बजेट विनियोजन हुनु | ➡ सबै विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाउन,<br>➡ ECD मा हालको फरक उमेर समूहका बालबालिकाको भर्ना प्रवृत्तिलाई कम गर्न<br>➡ कक्षा एक, दुई र तीनमा कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दरमा सुधार गर्ने,<br>➡ बालबालिकाको उमेर, भर्ना, अध्ययन र सिकाइ बीच उपयुक्त तालमेल गर्ने,<br>➡ आधारभूत तथा माध्यमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन,<br>➡ शिक्षक कर्मचारीले सेवाकालीन तालिमको अवसर प्रदान गर्ने,<br>➡ तालिममा सिकेका कुरा सिकाइ सहजीकरणमा प्रभावकारी कार्यान्वयन गर्ने,<br>➡ सबै विद्यालयमा कम्प्युटर र विज्ञान प्रयोगशालाको व्यवस्थापन गर्ने,<br>➡ तहगत तथा विषयगत शिक्षकहरूको व्यवस्थापन गर्ने,<br>➡ स्वच्छ पिउने पानी र शौचालयको व्यवस्थापन गर्ने,<br>➡ सामुदायिक विद्यालयमा विद्यार्थी टिकाउन,<br>➡ विद्यालयमा प्रोक्सि कक्षा व्यवस्थापन गर्ने,<br>➡ सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर बढाउन,<br>➡ विद्यालय र समुदायबीचको सम्बन्ध सुधार गर्ने,<br>➡ विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, |

## १.३ शिक्षा क्षेत्रका अवसर

अवसरका रूपमा संवैधानिक तथा कानुनी आधार प्राप्त हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्न, तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ, विद्यालय शिक्षा व्यवस्थित गर्न शिक्षा ऐन २०७७ र माई नगर शिक्षा नियमावली २०७४ बनेको छ । माई नगरपालिकाले शिक्षा क्षेत्रमा १२.१५ प्रतिशत बजेट विनियोजन हुनु रहेका छन् ।

## १.४ शिक्षा योजना निर्माणको प्रक्रिया

- माई नगरपालिकाको १५ औँ नगरसभाबाट आ.व. २०८१/०८२ को लागि नगर शिक्षा योजना निर्माणमा बजेट विनियोजन (सभाबाट प्रस्तुतः मिति २०८१ असार १०)
- सभाबाट स्विकृत मितिः२०८१ असार १०
- नगर शिक्षा समितिले नगर शिक्षा योजना लेखन कार्यदल गठनः मिति २०८१ भाद्र २७
- जनप्रतिनिधि, बुद्धिजीवी, सरोकारवाला, कर्मचारी, सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरू बिच बृहत अन्तर्क्रियाः मितिः२०८१पौष ८ गते
- लेखन कार्यदललाई विज्ञद्वारा अभिमूखीकरण : मितिः२०८१पौष ८,९ र १० गते
- नगर शिक्षा योजना लेखन कार्यदलले तीब्र गतिमा लेखन कार्य सुरूः पौष, माघ, फागुन–वैशाख, जेठ, असार ।
- नगर शिक्षा योजना ढाँचा निर्माण प्राविधिक उपसमितिः मिति २०८२ वैशाख २८
- कार्यक्रम, लक्ष्य र अनुमानित बजेट निर्धारण कार्यदलः मिति २०८२ जेठ ०५
- नगर शिक्षा योजना मस्यौदा सम्पादन समितिः मिति २०८२ जेठ १३
- बाह्य विज्ञसँग छलफल तथा पृष्ठपोषण सहित आवश्यक सुझावः मिति २०८२ जेठ ३०
- नगर शिक्षा लेखन कार्यदल तथा सम्पादन समितिद्वारा समितिमा पेश : मितिः २०८२ असार ०७
- छपाईका लागि शिक्षा समितिद्वारा कार्यपालिकामा पेश गर्ने निर्णय मितिः २०८२ असार ०७
- कार्यपालिकाबाट छपाईका लागि निर्णयः मिति २०८२ असार ०९

परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माणका आधार

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सङ्घीय स्वरुपको व्यवस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ । राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरूका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्रभित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उद्देश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यकता र परिवेशअनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दीर्घकालीन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीको अभिप्राय, सन् २०३० सम्मको दीगो विकास लक्ष्य नगरपालिकाको वार्षिक शिक्षा नीति तथा कार्यक्रमहरू, पालिकाको आवधिक योजना लगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निर्माण गरेको छ ।

## २.२ दूरदृष्टि

'माई नगरपालिकाको इच्छा, समतामूलक प्रविधिमैत्री, जीवनोपयोगी र गुणस्तरीय शिक्षा'

## २.३ लक्ष्य

सबैका लागि समतामूलक, सिपयुक्त, जीवनोपयोगी र गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, प्रतिस्पर्धी र उत्पादनशील नागरिक तयार गर्ने ।

## २.४ उद्देश्य

- विद्यालय तहमा सबै बालबालिकाको पहुँचमा वृद्धि गर्नु,
- विद्यालयको सिकाइ वातावरणमा सुधार गर्नु,
- विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु,
- विद्यालय नेतृत्वको पारदर्शिता, सुशासन, उत्तरदायित्व र जवाफदेहितामा अभिवृद्धि गर्नु,
- अनौपचारिक शिक्षा तथा जीवनपर्यान्त सिकाइका अवसरलाई विस्तार गर्नु,

- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु,
- विद्यालयको संस्थागत र संरचनागत विकास गर्नु ।
- स्थानीय / मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक समयसापेक्ष परिमार्जन र लागु गर्नु,
- शिक्षामा लगानी वृद्धि गरी बजेट र कार्यक्रमको सुनिश्चितता गर्नु,

## २.५ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| विद्यालय तहमा सबै बालबालिकाको पहुँचमा वृद्धि गर्नु । | ➡ नक्साङ्कनको आधारमा विद्यालय स्थापना र समायोजन गर्ने ।<br>➡ भर्ना अभियानलाई सशक्त र सबल बनाउने ।<br>➡ छात्रवृति, पोसाक, सिकाइ सामग्री वितरण लगायतका प्रोत्साहनका कार्यक्रम लागु गर्ने ।<br>➡ प्याकेज निर्माण गरी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>➡ विशेष अवस्थाका विद्यार्थीका लागि घरमै सिकाइ सहजीकरणको व्यवस्था मिलाउने । |
| विद्यालयको सिकाइ वातावरणमा सुधार गर्नु । | ➡ विद्यालयको अवस्था पहिचान गरी विद्यालय सुधार योजनामा आधारित भई प्रस्तावनाको आधारमा विद्यालय सिकाइ वातावरण सुधार कार्यक्रम लागु गर्ने ।<br>➡ बालविकास कक्षाकोठालाई मन्टेश्वरी संरचना अनुसारको सबलीकरण गर्ने ।<br>➡ सबै कक्षाकोठालाई छापामय बनाउने ।<br>➡ साथी सिकाइ समूह निर्माण गरी परिचालन गर्ने ।<br>➡ वातावरणीय स्वच्छताका लागि विद्यालयमा फूलबारी निर्माण गर्ने ।<br>➡ पढाइसँगै सहक्रियाकलापलाई सञ्चालन गर्न जोड दिने ।<br>➡ दिवा खाजालाई पोषणयुक्त र व्यवस्थित गर्ने<br>➡ शिक्षक कर्मचारी दरबन्दी पुनरावलोकन गरी आवश्यक दरबन्दी सिर्जना गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु । | ➡ कक्षागत सिकाइ उपलब्धिको मापदण्ड सार्वजनिक गर्ने र सो सम्बन्धमा सरोकारवालालाई सचेतना गर्ने ।<br>➡ शिक्षकलाई आफूले पठनपाठन गरेको विषयमा जिम्मेवार बनाउन कार्यसम्पादन सम्झौता गर्ने ।<br>➡ शिक्षकको पेसागत विकास र सहयोग लागि वार्षिक रूपमा प्रमाणीकरण तालिम, शिक्षक मेन्टरिङ, छोटो अवधिको कस्टमाइज्ड तालिम, कार्यमूलक अनुसन्धान जस्ता तालिम सञ्चालन गर्ने ।<br>➡ सिकाइ सञ्जाल, सहपाठी कक्षा अवलोकन तथा सहपाठी सिकाइ, स्वमूल्याङ्कन र विज्ञ समूह निर्माण गरी परिचालन गर्ने ।<br>➡ शिक्षण सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको उचित व्यवस्थापन र प्रयोगमा जोड दिने ।<br>➡ विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी त्यसलाई शिक्षक, विद्यालय, विद्यालयको प्रोत्साहन कार्यक्रममा सहभागी गर्ने ।<br>➡ सिकाइमा सूचना र प्रविधिको अधिकतम् प्रयोग गर्ने ।<br>➡ उत्कृष्ट उपलब्धि हासिल गर्ने विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गर्ने ।<br>➡ कक्षा ५, ८ र ११ को बाह्य मूल्याङ्कनमा नगरपालिका भरी एकरूपता ल्याउने ।<br>➡ स्वयम्सेवक, खेल, संगीत आदि विधागत शिक्षक व्यवस्था गरी परिचालन गर्ने ।<br>➡ स्रोत शिक्षक समूह निर्माण गरी रित्त कक्षा व्यवस्थापन गर्ने<br>➡ कक्षा ८, १० र १२ का विद्यार्थीहरूको लागि अतिरित्त कक्षा व्यवस्थापन गर्ने ।<br>➡ शिक्षक बैङ्कको स्थापना गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| विद्यालय नेतृत्वको पारदर्शिता, सुशासन, उत्तरदायित्व र जवाफदेहितामा अभिवृद्धि गर्नु । | ➡ प्रतिष्पर्धाका आधारमा प्रअको छनोट गर्ने ।<br>➡ विव्यस, शिअसं, सामाजिक परीक्षण समिति, स्टाफ बैठक अभिभावक भेला जस्ता कार्यलाई नियमित र क्रियाशील बनाउने ।<br>➡ विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई समय सीमा भित्र सम्पन्न गर्ने कार्यका आधारमा अनुदान तथा कार्यक्रम वितरण गर्ने ।<br>➡ विद्यालय स्थापना दिवस मनाउने र सो अवसरमा जग्गादाता, चन्दादाता र विद्यालयलाई योगदान गर्ने व्यक्तिहरूलाई सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।<br>➡ विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा 'एक विद्यालय एक अक्षयकोष' कार्यक्रम लागु गर्ने ।<br>➡ शैक्षिक गुणस्तर सुधार गर्न पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्ने ।<br>➡ आवधिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।<br>➡ कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन तयार गरी सार्वजनीकरण गर्ने ।<br>➡ शिक्षक छनौट प्रक्रियालाई सहज र व्यवस्थित गर्न विज्ञ शिक्षकको सूचीकरण गर्ने । |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यान्त सिकाइका अवसरलाई विस्तार गर्नु । | ➡ सामुदायिक सिकाइ केन्द्रलाई कार्ययोजनाका आधारमा बजेट व्यवस्था गरी निरन्तर सिकाइ तथा जीवनपर्यान्त शिक्षाका लागि जिम्मेवारी दिने ।<br>➡ माध्यमिक तहका विद्यार्थीलाई स्वयम्सेवक कार्यक्रममा सहभागी गराई अनौपचारिक तथा निरन्तर सिकाइका कार्यक्रम सञ्चालन गर्ने । |
| आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु । | ➡ संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी सिकाइलाई नियमिता दिने ।<br>➡ विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक |

| उद्देश्य | रणनीति |
|---|---|
| | सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थितिको आङ्कलन गरी पालिका स्तरमा डिजिटल सामग्री तयार गरी भण्डारण गर्ने । |
| विद्यालयको संस्थागत र संरचनागत विकास गर्नु । | ➡ प्रत्येक विद्यालयले सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षण सम्पन्नताका आधारमा प्रोत्साहन गर्ने ।<br>➡ उत्कृष्ट नतिजा एवम् सिकाइ उपलब्धि प्राप्त गरेका विद्यार्थीका अभिभावक तथा शिक्षक, विद्यार्थी र संस्थागत पदाधिकारीका लागि सम्मान कार्यक्रम सञ्चालन गर्ने ।<br>➡ विद्यालय, वडा र नगर तहमा रहेका संस्थागत सरोकारवालाहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>➡ कार्य सम्पादनका आधारमा विद्यालय, प्र.अ.लाई प्रोत्साहन गर्ने ।<br>➡ टोलस्तरीय अभिभावक समूह निर्माण र परिचालन गर्ने । |
| स्थानीय पाठ्यक्रम/मातृभाषाका पाठ्यक्रमको समयसापेक्ष परिमार्जन र लागु गर्नु । | ➡ विद्यालयमा राई, लिम्बू, मगर, तामाङ जस्ता मातृभाषा पठनपाठनका लागि विद्यालय स्थापना गर्ने ।<br>➡ हाम्रो माईनगर कक्षा १-३ को पाठ्यपुस्तक तयार गरी लागु गर्ने ।<br>➡ स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रबोधीकरण गर्ने ।<br>➡ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक 'हाम्रो माई नगर' को समयसापेक्ष परिमार्जन गर्ने । |
| शिक्षामा लगानी वृद्धि गरी बजेट र कार्यक्रमको सुनिश्चितता गर्नु । | ➡ शिक्षा क्षेत्रमा न्यूनतम २० प्रतिशत बजेटको प्रबन्ध गर्ने ।<br>➡ लगानी वृद्धि गर्न थप स्रोतको पहिचान गर्ने ।<br>➡ सङ्घ र प्रदेश सरकारसँग लगानी वृद्धिका लागि समन्वय र सहकार्य गर्ने । |

## २.६ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

४. नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुने ।

५. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

७. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार भएको हुने ।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग भएको हुने ।

१०. आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुने ।

११. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

१२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग भएको हुने ।

१३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा इच्छुक नागरिकको सहजै पहुँच पुगेको हुने ।

१४. उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक पर्ने सहयोग र समन्वय प्राप्त भएको हुने ।

१५. अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त भएको हुने ।

१६. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक भएको हुने ।

१७. विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र निरन्तर सहयोगको अवसर प्राप्त भएको हुने ।

१८. संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसंगत ढङ्गले नियमन गरिएको हुने ।

१९. सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन भएको हुने ।

२०. नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पूनर्वितरण तथा समायोजन भएको हुने ।

२१. सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास र शिक्षामा मन्टेश्वरी पद्धति विकास गर्नु ।

२.७ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८३ | ०८५ | ०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | माई न.पा. | १०२.४ | १०१ | १०० | १०० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | माई न.पा. | ७१.७ | ७५ | ८० | ८५ | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | माई न.पा. | ७०.२ | ७५ | ८० | ८५ | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ – ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद भर्ना दर(%) | माई न.पा. | ९५ | ९७ | ९८ | ९९ | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल भर्ना दर(%) | माई न.पा. | १२०.४ | ११६ | १११ | १०८ | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १–५) मा खुद भर्नादर (%) | माई न.पा. | ९५.६ | ९७ | ९८.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १–५) मा कुल भर्नादर (%) | माई न.पा. | १०९.८ | १०७ | १०५ | १०३ | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद भर्ना दर (%) | माई न.पा. | ७१ | ७४ | ७६ | ७८ | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष ०८१ | ०८३ | ०८५ | ०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल भर्ना दर (%) | | माई न.पा. | ११२ | ११० | १०८ | १०८ | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | | माई न.पा. | ८७.१ | ९० | ९३ | ९५ | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर (%) | | माई न.पा. | ९४.१ | ९५ | ९६ | ९७ | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्नादर (%) | | माई न.पा. | १२३ | १२१ | ११९ | ११७ | |
| २.१० | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउदर (%) | | माई न.पा. | ८४.२ | ८६ | ८८ | ९० | |
| २.११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | | माई न.पा. | ८२.४ | ८४ | ८६ | ८८ | |
| २.१२ | कक्षा ८ मा C भन्दा माथिको ग्रेड हासिल गर्ने विद्यार्थी (%) | नेपाली भाषा | माई न.पा. | ८४.१९ | ८५ | ८६ | ८८ | |
| | | गणित | माई न.पा. | ७६.५२ | ७७ | ७८ | ७९ | |
| | | विज्ञान | माई न.पा. | ८५.१० | ८६ | ८७ | ८८ | |
| | | अङ्ग्रेजी | माई न.पा. | ८४.८७ | ८६ | ८७ | ८८ | |
| २.१३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | | माई न.पा. | २९ | ३० | ३१ | ३२ | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | | माई न.पा. | ५५.८ | ६० | ६५ | ७५ | ८५ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | | माई न.पा. | ८०.६ | ९० | ९५ | ९७ | १०० |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा स्थानान्तरण दर (%) | | माई न.पा. | ८९ | ९० | ९२ | ९४ | ९६ |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१ | ०८३ | ०८५ | ०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | माई न.पा. | ६८.३ | ७१ | ७५ | ८० | ९० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | माई न.पा. | ४०.६ | ४५ | ५० | ५५ | ६० |
| ४. | **सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ४.१ | आधारभूत तह (कक्षा १-५) मा | | | | | | |
| | विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | माई न.पा. | ८.९ | ८ | ८ | ८ | ८ |
| ४.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | माई न.पा. | ३७.५ | ३५ | ३० | २८ | २५ |
| ४.३ | माध्यमिक तह (कक्षा ११-१२) मा विद्यार्थी:शिक्षक अनुपात | माई न.पा. | ८२.७ | ७९ | ७५ | ७० | ६५ |
| ५. | **शिक्षामा लगानी** | | | | | | |
| ५.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | माई न.पा. | १३ | १४.५ | १६ | १८ | |

# परिच्छेद ३
## शिक्षाका मुख्य उपक्षेत्र

परिच्छेद-६ मा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रको अवस्था प्रस्तुत गरिएको छ । प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक शिक्षासम्मको वर्तमान स्थिति, उद्देश्य, उपलब्ध हुने नतिजा र यसका लागि अपनाइने रणनीतिहरू उल्लेख गरिएको छ । यस योजनामा समावेश गरिएका उपक्षेत्रमाः (क) प्रारम्भिक बालविकास शिक्षा र विकास (ख) आधारभूत शिक्षा (ग) माध्यमिक शिक्षा (घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ पर्दछन् । माई नगर शिक्षा योजना (२०८१/०८२ - २०९१/०९२) मा प्रत्येक उपक्षेत्रका लागि निम्नानुसारका अपेक्षित उपलब्धि र लक्ष्यहरू तय गरिएको छः

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउने आधारभूत कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका (४८ देखि ६० महिनाका) बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक तथा बौद्धिक पक्षको सर्वाङ्गिण पक्षको विकासमा सहयोग पुऱ्याउँछ ।

यस कार्यक्रमले बालबालिकालाई कक्षा एकमा प्रवेश गर्न आवश्यक पर्ने सिकाइ सिपको विकास गराउँदछ । नेपालमा प्रारम्भिक बालविकास शिक्षा उपक्षेत्र अन्तर्गत विभिन्न ढाँचाका कार्यक्रम सञ्चालन भइरहेका छन् । जस्तै : प्रारम्भिक बालविकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा, समुदाय/ घरमा आधारित शिक्षा आदि । नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा शिक्षा सम्बन्धी ऐन- २०७५, राष्ट्रिय शिक्षा नीति -२०७६, र पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका लागि कार्यक्रमहरू सुनिश्चित गरेको छ । प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (सन् २०२०-२०३०) ले प्रारम्भिक बाल शिक्षादेखि कक्षा तीनसम्मका बालबालिकाको विकास र सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ । उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १मा भर्ना हुने बालबालिकाका लागि अनिवार्य रूपमा एकवर्षको बालविकास शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयन हुनुपर्ने कुरा विद्यालय शिक्षा क्षेत्र योजनामा समावेश गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

माई नगरपालिकामा तत्कालीन बालविकास बोर्ड अन्तर्गत वितरण गरिएका जम्मा ३४ ओटा प्रारम्भिक बालविकास केन्द्र रहेका छन् । माई नगरपालिका कार्यपालिकाको कार्यालयबाट अनुदान पाउने गरी १५ पूर्व प्राथमिक कक्षा सञ्चालनमा छन् । यी मध्ये एउटा समुदायमा र अरू सबै

समुदायिक विद्यालय आधारित भएर सञ्चालन भइरहेका छन् । शैक्षिक तथ्याङ्क अनुसार वि. सं. २०७९ मा ६६५ वि. सं. २०८० मा ६२८ र वि. सं. २०८१ मा ६२४ जना बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएको देखिन्छ । यसरी हेर्दा यस तहको विद्यार्थी भर्नादर १०२.४ प्रतिशत पुगेको छ । पहुँच तथा सहभागिताका हिसाबले प्रारम्भिक बाल शिक्षा र विकासको अवस्था सन्तोषजनक देखिए पनि केन्द्रको स्थापन र विकासका लागि धेरै काम गर्नुपर्ने अवस्था छ ।

प्रारम्भिक बाल शिक्षा तथा विकासको अवस्थालाई तथ्याङ्कीय रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सि.नं | विवरण | सामुदायिक |
|---|---|---|
| १ | बालविकास केन्द्र सङ्ख्या | ४९ |
| २ | विद्यार्थी सङ्ख्या | ६२४ |
| ३ | केन्द्र र विद्यार्थी अनुपात | १२.७ |
| ४ | कुल भर्नादर | १०२.४ |
| ५ | खुद भर्नादर | ७१.७ |
| ६ | सरकारी अनुदानको प्रारम्भिक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | १५ |
| ७ | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | १२ |
| ८ | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | २ |

**नगरपालिकाका वडागत रूपमा प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्याः**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाविके | ४ | ५ | ३ | ५ | ८ | ६ | ३ | ६ | ४ | ५ | ४९ |
| विद्यार्थी | ४६ | ६७ | ३३ | ७५ | ११८ | ४७ | ६६ | ५६ | ३८ | ७८ | ६२४ |

### ३.१.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमका लागि निम्न अनुसारका उद्देश्य लिएको छ :

१. प्रारम्भिक बालविकास र शिक्षाका लागि तोकिएको उमेरका सबै बालबालिकाहरूको पहुँच तथा सहभागिताको सुनिश्चित गर्नु ।

२. प्रारम्भिक बालविकास र शिक्षामा सहभागी सबै (४८ देखि ६० महिनाका) बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक तथा बौद्धिक पक्षको सर्वाङ्गिण विकासको सुनिश्चित गर्नु ।

३. न्यूनतम् मापदण्ड पुगेको आकर्षक भौतिक व्यवस्थापन र तालिमप्राप्त जनशक्तिको व्यवस्था गर्नु ।

४. सबै बालबलिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४ रणनीति

प्रारम्भिक बालविकास र शिक्षाको पहुँच, सहभागिता, गुणस्तर र सर्वाङ्गिण विकासको सुनिश्चित गर्न निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकताका आधारमा नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।

२. प्रारम्भिक बालविकास केन्द्रको वातावरण शान्त, भयरहित र सुरक्षित राख्न प्रबन्ध गर्ने ।

३. प्रदेश सरकारसँग समन्वय गरी सबै बालविकासका शिक्षकलाई तालिम दिई पेसागत दक्षतामा वृद्धि गर्ने ।

४. प्रारम्भिक बालविकास केन्द्रको सिकाइलाई विश्वासिलो र भरपर्दो बनाउन पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था, बालमैत्री र समावेशी शैक्षिक वातावरण निर्माणमा जोड दिने ।

५. प्रारम्भिक बालविकास केन्द्रको न्युनतम भौतिक मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

६. बालबालिकाको स्वास्थ्य र पोषणको सुरक्षाका लागि दिवाखाजालाई स्थानीय उत्पादनसँग जोडेर सन्तुलित र गुणस्तरीय बनाउने ।

७. सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय र सहकार्य गरी शुद्ध पिउने पानी, सरसफाइ, स्वच्छता नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने ।

८. प्रारम्भिक बालविकास केन्द्रका बालबालिकामा व्यक्तिगत तथा सामाजिक सिपको विकासका लागि समूह सिकाइ अभ्यासको प्रवर्धन गर्ने ।

९. बालबालिकाको भाषिक सिप र सञ्चार सिपको विकासका लागि मातृभाषामा समेत जोड दिने ।

१०. बालविकास शिक्षकसँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सूचकका आधारमा पुरस्कारणको कार्यक्रम लागु गर्ने ।

११. एक वडा एक नमूना बालउद्यान निर्माण गरी बालबालिकाको सिकाइ, मनोरञ्जन र संवेगात्मक विकासमा सहयोग पुऱ्याउने ।

१२. एक टोल एक आमा समूह बनाई बालबलिकाको मनोविज्ञान, पोषण, स्वास्थ्य तथा सरसफाइ र आचरण विकासमा सहयोग गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

१३. सबै बालबालिकाको व्यक्तिगत विवरणसहितको कार्य सञ्चयिका फायल राख्ने र यसलाई सिकाइ स्थिति र मूल्याङ्कनको आधार बनाउने ।

१४. एउटै बाविकेमा २० जनाभन्दा बढी बालबालिका भएमा अनुपात मिलाइ थप कर्मचारीको व्यवस्था मिलाउने ।

३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

(क) उपलब्धि

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. पाँच वर्ष पुग्दा सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर प्राप्त गरी कक्षा १ मा भर्ना हुन योग्य भएका हुनेछन् ।

३. सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ६२४ | ६५५ | ६८७ | ७२२ | ७५८ | ७९६ |
| २ | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| ३ | प्रारम्भिक बालविकास र शिक्षामा तोकिएको योग्यता पुरा गरेका शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| ४ | मन्टेश्वरी वा अन्य (१५-३० दिन) तालिम लिएका शिक्षकको सङ्ख्या | २ | १० | २० | ३० | ४० | ४९ |
| ५ | प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा पुग्ने प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |

## (ग) प्रमुख क्रियाकलाप परिणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित 'म विद्यालय जान्छु' (सघन भर्ना) अभियान सञ्चालन | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| २ | एक विद्यालय एक बालविकास कक्षाका लागि बाल विकास कक्षाको विस्तार र समायोजन | पटक | ३ | | | | | ३ | |
| ३ | सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षकका लागि तलब भत्ता (सङ्घीय) | जना | ३४ | ३४ | ३४ | ३४ | ३४ | १७० | ३४० |
| ४ | सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षकका लागि तलब भत्ता (माई न.पा) | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५० |
| ५ | ECD का लागि अनुदान | विद्यार्थी | ६२४ | ६४० | ६५० | ६५५ | ६६० | ३२२९ | ६४५८ |
| ६ | विद्यालय मार्फत आमा समूह निर्माण तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ७ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकास कक्षाको सुनिश्चितताको लागि सहयोग कार्यक्रम सञ्चालन | विद्यालय | ७ | १० | १० | ८ | ८ | ४३ | ८६ |
| ८ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको व्यवस्था | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ९ | योग्यता नपुगेका सहजकर्ताहरूको ९० घण्टा बराबरको सहजकर्ता तालिम सञ्चालन | जना | ५ | | | | | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १० | बालविकास सहजकर्ताको क्षमता विकास तालिम | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० |
| ११ | वर्षको कम्तिमा १ पटक सहजकर्ताहरूसँग पालिका स्तरीय समीक्षा बैठक/अन्तर बाविके अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | उत्कृष्ट बाविके सहजकर्ता प्रोत्साहन कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | २० |
| १३ | 'एक वडा एक बाल उद्यान' कार्यक्रम | वडा | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | ECD कक्षाका बालबालिकाका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ |
| १६ | सिकाई सूचक निर्माण र ECD कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकसँग करार सम्झौता | जना | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० | ४३ |

### ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले पनि सबैले आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरेको छ । मानवलाई जीवनयापनका लागि चाहिने आधारभूत सिप र ज्ञान आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा घुलमिल भई जीवनयापन गर्न सहज बनाउने शिक्षा नै आधारभूत शिक्षा हो । नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास र शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ । माध्यमिक तहमा कक्षा ९ देखि १२ सम्म गरी जम्मा ४ वर्षको माध्यमिक शिक्षा कायम गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठक्रम प्रारुप २०७६ अनुसार आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित

शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्बर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकुल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुनेछन् । आधारभूत शिक्षाका १२ सक्षमताहरूमा देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन, भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग, सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग, तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग, वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग, मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग, जनसत्त्या, वातावरण संरक्षण र दिगो विकास बिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग, शारीरिक तन्दुरूस्ती, स्वास्थ्यकर जीवनशैली र जीवनोपयोगी सिपको विकास, स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग, नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्ववन्धुत्व र सह-अस्तित्व बोध तथा स्वीकार, दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान रहेका छन् ।

शिक्षा क्षेत्रमा १६ औं आवधिक योजनाले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने, विद्यालय छाड्ने तथा टिकाइ राख्न खाजा कार्यक्रमलाई जोड दिने, अपुग विषयगत दरबन्दीको व्यवस्था गर्ने , शिक्षण संस्थाहरूको प्रविधि सहितको भौतिक पूर्वाधार विकासमा जोड दिने, पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाइ कुनाको व्यवस्था गर्ने, आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण गरी स्तरीकृत परीक्षणबाट प्राप्त नतिजाका आधारमा परिमार्जित विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याइने जस्ता कुरामा जोड दिदै अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने ।

त्यस्तै शिक्षा नीति २०७६ ले आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने कुरामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमले सबै

बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु भन्ने कुरालाई जोड दिएको छ ।

त्यस्तै नेपालको संविधानले पनि सबैले आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

माई नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा आधारभूत तह (कक्षा १ देखि कक्षा ८) मा आधारभूत विद्यालयहरू ३४ ओटा रहेका छन् । त्यस्तै गरी कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय १९ ओटा रहेका छन् । यस पालिकामा कक्षा १ देखि ८ सम्म ७ ओटा, कक्षा १ देखि ५ सम्म १९ ओटा विद्यालयहरू तथा १ देखि ३ सञ्चालित ५ ओटा रहेका छन् । जसमा हाल ४३ ओटा विद्यालय रहेका छन् । यस पालिकामा सञ्चालनमा रहेका संस्थागत विद्यालय १५ ओटा रहेका छन् । जस मध्ये पुर्व प्राथमिक २ ओटा, (१-८) ८ ओटा तथा १० कक्षा सम्म सञ्चालन भएका ५ ओटा रहेका छन् ।

यस पालिकामा रहेका सामुदायिक, संस्थागत तथा गुठी विद्यालयका आधारभूत तहमा विद्यार्थी निम्न अनुसार छन् ।

| कक्षा (आधारभूत तह तह) | लिङ्ग | सामुदायिक विद्यालय | संस्थागत तथा गुठी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| १ | छात्रा | १६७ | १४८ | ३१५ |
| | छात्र | १६७ | १६३ | ३३० |
| | अन्य | | | |
| | जम्मा | ३३४ | ३११ | ६४५ |
| २ | छात्रा | १३० | ७२ | २०२ |
| | छात्र | १२९ | १०८ | २३७ |
| | अन्य | | | |
| | जम्मा | २५९ | १८० | ४३९ |
| ३ | छात्रा | १४५ | ९५ | २४० |
| | छात्र | १५६ | १०९ | |
| | अन्य | | | |
| | जम्मा | ३०० | २०४ | |
| कक्षा १ देखि ३ जम्मा | छात्रा | ४४२ | ३१५ | |
| | छात्र | ४५२ | ३८० | |

| कक्षा (आधारभूत तह तह) | लिङ्ग | सामुदायिक विद्यालय | संस्थागत तथा गुठी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| | अन्य | | | |
| | जम्मा | ८९४ | ६९५ | |
| ४ | छात्रा | २०३ | ८५ | |
| | छात्र | १८८ | ९४ | |
| | अन्य | | | |
| | जम्मा | ३९१ | १७९ | |
| ५ | छात्रा | १९१ | ६५ | |
| | छात्र | १७८ | ९५ | |
| | अन्य | | | |
| | जम्मा | ३६९ | १६० | |
| कक्षा १ देखि ५ जम्मा | छात्रा | ८३६ | ४६५ | |
| | छात्र | ८१८ | ५६९ | |
| | अन्य | | | |
| | जम्मा | १६५४ | १०३४ | |
| ६ | छात्रा | १९१ | ४७ | |
| | छात्र | २०० | ७६ | |
| | अन्य | | | |
| | जम्मा | ३९१ | १२३ | |
| ७ | छात्रा | २०४ | ४२ | |
| | छात्र | १८७ | ५५ | |
| | अन्य | | | |
| | जम्मा | ३९१ | ९७ | |
| ८ | छात्रा | १९९ | ५० | |
| | छात्र | १८७ | ४४ | |
| | अन्य | | | |
| | जम्मा | ३८६ | ९४ | |

| कक्षा (आधारभूत तह तह) | लिङ्ग | सामुदायिक विद्यालय | संस्थागत तथा गुठी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| कक्षा ६ देखि ८ जम्मा | छात्रा | ५९४ | १३९ | |
| | छात्र | ५७४ | १७५ | |
| | अन्य | | | |
| | जम्मा | ११६८ | ३१४ | |
| कक्षा १ देखि ८ जम्मा | छात्रा | १४३० | ६०४ | |
| | छात्र | १३९२ | ७४४ | |
| | अन्य | | | |
| | जम्मा | २८२२ | १३४८ | |

(स्रोतः CEHRD Flash Report - २०८१)

**आधारभूत शिक्षाका शैक्षिक सूचकः**

| क्र. सं. | सूचक | २०८१ को अवस्था | कैफियत |
|---|---|---|---|
| १. | **आधारभूत शिक्षा** | | |
| १.१ | कक्षा १ मा कुल भर्ना दर | १२०.४ | |
| १.२ | कक्षा १ मा खुद भर्ना दर | ९५.१ | |
| १.३ | कक्षा १-५ मा कुल भर्ना दर | १०९.८ | |
| १.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९५.६ | |
| १.५ | कक्षा १-८ मा कुल भर्ना दर | ११६ | |
| १.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९३.१ | |
| १.८ | कक्षा ८ मा टिकाउ दर | ८४.२ | |
| १.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ८७ | |
| १.१३ | कक्षा १-५ को उत्तीर्ण दर | ८८.१ | |
| १.१४ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | ५.७ | |
| १.१५ | कक्षा १-५ को कक्षा छोड्ने दर | ६.२ | |
| १.१६ | कक्षा ६-८ को उत्तीर्ण दर | ८७ | |
| १.१७ | कक्षा ६-८ को कक्षा दोहोऱ्याउने दर | ७ | |
| १.१८ | कक्षा ६-८ को कक्षा छोड्ने दर | ५.९ | |

कक्षा पाँच सम्मका विद्यार्थीहरूका लागि दिवा खाजाको व्यवस्था हुनु, दलित, अपाङ्ग तथा छात्राहरूका लागि छात्रवृत्तिको व्यवस्था हुनु, शिक्षण सिकाइ सामग्री तथा बुक कर्नरका लागि अनुदानको व्यवस्था हुनु, एकीकृत पाठ्यक्रम कार्यान्वयनमा आउनु, तालिमप्राप्त, युवा पुस्ताका शिक्षकहरूको प्रवेश हुनु, स्वास्थ्य बिमा लगायतका अवसरहरू सामुदायिक विद्यालयका विद्यार्थीमा व्यवस्था गर्नु यस क्षेत्रका समस्या तथा चुनौतिहरूरूमा निम्न रहेका छन् ।

- न्यून आय भएका समुदायका बालबालिकाहरूको पहुँचलाई सुनिश्चित गर्न,
- सबै बालबालिकाहरूमा सिकाइ उपलब्धि सुनिश्चित गर्न,
- विद्यार्थी अनुसारको विषयगत शिक्षकको व्यवस्था गर्न,
- सिकाइका लागि उपयुक्त वातावरणको व्यवस्था गर्न,
- सामुदायिक विद्यालयमा अभिभावकहरूको चासो बढाउन,
- विद्यालय शिक्षाको जगको रूपमा रहेको प्रारम्भिक कक्षालाई स्थानीय तहले प्राथमिकतामा राखी कार्यान्वयन गर्न,
- शिक्षक नियुक्ति, पेसागत विकास तथा सहयोगको प्रभावकारी रूपमा व्यवस्थापन गर्न,
- शिक्षण सिकाइको अनुगमन मूल्याङ्कन र सुपरिवेक्षणलाई सिकाइको अभिन्न अङ्ग बनाउन,
- अनिवार्य तथा निःशुल्क आधाभूत शिक्षाको सुनिश्चितता गर्न,

### ३.२.३ उद्देश्य

- ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु,
- आधारभूत तहको सिकाइ उपलब्धिमा वृद्धि गर्नु,
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा गरिएकोका लागि तयारी गराउनु,
- विद्यालय शिक्षाको व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको सिकाइ सिप अभिवृद्धि गराउनु,
- आधारभूत तहको विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु,
- भौतिक संरचना र प्रविधिको प्रबन्ध र व्यवस्थापन मिलाउनु,

### ३.२.४ रणनीति

- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँच पुऱ्याउने ।

- आधारभूत तहमा आन्तरिक सक्षमतामा सुधारका निम्ति सहक्रियाकलापमा जोड दिने ।
- सिकाइका लागि न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने ।
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न शिक्षक अभिमुखिकरण गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।
- प्रारम्भिक कक्षा सिकाइ सिपको अभिवृद्धि गर्ने ।
- आधारभूत तहको परीक्षा प्रणालीमा सुधार ल्याउने ।
- अभिभावक तथा समुदायको जिम्मेवारितालाई बढाउन का लागि अभिभावक शिक्षा कार्यक्रम गर्ने ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सिप केन्द्रित क्रियाकलापलाई निरन्तरता दिने ।
- छापामय कक्षा कोठा व्यवस्थापन गर्ने ।
- स्थापना भएका कक्षा, पुस्तकलाय तथा बुक कर्नर नियमित पढाइ तथा स्वः सिकाइ एवम् गणितीय सिप विकास गर्ने सामग्रीलाई उचित व्यवस्थापन तथा प्रयोग अनिवार्यता गरी सो को अभिलेख गर्ने ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि सिकाइ उपलब्धि र विद्यार्थी मूल्याङ्कन सहित पठन सिपका आधारमा एवम् कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन गर्ने ।
- पठनसिप सम्बन्धी अभिभावकको जागरूकता तथा सहयोग गर्ने आधारमा नगरपालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय सम्मान कार्यक्रम गर्ने ।
- प्रारम्भिक कक्षाका सबै बालबालिकाको पहिचान गरी सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने ।
- आधारभूत तहमा अङ्ग्रेजी माध्यममा पठनपाठनका लागि विद्यालयलाई प्रोत्साहित गर्ने ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा जोड दिने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

- अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा सहभागिता सुनिश्चितता गरी गुणस्तरमा वृद्धि भएको हुनेछ ।
- आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ,
- आधारभूत तहका विद्यालयहरूको न्यूनतम मापदण्ड पूरा गरेको हुनेछ ।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) तालिम प्राप्त शिक्षकको सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४० | ४४ |
| ४ | कक्षा १ मा कुल भर्ना दर | १२०.४ | ११५ | ११२ | ११० | १०८ | १०५ |
| ५ | कक्षा १ मा खुद गरिएको दर | ९५.१ | ९५.५ | ९६ | ९७ | ९८ | १०० |
| ६ | कक्षा १-५ मा कुल भर्ना दर | १०९.८ | १०८ | १०७ | १०६ | १०५ | १०४ |
| ७ | कक्षा १-५ मा खुद भर्ना दर | ९५.६ | ९५.९ | ९६ | ९७ | ९८ | १०० |
| ८ | कक्षा १-८ मा कुल भर्ना दर | ११६ | ११५ | ११३ | १११ | १०९ | १०७ |
| ९ | कक्षा १-८ मा खुद भर्ना दर | ९३.१ | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| १० | कक्षा ८ मा टिकाउ दर | ८४.२ | ९० | ९५ | १०० | १०० | १०० |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| ११ | कक्षा १-५ को उत्तीर्ण दर | ८८.१ | ९० | ९२ | ९४ | ९६ | ९७ |
| १२ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | ५.७ | ३ | २ | १ | ० | ० |
| १३ | कक्षा १-५ को कक्षा छोड्ने दर | ६.२ | ४ | ३ | २ | १ | ० |
| १४ | कक्षा ६-८ को उत्तीर्ण दर | ८७.७ | ९० | ९३ | ९६ | ९८ | १०० |
| १५ | कक्षा ६-८ को कक्षा दोहोऱ्याउने दर | ६.७ | ४ | ३ | २ | १ | ० |
| १६ | कक्षा ६-८ को कक्षा छोड्ने दर | ५.६ | ३ | २ | १ | ० | ० |

## (घ) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | डिजिटल एप्स निर्माण र अभिभावक शिक्षा | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| २ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५०० |
| ३ | विद्यालय नक्साङ्कन र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षक दरबन्दी मिलान | पटक | १ | ० | १ | ० | १ | ३ | ६ |
| ५ | स्वयमसेवक शिक्षकको व्यवस्था (कक्षा ६-८) | जना | | ५ | ५ | ५ | ५ | २० | ४० |
| ६ | विद्यालय सुधार योजनामा आधारित विद्यालय प्रोत्साहन कार्यक्रम | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ४३ |
| ७ | शैक्षिक सामग्रीको निर्माण कार्याशाला सञ्चालन | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३ |
| ८ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रबोधीकरण कार्यक्रम र कार्यान्वयन | जना | ० | ४३ | ० | ० | ४३ | ८६ | १७२ |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ९ | अभिभावकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ७ | ४३ | ४३ |
| १० | पालिका स्तरीय सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | विषयगत शिक्षक घुम्ति बैठक | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० |
| १३ | एकीकृत पाठ्यक्रम सम्बन्धी शिक्षक तालिम कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | उत्कृष्ट सामुदायिक विद्यालय प्रोत्साहन कार्यक्रम (कक्षा १-८) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | १८६ | १८६ | १८६ | १८६ | १८६ | ९३० | १८६० |
| १६ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० |
| १७ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) सङ्घीय अनुदानमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| १८ | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरूमा कार्यरत कर्मचारीहरूका लागि तलब भत्ता | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १९ | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरूका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | विद्यार्थी | २८२२ | २८४० | २८६० | २८७० | २८८० | १४२७२ | २८५४४ |
| २० | पोर्टफोलियो व्यवस्थापन (कक्षा-१) | विद्यार्थी | ३४४ | ३५० | ३६० | ३७० | ३८० | १८०४ | ३६०८ |
| २१ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० |
| २२ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, इनटरनेट आदिका लागि) | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| २३ | छात्रवृत्ति (छात्रा, दलित, अपाङ्ग, सीमान्तकृत) | जना | १३०० | १३३० | १३६० | १३७० | १३८० | ६७४० | १३४८० |
| २४ | विपन्न लक्षित छात्रवृत्ति | जना | ७० | ९० | ११० | १३० | १५० | ५५० | ११०० |
| २५ | आधारभूत तहको पाठ्यपुस्तक खरिद | जना | २८२२ | २८५० | २८७० | २८९० | ३०१० | १४४४२ | २८८८४ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन २०२८ (संशोधन सहित) अनुसार कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरिएको छ । आधारभूत शिक्षा र उच्च शिक्षालाई जोड्ने सेतुका रूपमा माध्यमिक शिक्षाले कार्य गर्दछ । यो उच्च शिक्षा र कामको संसारमा प्रवेश गर्नका लागि आधार प्रदान गर्ने शिक्षा हो । खासगरी माध्यमिक शिक्षाको प्राप्ति पश्चात् ठुलो सङ्ख्या कामको संसारमा प्रवेश गर्दछ भने मेधावी सानो सङ्ख्या उच्च शिक्षामा प्रवेश गर्दछ । नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षा कानुन अनुसार निःशुल्क प्रदान गरिने व्यवस्था गरिएको छ र संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल कार्यसूचीमा समावेश गरिएको छ । अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा ऐन, २०७५ मा पनि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्रदान गरिने कानुनी व्यवस्था गरिएको छ । पन्ध्रौं आवधिक योजनाले पनि माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच कायम गर्न गराउनका लागि विभिन्न नीतिगत व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने नीति लिइएको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा ९-१२ मा प्राविधिक तथा व्यावसायिक धारको सुरूवात गरिएको छ । पछिल्ला वर्षहरूमा माध्यमिक तहमा भर्ना दर, लैङ्गिक समता दर, पढाइ चक्र पूरा गर्ने दर आदिमा सकारात्मक सङ्केतहरू बढिरहेको अवस्थामा पछिल्लो समयमा कोभिड १९ को दोस्रो चरणको सङ्क्रमणले प्रभावित पारिरहेको अवस्था विद्यमान छ । माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) र कक्षा ११ र १२ का शैक्षिक गतिविधिहरू समेत प्रत्यक्ष रूपमा प्रभावित भएको देखिन्छ ।

### ३.३.२ वर्तमान अवस्था

शैक्षिक सत्र २०८१ को शैक्षिक तथ्याङ्क अनुसार  नगरपालिकामा १० ओटा सामुदायिक, ३ ओटा संस्थागत र १ ओटा गुठी गरी जम्मा १४ ओटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् जसमध्ये चारओटा सामुदायिक विद्यालयहरूमा मात्र कक्षा ११ र १२ का कक्षाहरू सञ्चालनमा रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रम सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरूको सङ्ख्या १ रहेको छ । यसै गरी कन्काई माध्यमिक विद्यालय शित्तलीमा माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भएको छ । ९ ओटा विद्यालयमा योग्यता पुगेको प्रधानाध्यापकको अभावमा निमित्त प्रधानाध्यापकको भरमा विद्यालय सञ्चालन भइरहेका छन् ।

शैक्षिक सत्र २०७८ देखि विषयगत शिक्षकको व्यवस्थापन हुन नसकेका र भएकामा पनि कोर्ष पूरा नभएका विद्यालयमा गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न गराउनका लागि नगरपालिकाको आफ्नै प्रयासमा कक्षा १० को अंग्रेजी, गणित र विज्ञान विषयमा सिकाइ सहजीकरण गर्न सिकाइ सहजीकरण केन्द्रमार्फत भर्चुअल कक्षाको व्यवस्थापन गरिएको छ । नगरपालिकाको माध्यमिक तह (९-१०) को खुद भर्नादर ८०.२९, माध्यमिक तह (११-१२) को खुद भर्नादर ४०.८१ र माध्यमिक तह (९-१२) को खुद भर्नादर ६०.५५ रहेको छ । (शैक्षिक तथ्यांक, २०८१)

संवैधानिक व्यवस्था भएबमोजिम सबै बालबालिकाहरूका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु, माध्यमिक तहमा गुणस्तरीय रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्नु, शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रूपमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु, विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, शिक्षकको दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्गले सुधार गर्दछ । शिक्षण सिकाइको विकल्प स्वरूप अनलाईन भर्चुअल खुला सिकाइको अवसर सिर्जना गर्नु, माध्यमिक शिक्षालाई व्यावहारिक, प्रयोगात्मक, रचनात्मक, सिर्जनशील, स्वावलम्बी र रोजगारमूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्न सक्षम बनाउनु आदि चुनौतिका रूपमा रहेको देखिन्छ ।

निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्नु, सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु र विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु पनि यस तहको शिक्षामा देखिएका चुनौतिका विषयहरू हुन् ।

नेपालको संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शैक्षिक अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहसम्म शिक्षा सेवाका कर्मचारीहरू समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा क्रमशः कार्यान्वयनमा आउनु, प्रत्येक वर्ष शिक्षातर्फको बजेटमा वृद्धि हुदै जानु, शिक्षामा सूचना र प्रविधिको प्रयोगमा वृद्धि हुदै जानु, शैक्षिक विकासमा तीनओटै तहका सरकारबिच समन्वय र सहकार्य हुनु र विद्यार्थी तथा अभिभावकमा शैक्षिक जागरण वृद्धि हुन गई शिक्षालाई अधिकारको रूपमा आत्मसाथ गर्नुलाई माध्यमिक शिक्षाका अवसरका रूपमा लिन सकिन्छ ।

### ३.३.४ उद्देश्य

१. सबै बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, अन्वेषणात्मकता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको सिपयुक्त, उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु ।

२. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु ।

३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउनु ।

५. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन र नियमन गर्नु ।

६. माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्नका लागि शिक्षा सरोकारवाला निकाय र व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्नु ।

७. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक तालिममार्फत विद्यार्थीको आधारभूत सिप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सिप हासिल गर्न सहयोग गर्नु ।

### ३.३.५ रणनीति

१. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चित गर्न सङ्घ र कोशी प्रदेशसँगको समन्वय र सहकार्यमा बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

२. सामुदायिक विद्यालयका लागि विनियोजित अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित बनाउने ।

३. स्थानीय माग, आवश्यकता र औचित्यताको आधारमा माध्यमिक विद्यालयको स्थापना, पुनर्वितरण तथा समायोजन गर्ने ।

४. विद्यालय शिक्षामा गुणस्तरीयता वृद्धि गर्न नगरपालिकास्तरमा नमुना माध्यमिक विद्यालय छनौट तथा विकास गरी सञ्चालन गर्ने ।

५. आर्थिक, सामाजिक दृष्टिकोणले कमजोर पृष्ठभूमि भएका विद्यार्थीलाई लक्षित गरी छात्रवृत्ति प्रदान गरी माध्यमिक शिक्षाको पहुँचमा सुनिश्चितता गर्ने ।

६. सुरक्षित विद्यालय, सुरक्षित समुदायको अवधारणा र मापदण्ड तयार गरी सबै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयले सोको अनिवार्य रुपमा कार्यान्वयन गरी भूकम्प प्रतिरोधी तथा विभिन्न प्रकारका प्रकोपबाट पूर्ण सुरक्षित विद्यालय पूर्वाधारको विकास गर्ने ।

७. माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित

(STEM) विषयको शिक्षण सिकाइमा विशेष जोड दिनका लागि विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकास गर्ने ।

८. विद्यालयमा शैक्षिक सुशासनको सुनिश्चितता गर्न विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइमा जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता कायम गर्न कार्यसम्पादन करार, कार्यसम्पादन परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन जस्ता संयन्त्रहरूको विकास गर्ने ।

९. माध्यमिक शिक्षामा मानव मूल्य प्रवर्धन, परम्परागत संस्कृति, आचरण र अनुशासनको पालना, योग अभ्यास लगायतका विषयको शिक्षण सिकाइ गर्न प्रोत्साहित गर्ने ।

१०. सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणका लागि विद्यालयका सरोकारवालाको सक्रिय सहभागितामा सुनिश्चित गर्दै अल्पकालीन तथा दीर्घकालीन रूपमा लक्ष्य समेत किटान गरी सामुदायिक एवम् सार्वजनिक शिक्षा प्रणालीको शुद्धीकरण तथा सबलीकरण अभियान सञ्चालन गर्ने ।

११. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई नतिजामूलक तथा उपचारात्मक गराई निरीक्षक एवम् अनुगमनकर्ताबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्ने ।

१२. माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धिका निम्ति शिक्षा क्षेत्रमा गरिने लगानीलाई वृद्धि गर्ने ।

१३. शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घसंस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरूसँग नगरपालिकासँगको समन्वयमा साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने पद्धतिको विकास गर्ने ।

१४. अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराई भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउन सहजीकरण गर्ने ।

१५. शिक्षा सरोकारवालाहरूमा अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

१६. सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बताउने ।

१७. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१८. शिक्षण संस्था र विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्डका

आधारमा प्रोत्साहन गर्ने ।

१९. सङ्घ र प्रदेशको कानुनसँग नबाँझिने गरी माध्यमिक शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

२०. नगरपालिकास्तरमा 'म बनाउछु मेरो शिक्षा विकास कोष' र वडास्तरमा वडाध्यक्ष विद्यार्थी कल्याणकारी कोष स्थापना गर्नका साथै विभिन्न सङ्घसंस्था, अभिभावक र चन्दादाताको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गर्न प्रोत्सहित गर्ने ।

२१. माध्यमिक तह सञ्चालन भएका विद्यालयको नतिजामूलक सूचक निर्धारण गरी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिने ।

२२. संस्थागत विद्यालयको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लाने ।

२३. संस्थागत विद्यालयलाई निश्चित मापदण्डका आधारमा स्तरीकरण र वर्गीकरण गरी शुल्क निर्धारण गर्ने कार्यलाई प्राथमिकता दिने ।

२४. सबै विद्यालयमा कार्यसम्पादनको सुधारसहित सुशासन कायम गराउने कार्यलाई जोड दिने ।

२५. विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराउने ।

२६. आवश्यकता र औचित्यताका आधारमा विद्यार्थी शिक्षक अनुपातमा शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने । शिक्षक व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिनुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण र परिचालन गर्ने ।

२७. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै माध्यमिक शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने ।

२८. आर्थिक रूपले विपन्न र भौगोलिक रूपमा विकट मानिने नगरपालिकाको वडा नम्बर १ देखि १० सम्म बसोबास गर्ने बालबालिकालाई माध्यमिक शिक्षाको सुनिश्चितता प्रदान गर्नका लागि नगरस्तरीय आवासीय माध्यमिक विद्यालयको स्थापना तथा सञ्चालन गर्ने ।

२९. संस्थागत विद्यालयका शिक्षक र कर्मचारीको क्षमता अभिवृद्धिका निमित्त नगरपालिकाबाट दिइने तालिम, कार्यशाला, गोष्ठी लगायतका विभिन्न शैक्षिक क्रियाकलापमा सहभागी गर्ने ।

३०. सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासहरूलाई साझेदारी मोडेलमा आदान प्रदान गर्ने ।

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई गुणस्तर र सान्दर्भिकता सुधार भएको हुनेछ । सबै माध्यमिक विद्यालयले पूर्वाधारका आधारभूत मापदण्ड पूरा गरेको हुनेछ ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा परिमार्जन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।

३. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ ।

**(ग) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कैफियत |
| १ | माध्यमिक तह कक्षा ९-१० मा भर्ना हुने विद्यार्थी सङ्ख्या | ८१३ | ८५३ | ८९५ | ९३९ | ९८५ | |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी सङ्ख्या | ४६९ | ४९२ | ५१६ | ५४१ | ५६८ | |
| ३ | माध्यमिक तह कक्षा ९-१० मा कुल भर्ना प्रतिशत | ९३ | ९४ | ९५ | ९६ | ९८ | |
| ४ | माध्यमिक तह कक्षा ९-१० को खुद भर्ना प्रतिशत | ८४.६ | ८५ | ८६ | ८८ | ८९ | |
| ५ | माध्यमिक तह कक्षा ११-१२ को कुल भर्ना प्रतिशत | ५२.६ | ५४ | ५६ | ५८ | ६० | |
| ६ | माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना प्रतिशत | ५५.७ | ५६ | ५७ | ५८ | ५९ | |
| ७ | Computer engineeringविषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ५४ | ८० | १२० | १५० | २०० | |
| ८ | आवासीय विद्यालय सञ्चालन भएका विद्यालय सङ्ख्या | १ | ० | १ | ० | ० १ | |
| ९ | माध्यमिक विद्यालयहरूमा विज्ञान | | | | | | |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कैफियत |
| ` | प्रयोगशाला पुस्तकालय र कम्प्युटर ल्याब निर्माण भएका विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | |
| १० | सूचना सङ्कलन डायरी छपाई तथा वितरण | ३८४ | ३८४ | ३८४ | ३८४ | ३८४ | |
| ११ | विद्यालयमा सबै विद्यार्थीहरूको पहुँचमा सुझाव पेटिका राख्ने र १५-१५ दिनमा सुझाव पेटिका हेरी सुझाव कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | २६ | ३० | ३५ | ४० | ४४ | |

## (घ) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | लक्षित समूहका बालबालिकाहरूको लागि शैक्षिक सहयोग कार्यक्रम (कक्षा ९-१२) | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| २ | स्वयमसेवक शिक्षकको व्यवस्था (कक्षा ९-१२) | जना | १० | १० | १० | १० | १० | ५० | १०० |
| ३ | विद्यालय सुधार योजनामा आधारित प्रोत्साहन कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शैक्षिक सामग्रीको निर्माण, वितरण तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | गणित विज्ञान प्रदर्शनी र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | नमुना माध्यमिक विद्यालय स्थापना र सञ्चालन | पटक | | | | १ | | १ | २ |
| ७ | शैक्षिक अनुभव आदनप्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ८ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ९ | सामुदायिक माध्यमिक विद्यालय (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० |
| १० | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) संघीय अनुदानमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | १७ | १७ | १७ | १७ | १७ | ८५ | १७० |
| ११ | माध्यमिक तह ११-१२ का लागि शिक्षण सिकाइ अनुदान प्रदान गर्ने | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १२ | माध्यमिक तह ९-१२ का लागि थप १७ वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | जना | | ५ | ५ | ५ | २ | १७ | ३४ |
| १३ | सामुदायिक माध्यमिक तह (कक्षा ९-१२) विद्यालयहरूमा साहयक कर्मचारीहरूका लागि तलब भत्ता | जना | १० | १० | १० | १० | १० | ५० | १०० |
| १४ | सामुदायिक माध्यमिक तह (कक्षा १-१२) विद्यालयहरूका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | १२८२ | १२९० | १३०० | १३२० | १३३० | ६५२२ | १३०४४ |
| १५ | माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | १२८२ | १२९० | १३०० | १३२० | १३३० | ६५२२ | १३०४४ |
| १६ | माध्यमिक विद्यालय (कक्षा ९-१२) | | | | | | | | |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० |
| १७ | माध्यमिक तह (कक्षा ९-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यार्थी | १२८२ | १२९० | १३०० | १३२० | १३३० | ६५२२ | १३०४४ |
| १८ | विपन्न लक्षित छात्रवृति | विद्यार्थी | ५० | ५५ | ६० | ७० | ७५ | ३१० | ६२० |
| १९ | बाल समूह गठन र नेतृत्व विकास | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| २० | विषयगत समिति (शिक्षक) निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २१ | गणित अभ्यास पुस्तिका छपाइ तथा वितरण (कक्षा ९-१०) | सङ्ख्या | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६००० |
| २२ | 'एक मा.वि. एक नर्स' कार्यक्रम | जना | | ३ | | ३ | ३ | ९ | |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

#### ३.४.१ परिचय

नेपालको सन्दर्भमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम अपरिहार्य विषयको रूपमा रहेको छ । शिक्षाले गरीखाने सिप सिकाउन सकेन र शिक्षालयहरू बेरोजार उत्पादन गर्ने थलो मात्र बने भन्ने गुनासो सुनिन थालेको वर्तमान अवस्थामा प्राविधिक शिक्षालाई समयको मागको रूपमा नलिई आवश्यकताको रूपमा लिइएको छ । आम जनमानसमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १२ सम्म प्राविधिक शिक्षा र व्यावसायिक तालिममा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्वीकृत ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सामुदायिक विद्यालयहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक धारको शिक्षा सञ्चालन गर्ने निर्णय वि.सं. २०६८ सालमा गरेको थियो सोही निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ ओटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ ओटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन सुरू भयो । यस अन्तर्गत इन्जिनियरिङ तर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर र कृषि तथा पशु विज्ञानतर्फ बाली विज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक धार तथा व्यावसायिक तालिम व्यवस्थाबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम बजारमा सहज गरिएको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्नु नितान्त जरूरी रहेको छ । यस नगरपालिकामा शैक्षिक सत्र २०८० बाट कन्काई माध्यमिक विद्यालय माई-२ शित्तलीमा प्राविधिक धार अन्तर्गत कम्प्युटर इन्जिनियरिङ विषयको अध्ययन अध्यापन भइरहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

माई नगरपालिका भित्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम अन्तर्गत कम्प्युटर इन्जिनियरिङ विषयको अध्ययन अध्यापन हुने एकमात्र विद्यालय श्री कन्काई मा.वि. माई -२ शित्तलीमा रहेको छ । कक्षा ९ र १० मा गरी जम्मा ५४ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यसलाई क्रमश कक्षा ११ र १२ सम्म पनि निरन्तर रूपमा सञ्चालन हुने कार्यक्रम छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा शिक्षक आपूर्ति तथा व्यवस्थापनका लागि कम्प्युटर इन्जिनियरिङ धारको अध्ययन अध्यापन हुने सामुदायिक विद्यालय भएकाले उक्त विद्यालयमा दुई जना प्रशिक्षक र दुई जना सहायक प्रशिक्षकको व्यवस्था नेपाल सरकारले गरेको छ । यस पालिकामा कम्प्युटर इन्जिनियरिङ अध्ययन गरेका पर्याप्त जनशक्तिको अभाव साथै नयाँ विषय समेत भएकोले सञ्चालित प्राविधिक धारका विद्यालयमा प्रशिक्षक र सहायक प्रशिक्षकहरूका लागि प्रयाप्त अवसर रहेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिन चाहाने प्रशिक्षार्थीहरूलाई केही स्थानीय सामूदायिक वन समूह र सहकारी संस्थाहरूले आर्थिक सहयोग प्रदान गर्दै प्राविधिक धारका विद्यार्थी उत्पादनमा टेवा पुऱ्याएका छन् । यस पालिकाबाट बाहिरका तालिम केन्द्रहरूमा गई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिने मध्ये जेहेन्दार तथा आर्थिक

रूपमा विपन्न प्रशिक्षार्थीहरूलाई माई नगरपालिकाले छात्रवृत्तिको व्यवस्था गर्ने गरेको छ ।

**प्रमुख समस्या र चुनौति**

- प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालन गर्ने सम्वन्धन र अनुमति लिनमा समस्या
- भौतिक पूर्वाधार विकास गर्न ।
- प्राविधिक तथा व्यावसायिक धारको जनशक्ति व्यवस्थापन गर्न ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको महत्त्वको प्रत्याभुति दिलाउन ।
- प्राविधिक धारका विषयप्रति विद्यार्थीहरूलाई आकर्षित गर्न ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्थापनाका लागि स्थान तय गर्न र आर्थिक व्यवस्थापन गर्न ।
- माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्न ।
- प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको व्यवस्थापन गर्न ।
- प्राविधिक सिप हासिल गर्ने काम सम्पन्न नगरी तालिम अवधिको बीचमै तालिम छाड्ने प्रशिक्षार्थीहरूको सङ्ख्या शून्य बनाउन ।

**३.४.३ उद्देश्य**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१. रूचि र क्षमता भएका सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसर उपलब्ध गराउनु,
३. थप प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्नु,
४. प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरूको संस्थागत तथा पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्नु,
५. प्राविधिक तथा रोजगारमूलक शिक्षा प्रदान गरी व्यावसायिक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्नु,
६. प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गर्नु,

**३.४.४ रणनीति**

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति निम्नानुसार रहेका छन् ।

१. पूर्वाधार तयार भएका माध्यमिक विद्यालयलाई प्राविधिक धार सम्बन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

२. स्थानीय तह मार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनका लागि निजी क्षेत्रमा सञ्चालित तालिम केन्द्रलाई प्रोत्साहित गर्ने ।

३. प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी 'पढ्दै कमाउदै' कार्यक्रम व्यवस्थापन गरी सञ्चालन गर्ने ।

४. स्थानीय आवश्यकताको आधारमा स्थानीय नागरिकका लागि नगरपालिकाले रोजगारमूलक छोटो अवधिका तालिम सञ्चालन गर्ने ।

५. प्राविधिक धार सञ्चालित विद्यालयमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गर्ने ।

६. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ४०% लाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा अवसर प्रदान गर्ने ।

७. समयसापेक्ष प्राविधिक धार तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार छन् ।

➡ माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये २०% ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुनेछन् ।

माध्यमिक तहको अध्ययन पूरा गरी उच्च शिक्षा अध्ययन गरिरहेका तथा विभिन्न पेसा व्यवसायमा संलग्न युवायुवतीहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी स्वाबलम्बी र आत्मनिर्भर भएका हुनेछन् ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ३ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५४ | ६४ | ७४ | ८४ | ९४ | २०० |
| ३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने तालिम केन्द्र सङ्ख्या | ० | | १ | | १ | |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने तालिम केन्द्रमा भर्ना भएका प्रशिक्षार्थी सङ्ख्या | ० | | १०५ | १३५ | १७० | २०० |
| ५ | प्राविधिक धार तर्फको प्रशिक्षक सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ |

## (क) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | ० | १ | ० | ० | १ | १ | |
| २ | प्राविधिक धारका थप माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | वडागत | ० | ० | | १ | ० | १ | १ |
| ३ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन (कक्षा ११-१२) | विद्यालय | १ | १ | २ | २ | २ | ८ | १६ |
| ४ | परम्परागत सिपको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | युवालाई उद्यमशीलता सम्बन्धी छोटो अवधिको तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | कक्षा ९-१२ मा प्रयोगात्मक सामग्री | | | | | | | | |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | र OJT सञ्चालन खर्च (संघीय) | जना | ४० | ४० | १६० | १६० | १६० | ५६० | ११२० |
| ७ | पालिका स्तरीय प्राविधिक शिक्षालय स्थापना र सञ्चालन | पटक | | | | | १ | १ | २ |
| ८ | कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाका औजार/सामग्री मर्मत तथा व्यवस्थापन खर्च | जना | १ | १ | २ | २ | २ | ८ | १६ |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

करिब ७८ लाख निरक्षर नागरिकलाई साक्षर बनाउने उद्देश्य सहित नेपालमा साक्षरता अभियान आर्थिक वर्ष २०६५-६६ देखि सुरू भएको हो । तर अझै पाँच वर्षभन्दा माथिका ६४ लाख मानिस निरक्षर छन् । सबै लगानी र एक दशकभन्दा अगाडिदेखिको सरकारको प्रयास भने अहिले सम्म सफल हुनसकेको छैन । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को आह्वानमा सन् १९६७ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । 'प्रोमोटिङ लिटेरेसी फर अ वल्ड इन ट्रान्जिसनः बिल्डिङ द फाउन्डेसन् फर सस्ट्यानेबल एन्ड पिसफुल सोसाइटिज' मूल नाराका साथ यो दिवस मनाइँदैछ । नेपालमा पाँच वर्षमाथिको साक्षरता दर ७६ दशमलव दुई प्रतिशत छ । पन्ध्रदेखि ६० वर्षसम्मको साक्षरता दर ८५ प्रतिशत छ, ती मध्ये पुरूष ८३.६ प्रतिशत र महिला ६९.४ प्रतिशत साक्षर छन् । त्यस्तै १५ देखि २४ उमेर समूहका ९२ प्रतिशत, १५ देखि ६० उमेर समूहका ८५ प्रतिशत र १५ वर्षभन्दा माथिका ५८ प्रतिशत साक्षर छन् । नेपालमा पढ्न लेख्न जान्ने जनसङ्ख्या दुई करोड तीन लाख ७७ हजार ९८० रहेको छ । पाँच वर्षभन्दा माथिको जनसङ्ख्या दुई करोड ६७ लाख २५ हजार २९५ रहेको छ । नेपालमा अनौपचारिक विद्यालय १७१ ओटा सञ्चालित छन् र तीमध्ये ७७ ओटाले अनुदान पाएका छन् । खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालय १२१ छन् । तीमध्ये ३७ ले आधारभूत तह र ८५ ले माध्यमिक तहसम्म कक्षा सञ्चालन गर्ने अनुमति पाएका छन् । नेपाल सरकारले एक दशकअघि साक्षर नेपाल अभियान' कार्यक्रम सुरू गरेकामा अझै मधेस प्रदेशका आठसहित १२ जिल्ला पूर्ण साक्षर घोषणा हुन बाँकी रहेको छ । जिल्ला भित्र बसोबास गर्ने जनसङ्ख्याको ९५ प्रतिशत मानिस साक्षर भएमा पूर्ण साक्षर भनी घोषणा गर्न पाउने व्यवस्था युनेस्कोले परिभाषा गरीदिएको छ । सोही परिभाषाका आधारमा ७५३ स्थानीय तह मध्ये अझै १५२ स्थानीय तह साक्षर घोषणा हुन बाँकी छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार साक्षरताका लागि विभिन्न १२ सूचकहरू तोकिएका छन् । साक्षर हुनका लागि राष्ट्रभाषा वा मातृभाषामा वर्ण र अक्षर पढ्न र लेख्न जानेको हुनुपर्ने, नेपाली वा मातृभाषामा लेखिएका मूल्य सूची र बिल पढ्न सक्ने, आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने, मोबाइल र क्यालकुलेटरका अंक र अक्षर चिनेर प्रयोग गर्न ५० देखि ९ सम्मका अंक अक्षर लेख्न सक्ने, १ देखि १०० सम्म गणना गर्न सक्ने हुनुपर्छ । त्यस्तै लेनदेनका हरहिसाब राख्न सक्ने, सरल चित्र पोस्टर साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने, सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउन सक्ने, घडी हेरेर समय बताउन सक्ने, भित्ते पात्रो हेरी तिथि मिति बताउन सक्ने, बैङ्क भौचर भर्न र चेकको प्रयोग गर्न सक्ने भएपछि त्यो व्यक्ति साक्षर मानिने केन्द्रले सूचक तयार गरेको छ ।

न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबिचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यान्त सिकाइका कार्यक्रमको ठूलो

महत्व रहन्छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ । वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०८० मा पुग्दा नेपालमा ७७.४ प्रतिशत (नेपाल जीवन स्तर सर्वेक्षण २०२२ /२०२३ अनुसार) प्रतिशत पुगेको अवस्थामा एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि सुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ । नेपालको साक्षरता प्रतिवेदन - सन् २०२३, अनुसार हाल सम्म नेपालका ७७ जिल्लाहरु मध्य ६५ जिल्लाहरू साक्षर जिल्लाका घोषणा भइसकेका छन्, जस्मा बागमती, गण्डकी र कोशी प्रदेशका जिल्लाहरू छन भने मधेश र कर्णाली प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम रोकिएकोमा हालका वर्षहरुमा सुचारू गरी साक्षर नगर/गाउँपालिका तथा जिल्ला घोषणा गर्ने कार्यले निरन्तरता पाएको छ । कोशी प्रदेश सरकारले समेत आगामी दुई वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाँकी पाँच ओटा जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको अवस्था छ । साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यान्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिए तापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरिरहेको अवस्था छ । देशभर २१५१ ओटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्त्वपूर्ण अङ्ग भई काम गरिरहेका छन् भने नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयीय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् ।

### ३.५.२ वर्तमान अवस्था

माई नगरपालिकामा स्थापना भई सञ्चालन भएका सामुदायिक सिकाइ केन्द्रहरूमा दानाबारी, महमाई र डाँफे सिकाइ केन्द्र रहेका छन् । यिनीहरूले प्रौढ शिक्षा, साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा आय आर्जन सम्बन्धिका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । डाँफे, महमाई र दानाबारी सामुदायिक सिकाइ केन्द्रले कम्प्युटरका आधारभूत सिप विकास लगायतका विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन गरेको छ । पछिल्लो समयमा नगरपालिकाले थप अनुदान दिई अन्य थुप्रै किसिमका कार्यक्रम तथा तालिमहरू सञ्चालन गरेका छन् ।

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपाचरिक शिक्षालाई नवीनतम प्रविधिसँग तादम्यता गर्नु, समाजमा पठन संस्कृतिको विकास गर्नु, निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सिपसँग जोडेर प्रदान गर्नु, विद्यालय शिक्षाबाट वञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिवृद्धि गर्नु आदि अनौपचारिक तथा आजीवन

सिकाइ शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरिदै आएको छ । उच्च तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । तीनओटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

नगरपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धित क्षेत्रसँग पहल गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी पालिका स्तरबाट कृषि तथा पशु, रोजगार, सहकारी र महिला विकास आदि शाखाबाट बजेट विनियोजित भएको छ । शिक्षा जीवनभरि चलिरहने प्रक्रिया भएको कारण र समय परिवर्तनशील र प्रगतिशील भएको कारणले यस माई नगरबासीहरूको माग अनुसारको सिपमा जोड्न कृषि तालिम प्रविधि विस्तार र प्रसार, उद्यम तथा रोजगार सिर्जनाको लागि र युवाहरूलाई स्वदेशमै बस्ने वातावरण सिर्जनाको लागि नीतिगत रूपमै पालिकाले योजना बनाएको छ ।

### ३.५.३ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु,
- अनौपचारिक तथा जीवनपर्यान्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरतामा सहयोग गर्नु,
- आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्नु,

### ३.५.४ रणनीति

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।
- सबै उमेर समूहका नागरिकलाई जीवन पर्यन्त शिक्षाको व्यवस्था गर्ने ।
- सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषालाई व्यावहारिक रूपमा अन्तरसंवाद गर्न सक्षम बनाउने ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- नगरपालिका भित्रका विद्यालयहरू मार्फत विद्यार्थी परिचालनद्वारा साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गर्ने ।
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सङ्घसंस्थाहरूसँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने ।

- विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाउने ।
- प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारिक शिक्षाबाट बन्चित भएका व्यक्तिहरूलाई छोटो अवधिको तालिम दिई व्यावसायिक बनाउने ।
- सामुदायिक सिकाइ समूह मार्फत समूहको सदस्यलाई परिचालन गरी सिकाइ र सिप विकास कार्यक्रमहरू विस्तार गर्ने ।
- जेष्ठ नागरिक सिकाइ केन्द्रहरूको स्थापना गरी सांस्कृतिक कार्यक्रम मार्फत सिकाइलाई जोड दिने ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### (क) उपलब्धि

- वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर सिर्जना गरी रोजगारीको अवसर सिर्जना भएको हुनेछ ।
- नगरपालिका स्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुनेछन् ।

#### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | लक्ष्य | आधार वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | ५ वर्ष जम्मा |
| १ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | १० | ३ | ५ | ६ | ७ | ८ | १० | ५ |
| २ | माई नगरपालिकामा साक्षरता प्रतिशत | १०० | ७३.०१ | ७६ | ७९ | ८२ | ८४ | ८६ | |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | पटक/सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र | पटक/सङ्ख्या | ० | १ | १ | १ | १ | १ | |
| ५ | अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी अद्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ७ | जीवनोपयोगी सिप प्रदान गर्ने तालिम केन्द्र | १० | १ | १ | १ | १ | १ | १ | |
| ९ | उद्यमशीलता तथा सिप विकास सम्बन्धी तालिम लिनेको सङ्ख्या | पटक | १ | १ | १ | १ | १ | १ | ५ |

## (क)प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता कार्यक्रमहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | सामुदायिक सिकाइ केन्द्रको वार्षिक परीक्षण र समीक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ४ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रमार्फत वित्तीय साक्षरता र आयआर्जन कार्यक्रम | सङ्ख्या | | १ | | १ | १ | ३ | ६ |
| ७ | सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरूमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालीन परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ९ | परम्परागत सिप पहिचान, मूल्याङ्कन र प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४. १ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१. परिचय

पाठ्यक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नवीनतम् शैक्षिक प्रवर्धन, प्रयोग तथा उपलब्धिहरू, राज्यको पुनसंरचनासँगै शैक्षिक रूपान्तरण अपरिहार्य भएको परिपेक्ष्यमा पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २०७६ देखि परिवर्तन गरी कार्यान्वयन प्रारम्भ गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई आधार तथा मार्गचित्रका रूपमा लिई सामाजिक न्याय, सकारात्मक रूपान्तरण र विश्व प्रतिष्पर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु, सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ । विगतमा प्रयोग गरिएको विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरूको अनुभवका आधारमा मूल्याङ्कनका साधनहरूलाई सहज र व्यावहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ । यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि सङ्घीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन र स्थानीय तहको शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने गरेको छ । अहिले विद्यार्थी सिकाइका लागि आन्तरिक मापदण्ड २०८० समेतका आधारमा मूल्याङ्कन गर्ने गरिन्छ । कक्षा १-३ मा १०० प्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीका आधारमा मूल्याङ्कन गरिन्छ । कक्षा ४- ८ मा पूर्णाङ्कको ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत वाह्य पद्धतिका आधारमा मूल्याङ्कन हुने र कक्षा ९-१२ मा पूर्णाङ्कको २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत वाह्य पद्धतिबाट मूल्याङ्कन हुन्छ । नतिजा प्रकाशनका लागि  लेटर ग्रेडिङ् निर्देशिका २०७८ लाई आधार मानिन्छ ।

### ४.१.२ वर्तमान अवस्था

माई नगरपालिकामा जम्मा ४४ सामुदायिक विद्यालयहरू रहेका छन् भने १३ ओटा संस्थागत विद्यालयहरू रहेका छन् । त्यस्तै गरेर १ गुठी विद्यालय र सरकारी अनुदान प्राप्त ३४ ओटा र नगरपालिकाको अनुदानबाट ८ ओटा बालविकास केन्द्रहरू रहेका छन् । ती विद्यालयहरू मध्ये माई नगरपालिकाको केन्द्रमा रहेको कन्काई माध्यममिक विद्यालयमा प्राविधिक धार तर्फको कम्प्युटर इन्जिनियरिङ धारमा कक्षा ९ र १० सञ्चालन भइरहेको छ भने कक्षा ११ र १२ सञ्चालनको तयारी पनि भइरहेको छ । यस पालिकाभित्र सामुदायिक, संस्थागत, गुठी र मन्टेश्वरी विद्यालयहरूमा

जम्मा ६८९२ विद्यार्थीहरू अध्ययनरत छन् । (स्रोतः इमिस २०८१, माई नगरपालिका)

नगरपालिका भित्रका १३ ओटा संस्थागत विद्यालयहरूलमा आ-आफ्नै तरिकाले निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तकहरूको प्रयोग गर्ने गरिएको छ भने सामुदायिक विद्यालयहरूमा जनक शिक्षा सामग्री केन्द्रले तय गरेको पाठ्यपुस्तक पठनपाठन भइरहेको छ । यस पालिकाभित्र वर्तमान परिस्थितिमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयनमा रहेको छ । शैक्षिक वर्ष २०७७ देखि कक्षा १ र ११ मा नयाँ पाठ्यक्रम अनुरुप अध्ययन अध्यापन कार्य सुरू गरी शैक्षिक वर्ष २०८० सम्ममा कक्षा १२ सम्मका सबै कक्षामा कार्यान्वयन भएको छ । केही सामुदायिक विद्यालयहरूले तल्लो कक्षा (१-५/ १-८) मा अङ्ग्रेजी माध्यमलाई जोड दिई पठनपाठन गर्दै आएका छन् भने कन्काई माध्यमिक विद्यालयले सामान्य धार तर्फ कक्षा ९-१० मा नेपाली र अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गरिएको छ । स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार यस नगरपालिकाले आधारभूत तहमा हाम्रो माई नगर विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि कार्यान्वयनमा ल्याइएको छ । कक्षा ४, ५ र ८ का भने पाठ्यपुस्तक निर्माण गरी कार्यानन्वयन भइरहेको छ । कक्षा ६ र ७ को पाठ्यपुस्तक तयार भएको छ भने कक्षा १,२ र ३ को पाठ्यपुस्तक निर्माण गर्नुपर्ने स्थिति छ ।

हाल माई नगरपालिकामा आधारभूत तहकक्षा १-५ मा सामुदायिक तर्फ स्वीकृत र राहत गरी जम्मा १८६ शिक्षक दरबन्दी रहेका छन भने जम्मा १६४४ जना विद्यार्थी अध्ययनरत छन् । यो तथ्याङ्कलाई हेर्दा कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात करिब १ः ९ देखिन्छ । यस्तै गरी आधारभूत तह कक्षा ६-८ मा सामुदायिक तर्फ स्वीकृत र राहत गरी जम्मा ३३ शिक्षक दरबन्दी रहेका छन भने जम्मा ११५२ जना विद्यार्थी अध्ययनरत छन् । कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात करिब १ः ३५ देखिन्छ । यस्तै गरी माध्यमिक तह कक्षा ९-१०मा सामुदायिक तर्फ स्वीकृत र राहत गरी जम्मा १८ शिक्षक दरबन्दी रहेका छन् भने जम्मा ७१७ जना विद्यार्थी अध्ययनरत छन् । यो तथ्याङ्कलाई हेर्दा कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात करिब १ः ४० देखिन्छ । यसपालिकामा चारओटा विद्यलयमा कक्षा ११-१२ सञ्चालन भएको भए पनि जम्मा ३ओटा शिक्षक दरबन्दी मात्र छन् । हाल  कक्षा ६-८ र कक्षा ९-१० सञ्चालन भएका विद्यालयकमा केही विषयका लागि शिक्षक अनुदानका रूपमा शिक्षक व्यवस्थापन गरेको छ । यद्यपि कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ कालागि बिषयगत शिक्षक दरबन्दीको ठूलो खाँचो छ । ( स्रोतः शैक्षिक सूचना-२०८१, शिक्षा विकास तथा समन्वय इकाइ इलाम )

विद्यार्थीको सिकाइसँग प्रत्यक्ष सम्बन्ध राख्ने विज्ञान प्रयोशाला १० ओटा विद्यालयमा सामान्य अवस्थामा छ । पुस्तकालय पनि जम्मा १० ओटा माविमा सामान्य अवस्थाको छ । आइ सी टी ल्याब भने २० ओटा विद्यालयमा सामान्य रूपमा स्थापना भएका छन् । विद्यार्थीले गरेर सिक्ने अन्य विषयगत ल्याबको विकास हुन सकेको छैन् । इन्टरनेटको लाइन प्राय सबै विद्यालयमा पुगेको छ । विद्युत प्रवाह र इन्टरनेट दुवै भरपर्दो नहुँदा सिकाइमा प्रविधिको प्रयोग जोड्न कठिन भएको छ

। माध्यमिक विद्यालयहरूले केही इन्टरएक्टिभ बोर्ड नमुनाका रूपमा प्रयोग गरिरहेका छन् । स्थानीय बजारबाट कक्षा १-१० का पाठ्य पुस्तक व्यवस्थापन गरी सबै विद्यालयले पाठ्यपुस्तक वितरण गर्दै आएका छन् । शैक्षिक सामग्री सङ्कलन, निर्माण र व्यवस्थापन उत्साह जनक देखिँदैन भने प्रयोगमा पनि सीमितता नै देखिन्छ । यस नगरपालिकाको विद्यार्थी सिकाइ उपलब्धिलाई तल देखाइएको छ ।

माई नगरपालिकामा हालको कक्षागत सिकाइ औषत उपलब्धि कक्षा ५ को २.८७ देखिन्छ । यसैगरी कक्षा ८ को २.९८ र कक्षा १० को १.८५ रहेको छ ।

यसरी हेर्दा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ निर्माण भई प्रारम्भिक बालविकास र शिक्षादेखि कक्षा १२ सम्मको पाठ्यक्रम परिमार्जन भई लागु हुनु, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को विकास हुनु र सो को आधारमा माई नगरपालिकामा स्थानीय पाठ्यक्रमको विकास भई लागु हुनु, सबै बालबालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, माई नगरपालिकाले पाठ्यक्रम, पाठ्यपुस्तक, अन्य सन्दर्भ सामग्रीको विकास र कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्नु, स्थानीय सरकारको लगानीमा थप जना शिक्षकले शिक्षकको पेसागत विकास तालिम प्राप्त गर्नु आदिलाई अवसरहरू रूपमा लिन सकिन्छ ।

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था गर्न, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्न, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्न, अपाङ्गता भएका बालबालिकाहरूका लागि सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्न, आदि पाठ्यक्रम तथा पाठ्यसामग्रीसँग सम्बन्धित मूख्य चुनौतिहरू रहेका छन् । पाठ्यपुस्तकलाई शैक्षिक सत्रको शुरूमा नै विद्यार्थीको हातमा प्रदान गर्न, शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्न, विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने, विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउन, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्न, विद्यालयलाई सूचना प्रविधिसँग जोडेर शिक्षक विद्यार्थीहरूको सहज पहुँच सुनिश्चित गर्न र आवश्यक कार्यक्रम सञ्चालन गर्न स्रोतको सुनिश्चित हुन समेत यस क्षेत्रका चुनौतिका रूपमा देखिन्छन् । यस क्षेत्रका तपशिल चुनौति तथा समस्यालाई निम्नानुसार टिपोट गर्न सकिन्छ ।

- नीतिगत व्यवस्था अनुसार आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन ।
- स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री निर्माण र कार्यान्वयनको व्यवस्थापन गर्न ।
- सबै शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी अभिमुखीकरण गराउन ।
- मातृभाषा पढाइ भइरहेका विद्यालयहरूलाई आवश्यक जनशक्ति र सिकाइ सामग्री व्यवस्था गर्न ।

➠ पाठ्यपुस्तकको सुधार र गुणस्तर कायम गर्न ।

➠ विद्यार्थीहरूका लागि मुद्रित तथा डिजिटल साथै प्रविधिमैत्री सामग्रीको विकास र उपलब्धता हुनु ।

➠ पाठ्यक्रमले निर्देशित गरे अनुसार मूल्याङ्कन व्यवस्थित गर्न, मूल्याङ्कन पद्धतिलाई सिकाइ र जीवन उपयोगी सिपसँग जोड्न ।

➠ आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको भएता पनि प्रभावकारी कार्यान्वयन गर्न ।

➠ एकीकृत पाठ्यक्रम सम्बन्धी सबै शिक्षकहरूलाई तालिम दिन ।

➠ सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्न ।

➠ पालिका भित्रका सबै विद्यालयहरूमा प्रविधि मैत्री शिक्षण सिकाइका लागि कम्तीमा सबै विद्यालयमा एक एक ल्यापटप, एक प्रिन्टर र इन्टरनेटको व्यवस्थापन गर्न ।

➠ विद्यालयमा रहेका सन्दर्भ तथा शैक्षिक सामग्रीहरूको उचित व्यवस्थापन तथा प्रयोग गर्न ।

➠ नगरपालिका भित्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था अनुकुलको शिक्षक तथा दरबन्दी उपयुक्त वितरण गर्न ।

### ४.१.३ उद्देश्य

१. पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्नु,

२. नगरपालिकाको परिवेश अनुसार व्यावहारिक तथा जीवनोपयोगी पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्नु,

३. परीक्षा र मूल्याङ्कन प्रणालीलाई सुदृढीकरण गर्नु,

४. परीक्षा र मूल्याङ्कनलाई सिकाइसँग जोडी विद्यार्थी उपलब्धि वृद्धि गर्नु,

### ४.१.४ रणनीति

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

४. विपद, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

५. सहपाठी सिकाइ समूह निर्माण गरी सिकाइको सुदृढीकरण र कमजोर सिकाइ क्षमता भएका

विद्यार्थीलाई सहयोग गर्ने व्यवस्था मिलाउने ।

६. परीक्षा र मूल्याङ्कनलाई सिकाइसँग जोड्न निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकरी र व्यवस्थित बनाउने ।

७ आन्तरिक मूल्याङकनलाई व्यवस्थित र प्रभावकारी बनाउन पूर्णाङ्क र पाठ्यभारका आधारमा पठन/ सिकाइ संस्कृतिलाई जोड दिई 'गर र सिक' भन्ने कार्यको विकास गर्ने ।

८. स्थानीय पाठ्यक्रम निर्माणको क्रममा वातावरणीय दिगोपनाका लागि वृक्षारोपण, वातावरण संरक्षणको रैथाने ज्ञान र सिपलाई समावेश गर्ने ।

९. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन वातावरण सिर्जना गर्ने ।

१०. सिकाइलाई दैनिक जीवनसँग जोड्न स्थानीय परिवेश र भौगोलिक अवस्था अनुकूलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने ।

११. पालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयहरूमा क्रमशः सञ्चार र प्रविधिको पहुँचको सुनिश्चित गरिँदै लाने ।

१२. पालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरूबिच शैक्षिक प्रणाली र सिकाइ प्रक्रियाका आ–आफ्ना विचार आदान प्रदान गर्न प्रोत्साहन गरी सिकाइलाई प्रभावकारी बनाउने ।

१३. पालिकाभित्रका सामुदायिक विद्यालयहरू मध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालयलाई उचित मूल्याङ्कन गरी पुरस्कृत गर्ने ।

१३. तहगत रूपमा नगरस्तरमा समेत सिकाइ मूल्याङ्कन परिपाटी तथा नगरस्तरमा समेत सह क्रियाकलाप सञ्चालन गरी  उपल्ब्धि वृद्धि र व्यक्तित्व विकासको अवसर प्रदान गर्ने ।

१४. विद्यालयको विकास र सिकाइ वातावरणलाई प्रभावकारी बनाउन प्रधानाध्यापक तथा शिक्षकहरूसँग करार सम्झौता गर्ने ।

### ४.१.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकरूमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

## (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | एकिकृत पाठ्यक्रम लागु गरेको विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | परीक्षामा स्तरीकृत प्रश्नपत्र प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चान गर्ने विद्यालय सङ्ख्या | ३ | - | १ | - | - | - |
| ४ | कार्य सञ्चयिका तयार गरेर निरन्तर मूल्याङ्न गर्ने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | कार्य घण्टा र मापदण्डका आधारमा आन्तरिक मूल्याङ्नकन गर्ने विद्यालय | ३० | ३५ | ४० | ४३ | ४३ | ४४ |
| ६ | भरपर्दो इन्टरनेट सुविधा भएका विद्यालय | ४१ | ४१ | ४१ | ४२ | ४३ | ४४ |
| ७ | आइसिटी ल्याब सञ्चालन र सोको जनशक्ति भएका विद्यालय सङ्ख्या | ४ | ६ | ८ | १० | २० | ३५ |
| ८ | विज्ञान प्रयोगशाला र पुस्तकालय सञ्चालन र सोको जनशक्ति भएका विद्यालय सङ्ख्या | २ | ४ | ७ | ११ | २४ | |

### (ग) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | स्थानीय पाठ्यक्रमको पुनरावलोकन विकास र कार्यान्वयन | पटक | | १ | ० | ० | १ | २ | ४ |
| २ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास र वितरण (कक्षा १-३) | पटक | १ | | | | | १ | २ |
| ३ | पाठ्यक्रम/पाठ्यपुस्तक सम्बन्धी प्रबोधीकरणमा आधारित क्षमता विकास कार्यक्रम | पटक | १ | | १ | | १ | ३ | ६ |
| ४ | स्थानीय मातृभाषामा पठनपाठन (लिम्बू, राई, मगर,तामाङ् ......) | पटक | | | १ | १ | १ | ३ | ६ |
| ५ | विद्यालय तह कक्षा ४ -१० सम्मका विद्यार्थीका लागि आन्तरिक मूल्याङ्कन अभिलेख पुस्तिका तयार र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | विद्यालय तहको मूल्याङ्कन सम्बन्धी क्षमता विकास तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | पाठ्यक्रम तथा शिक्षक निर्देशिका वितरण | विद्यालय | ४३ | | | | ४३ | ८६ | १७२ |
| ८ | सिकाइ उपलब्धी विश्लेषण, छलफल अन्तरक्रिया र प्रतिवेदन तयार कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १० | नगर शिक्षा सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | पालिका स्तरीय कक्षा ५ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | पालिका स्तरीय कक्षा ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | पालिका स्तरीय कक्षा ११ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | Homework Dairy छपाई र वितरण (कक्षा ४-८) | सङ्ख्या | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २५००० |
| १५ | १२ महिना १२ कार्यक्रम | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था छ । यसमा प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । नेपालमा विद्यालय शिक्षाभित्र एक वर्षको प्रारम्भिक बालविकास र शिक्षा, कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षा गरी तीन तहको शिक्षाको संरचना कायम गरिएको छ । सामुदायिक शिक्षाको विकास र सुनिश्चितताका लगि शिक्षकको उपयुक्त व्यवस्थापन र विकासले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

नेपालको शिक्षानीति २०७६ अनुसार शैक्षिक संरचनाका विभिन्न स्थानमा रहेर सेवा प्रवाह गर्ने भरपर्दो जनशक्ति नै शिक्षक हुन् । गुणस्तरीय सेवा प्रवाह गरी उत्कृष्ट नतिजा हात पार्न र राष्ट्रिय उद्देश्य अनुसारका नागरिक तयार गर्न शिक्षकको पेसागत दक्षता अपरिहार्य छ । शिक्षकहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिवद्धता, जवाफदेहिता, उत्तर दायित्व सुनिश्चित गर्दै सुशासन कायम गर्न जोड दिएको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ अनुसार शिक्षाको गुणस्तरीय शिक्षकको व्यवस्थापनबाट मात्र गुणस्तरीय शिक्षा सम्भव हुन्छ । यसका लागि शिक्षक दरबन्दीको व्यवस्था, शिक्षक छनोट, शिक्षकको पेसागत विकास र उपयोग, शिक्षक प्रोत्साहन तथा शिक्षकका अनुभव आदानप्रदान जस्ता कुरामा जोड दिएको छ । यसैगरी

विश्वव्यापीकरण (globalization) को प्रभावलाई समेत मध्यनजर गर्दै शिक्षकको पेसागत क्षमता विकास र विस्तारका लागि आधुनिक सूचना प्रविधि तथा प्रणालीसँग आवद्ध गर्दै अगाडि बढ्नु पर्ने कुरामा समेत जोड दिएको छ ।

राज्यको पुनः संरचना तथा बदलिदो परिस्थितसँगै नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको समान पहुँचको हकलाई प्रभावकारी कार्यान्वयन गर्न र परिवर्तित संरचनाअनुसार संस्थाहरूको क्षमता विकास गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिएका छन् । परिवर्तित सन्दर्भमा राज्यका स्रोत साधनहरूको पनि समयानुकुल र समतामूलक वितरण गरिनु जरूरी छ । यसै सन्दर्भमा हाम्रो माई नगरपालिकामा पनि विद्यमान शिक्षक दरबन्दीको अध्ययन, अनुसन्धान, विश्लेषण गरी पुनर्वितरण गर्नु यो योजनाको लक्ष्य रहेको छ ।

सामुदायिक विद्यालयमा घट्तो विद्यार्थी संख्ङ्या, बिकट भौगोलिक अवस्था, वर्तमान नीतिगत कानुनी अवस्था, विद्यालय सङ्ख्या र दरबन्दी, तहगत तथा विषयगत शिक्षक व्यवस्थापन र यसको लागि अपनाउनु पर्ने रणनीति योजनामा समेटिँदा योजना कार्यान्वयनमा सहजता हुने विश्वास छ ।

४.२.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले शिक्षकहरूको सक्षमता तथा आवश्यकतालाई औंल्याएको छ । योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिवद्ध, समर्पित तथा जिम्मेवार शिक्षक नै शैक्षिक प्रणालीका खम्बा हुन । कक्षा ११र १२ सञ्चालन भएका माध्यमिक विद्यालय तथा विश्वविद्यालयहरूले शिक्षकको उत्पादन गर्दछन् भने अध्यापन अनुमति पत्र प्रदान गर्ने र रिक्त स्थानका लागि शिक्षकहरूको छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने काम शिक्षा सेवा आयोगले गर्दै आएको छ । शिक्षकहरूको बढुवा सम्बन्धी काम पनि शिक्षा सेवा आयोगले नै गर्दछ। स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापन शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय पालिकाको समन्वयमा हुने गरेको छ ।

एकातिर शिक्षालाई वैज्ञानिक, व्यावसायिक सिपमूलक, प्राविधिक र रोजगारमूलक तथा जनमूखी बनाउनु छ भने अर्कातिर सामुदायिक विद्यालयमा विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गरी अवसर प्राप्त गर्न सक्ने बनाउनु छ । यसको मुख्य स्थान विद्यालय हो भने आधार स्तम्भ त्यहाँको जनशक्ति नै हो । शिक्षकको वैज्ञानिक व्यवस्थापन र एउटा गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षकलाई योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिवद्ध, समर्पित तथा जिम्मेवार बनाई गुणस्तरीय शिक्षकबाट गुणस्तरीय सहजीकरण गराउने जिम्मेवारी स्थानीय सरकारको हो ।

माई नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्रमा जम्मा १३५२ आधारभूत तहमा जम्मा ४१७० माध्यमिक तह (कक्षा ९,१०) मा ९०० माध्यमिक तह (कक्षा ११,१२) मा जम्मा ४६९ गरी कुल जम्मा ६८९२ विद्यार्थी अध्ययनरत छन् । हाम्रो नगरपालिकाको स्थापना भई स्थानीय सरकार बनेपछि

कायम भएका र क्रमशः थप हुँदै आएका तहगत विविध प्रकारका दरबन्दीलाई हेर्दा निम्नानुरसारको विवरण पाइयो ।

| क्र.सं. | तह | स्थायी | राहत | करार | अनुदान | प्राविधिक धार | कर्मचारी/अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रा बा वि के | | | १५नगर | ३४सङ्घ | | | ४९ |
| २ | आधारभूत १-५ | १३९ | ३१ | १६ | | | ३३ | १८६ |
| ३ | आधारभूत ६-८ | १६ | १७ | | ५ | | | ३८ |
| ४ | माध्यमिक ९-१० | ११ | ७ | | १७ | | २० | ३५ |
| ५ | माध्यमिक ११-१२ | | १ | २ | | | | ३ |
| ६ | प्राविधिक धार | | | | | ४ | | ४ |
| | जम्मा | १६६ | ५६ | ३३ | ५६ | ४ | ५३ | ३१५ |

### ४.२.३ उद्देश्य

१. विद्यालय कक्षागत, तहगत र विषयगत रूपमा शिक्षकको व्यवस्था गर्नु,

२. प्रविधिमा आधारित शिक्षक तालिम व्यवस्था गर्ने, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,

३. शिक्षकको पेसागत विकास र निरन्तर पेसागत सहयोगलाई सुनिश्चित गर्नु,

४. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन, प्रोत्साहन र वृत्ति विकासका अवसरमा सुधार गर्नु,

५. दक्ष, सक्षम, र उत्प्रेरित शिक्षकको व्यवस्थापन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने पद्धतिको विकास गर्नु,

६. विद्यालय सुपरीवेक्षण प्रणालीलाई व्यवस्थित गरी शिक्षकको पेसागत सहयोग, गुणस्तर र शैक्षिक सुशासनमा सुधार गर्नु,

### ४.२.४ रणनीति

१. विद्यार्थी शिक्षक अनुपातका आधारमा कक्षागत, तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने ।

२. शिक्षकको पेसागत विकासका लागि प्रदेश सरकारको समन्वयमा शिक्षण सिप विकास, विषयगत सेवाकालीन तालिम, सिकाइ पोर्टल तथा एप्सको प्रयोग सम्बन्धी तालिमको सञ्चालन गर्ने ।

३. रिक्त दरबन्दीमा स्थानीय सरकारले शिक्षक व्यवस्थापन गर्ने र वैकल्पिक व्यवस्था गरी दरबन्दीलाई १५ दिन भन्दा बढी रिक्त नहुने गरी सुनिश्चित गर्ने ।

४. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन, प्रोत्साहन र वृत्ति विकासका अवसरमा सुधार गर्ने,

कार्यक्रम र सूचक तयार गरी प्रभावकारी कार्यान्वयन गर्नुका साथै शिक्षकलाई सिकाइप्रति समर्पित र जवाफदेही बनाउने ।

५. विद्यालय सुपरीवेक्षण प्रणालीलाई व्यवस्थित गर्न विषय विज्ञको समूह निर्माण गरी विद्यालयलाई नियमित रूपमा अनुगमन गर्ने ।

६. शिक्षकहरूको विषयगत सञ्जाल निर्माण गरी अनुभव तथा सिकाइ आदानप्रदान गर्न प्रोत्साहन गर्ने ।

७. शिक्षक सक्षमताको प्रभावकारी उपयोग गरी विद्यार्थी मूल्याङ्कन र उपलब्धिसँग तालमेल गर्ने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलब्धि

१. दरबन्दी मिलान भई सबै विद्यालयमा कक्षागत र विषयगत रूपमा शिक्षकको व्यवस्था भएको हुनेछ ।

२. शिक्षकहरूलाई निरन्तर स्तरीय पेसागत विकासको अवसर प्राप्त भएको हुनेछ ।

३. सबै विद्यालयमा आवश्यक सत्याँमा दक्ष, सक्षम, योग्य, उत्साहित तथा पेसाप्रति प्रतिवद्ध र कार्य सम्पादनप्रति जिम्मेवार शिक्षक व्यवस्था भएको हुनेछ ।

४. सबै शिक्षक कर्मचारीहरू आधुनिक सूचना प्रविधिप्रति अभ्यस्त भई सिकाइलाई सहज, सरल र गुणस्तरीय बनाएको हुनेछ ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४० | २ | २ | २ | ३ | |
| २ | आधारभूत तहमा कार्यरत तालिम प्राप्त शिक्षक | १०० | ११० | १२० | १३० | १४० | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक | १४ | १६ | २१ | २५ | ३० | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम् सक्षमता भएका शिक्षक | ८० | १०० | १२० | २०० | २८० | |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | १५ | १७ | २० | ३० | ४० | |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| ६ | शिक्षकको पेसागत विकास तालिम पुरा गरेको सङ्ख्या | १५५ | १६० | १७० | १८० | १९० | |
| ७ | मेन्टरिङ कार्यक्रम पूरा गरेको सङ्ख्या | २६ | ४० | ६० | ८० | १०० | |
| ८ | संस्थागत तथा गुठी विद्यालयका तालिम प्राप्त शिक्षक सङ्ख्या | - | - | - | - | - | |

(ग) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षकको पेशागत सहयोग सञ्जाल गठन र तिनको कार्य प्रक्रिया निर्धारण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० |
| ३ | शिक्षकले कक्षाकोठामा विताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ४ | स्थानीय तहमा विज्ञ व्यक्ति/ समूह परिचालन | जना/समूह | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | शिक्षकको विषयगत सञ्जाल निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | शिक्षकको कार्यसम्पादन सूचक निर्माण | पटक | १ | | १ | | १ | ३ | ६ |
| ७ | अन्तर विद्यालय अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | शिक्षण सुधार योजनाको निर्माण | | | | | | | | |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | कार्याशाला | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० |
| ९ | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा ५ वटा) | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| १० | पालिका स्तरीय शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | उत्कृष्ट प्र.अ., शिक्षक, बाविके शिक्षक र कर्मचारी पुरस्कार | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| १२ | शिक्षकको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | विद्यालय सहायक कर्मचारीको क्षमता अभिवृद्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | प्रशिक्षकको पेशागत विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | Item Writing and Question Bank निर्माण कार्याशाला (कक्षा ५, ८ र १०) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | नेपाल शिक्षक महासङ्घको नेतृत्व विकास छलफल, शैक्षिक बहस | पटक | | | | | | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

राज्यको मूल प्रवाहमा समाहित हुन नसकेका वर्ग वा पछाडि परेका वा पारिएका महिला, आदिवासी, जनजाति, मधेसी, दलित लगायतका सीमान्तकृत वर्गका लागि क्षतिपूर्तिको सिद्धान्तको आधारमा राज्यको मूल प्रवाहमा ल्याउन अपनाइने लोकतान्त्रिक विधि समावेशीकरण हो । राज्यको शासन प्रक्रिया, नीति निर्माण, नीति कार्यान्वयन लगायत राज्यको हरेक अङ्गमा उनीहरूको सार्थक उपस्थिति गराई उनिहरूलाई राज्यप्रति अपनत्व महसुस गराउने उपाय समावेशीकरण हो । समावेशीकरण आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक तथा शैक्षिक क्षेत्र लगायत राज्यका हरेक क्षेत्रमा लागु गर्नुपर्दछ ।

शाब्दिक अर्थमा समावेशीको अर्थ समावेश गर्नु, सहभागी गराउनु हो भने कुनै पनि विषयमा दिइने

वा लिइने औपचारिक वा अनौपचारिक जानकारी शिक्षा हो । यसरी हेर्दा समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, सम्प्रदाय, जातजाति लगायत शिक्षाबाट वञ्चित रहेका वर्गलाई उनीहरूको आवश्यकता र चाहाना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीपनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमाबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षाको आधुनिक विधि नै समावेशी शिक्षा हो ।

नेपालमा समावेशी शिक्षा सम्बन्धी ऐन २०२८ सालबाट नै प्रयोगमा आएको भएतापनि व्यावहारिक रूपमा २०६२/०६३ सालको जनआन्दोलन पछि स्थापित भएको र वि. सं २०६३ सालमा आधारभूत शिक्षा मातृभाषामा दिने र माध्यमिक तह सम्मको शिक्षा निशुःल्क प्रदान गर्ने संवैधानिक व्यवस्था गरिएको पाइन्छ । नेपालको संविधान २०७२ को धारा ३१ ले सबै बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गरेको छ । अपाङ्गत भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०), दिगो विकासको लक्ष्य ( २०१५-२०३०) बुँदा नं. ४ साथै समावेशी शिक्षा नीति २०७३ ले आर्थिक तथा सामाजिक रूपले पछाडि पारिएका व्यक्तिहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्नको लागि समावेशी शिक्षाको आवश्यकता रहेको कुरा उल्लेख गरिएको छ ।

यसरी आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वको लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ ।

### ४.३.२ वर्तमान अवस्था

समाजमा रहेका विविध प्रकृतिका विकृती विसङ्गतीलाई अन्त्य गरी आर्थिक तथा सामाजिक रूपमा पिछडिएकाहरूलाई सहयोग गर्दै शिक्षामा सबैको पहुँच पुऱ्याउन राज्यले विभिन्न कार्यहरू गर्दै आइरहेको छ । लैङ्गिक समानता र महिला तथा जातीय हिंसा विरूद्ध माई नगरपालिकामा पनि विभिन्न कार्यहरू हुदै आइरहेका छन् । नेपालको संविधान तथा कानुनमा व्यवस्था भएअनुरूप नगरपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति तथा अन्य विभिन्न सङ्घसंस्थाहरूमा महिला, दलित तथा अन्य सीमान्तकृत वर्गको उपस्थिति उल्लेख्य रहेको छ । विद्यालय शिक्षामा लक्षित समूहका बालबालिकाहरूको पहुँच अभिवृद्धि गर्नको लागि छात्रवृति तथा अन्य सुविधाहरूको पनि व्यवस्था गरिदै आएको छ ।

### ४.३.३ चुनौति

समावेशी शिक्षाको उद्देश्य पूरा गर्नका लागि निम्नलिखित समस्या तथा चुनौतिहरू रहेका छन् :

- विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू नहुनु,
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु,
- शिक्षालाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री, तथा बालमैत्री बनाउनु,

- ➠ लक्षित समूहको शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यक भौतिक तथा शैक्षिक वातावरण बनाउन आवश्यक स्रोतको व्यवस्थापन गर्न,
- ➠ लक्षित समूहहरू पहिचान गर्न,

### ४.३.४ उद्देश्य

- ➠ शिक्षाको मुलधारबाट वञ्चित वर्गको पहिचान गरी शिक्षा दिने उपाय खोजी गरी शिक्षाको अवसर प्रदान गर्नु,
- ➠ विद्यालयहरूमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाई नहुने सुनिश्चितता प्रदान गर्नु,
- ➠ भेदभावरहित शैक्षिक वातावरण सिर्जना गर्नु,
- ➠ विद्यालयहरूलाई अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाउन,
- ➠ आधारभूत तहमा मातृभाषाका माध्यमबाट सिकाइलाई सुनिश्चित गर्नु ।

### ४.३.५ रणनीति

- ➠ पालिकाभित्रका घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी सो अनुसार शैक्षिक प्रबन्ध मिलाउने ।
- ➠ विद्यालयमा बालमैत्री, लैङ्गिक मैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गरी लक्षित समूहको पहुँच सुनिश्चित गर्ने ।
- ➠ लक्षित बालबालिकालाई आवश्यकता अनुसार पोसाक, स्टेशनरी सामग्री तथा छात्रवृति उपलब्ध गर्ने ।
- ➠ सवै विद्यालयमा विभेदरहित बालमैत्री वातावरण सिर्जना गर्ने ।
- ➠ विद्यालयमा अभिभावकको संलग्नता बढाउने ।
- ➠ आधारभूत तह सम्ममा मातृभाषामा सिकाइ अवसर प्रदान गर्ने ।
- ➠ विद्यालयका हरेक गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गर्ने ।

### ४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### (क) उपलब्धि

- ➠ विद्यालय शिक्षामा समावेशी सिद्धान्त बमोजिम लक्षित समूहको पहुँच अभिवृद्धि भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।
- ➠ विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागी गुणस्तरीय शिक्षा निश्चित भएको हुनेछ ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ० | - | - | - | - | - |
| २ | आधारभूत तहमा वैयतिक फरक क्षमता भएका बालबालिकाको सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ३ | आधारभूत तहमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिकाको सङ्ख्या | ० | - | - | - | - | - |
| ४ | लैङ्गिक फोकल पर्सन भएका विद्यालय सङ्ख्या | १४ | १८ | २१ | २४ | २८ | ३० |
| ५ | Gender equality and social inclusion social emotional learning सम्बन्धित तालिम प्राप्त शिक्षक | ० | १० | १५ | २० | २५ | ३० |
| ६ | गुनासो सुनुवाई सम्झौता र आचारसंहिता निर्माण गरी कार्यान्वयन भएका विद्यालय सङ्ख्या | १० | १२ | १४ | १६ | १८ | २० |

### (ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | समता तथा समावेशीकरण सम्बन्धी नीति, नियम निर्माण र पुनरावलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | लैङ्गिक सम्पर्क व्यक्तिको छनौट र क्षमता विकास | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० |
| ३ | बालमैत्री प्रारूप सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ४ | छात्रा समावेशी सञ्जालको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | मनोपरामर्श तथा दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री जस्ता भौतिक संरचनाको विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| ७ | समावेशी शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | विद्यालय जान नसक्ने बालबालिकाहरूको लागि घरमै विद्यालय कार्यक्रम सञ्चालन | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| ९ | लक्षित वर्गका बाललबालिकाहरू का लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सहयोगी सामग्री बितरणका लागि बजेट अनुदान वा समावेशी सिकाइ सामग्री | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | लक्षित समूह सशक्तीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

बालबालिकाको वृद्धि, विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजा महत्त्वपूर्ण हुन्छ । खाना शरीरलाई आवश्यक पर्ने पोषक तत्त्व र बृहत पोषक तत्त्व आपूर्तिका लागि आवश्यकता पर्दछ । बालबालिकाको वृद्धि र विकासका लागि खाना अनिवार्य तत्त्व हो । पोषणयुक्त खाना खाएमा मात्र स्वस्थ्य जीवनको सुरूवात हुन्छ । नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको निःशुल्क तथा अनिर्वाय आधारभूत शिक्षा विद्यालयमा आएका बालबालिकाहरूको पोषणयुक्त खाजा व्यवस्थापन

गर्न प्रारम्भिक बालविकासदेखि कक्षा पाँचसम्म पढिरहेका विद्यार्थीहरूका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहमा दिवा खाजाको रकम ससर्त अनुदानका रूपमा निकासा हुन्छ । विद्यालयले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरूलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने हुन्छ । पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकास भई मानव पूँजी विकासमा योगदान पुग्दछ ।

आधारभूत विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम आरम्भ भएकोमा आर्थिक वर्ष २०७७/०७८ मा सामुदायिक विद्यालयका पूर्व प्राथमिकदेखि कक्षा पाँचसम्मका सबै बालबालिकालाई दिवा खाजाको व्यवस्था गरिएको छ । विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ ।

सन् २००४ मा सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार पारेको राष्ट्रिय पोषण रणनीतिमा १३ ओटा स्वास्थ तथा पोषणसम्बन्धी रणनीतिहरू तयार गरेकोमा त्यसमध्ये एउटा रणनीति स्वास्थ तथा पोषणसम्बन्धी थियो । यसले विद्यालयका बालबालिकाहरूमा कुपोषण हटाउने र विद्यार्थीहरूको वृद्धि, विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य लिएको थियो । नेपाल सरकारले संविधानको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, सबैका लागि खाद्य सम्प्रभुताको हक, दिगो विकासको गरिबी उन्मुलन तथा भोक उन्मूलन र सबैका लागि गुणस्तरीय पहुँच सुनिश्चितता सम्बन्धमा भएका कानुन तथा सम्झौता कार्यान्वयन गर्न बालकक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाको दिवा खाजा सञ्चालनार्थ माई नगरपालिकाले प्राप्त बजेटबाट नगरभित्रका सबै सामुदायिक विद्यालयहरूमा रकम हस्तान्तरण गर्ने कार्य गरेको छ ।

### ४.४.१ वर्तमान अवस्था

सामुदायिक विद्यालय अन्तर्गत EMIS २०८१ अनुसार माई नगरपालिका जम्मा ४४ ओटा सामुदायिक विद्यालयहरू रहेका छन् । जस मध्ये १० ओटा माध्यामिक र बाँकी आधारभूत तह रहेका छन । आधारभूत तहका ३४ र माध्यामिक तहका १० ओटा रहेका छन् । बालविकास केन्द्रहरू ३९ ओटा रहेका छन् । शैक्षिक सत्र २०८१ मा बालविकास देखि कक्षा ५ सम्म २०३३ विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

यहाँ ३९ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८१ मा बालविकासदेखि कक्षा ५ सम्म २०३३ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यस पालिका भित्रका संस्थागत विद्यालयहरूले आफ्नै मापदण्डअनुसारको स्वास्थ्य तथा पोषणयुक्त खाजाको व्यवस्थापन

गरेको भएतापनि विभिन्न सामुदायिक विद्यालयहरूले भिन्नभिन्न तरिका अपनाएर खाजाको व्यवस्थापन गरिरहेको पाइन्छ । नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा सम्बन्धी जम्मा तीन ओटा मोडालिटी उल्लेख गरिएको छ । विद्यालयबाट दिवा खाजा व्यवस्थापन, विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने र घरैबाट तयार गरी पठाउने व्यवस्थापन छ । जसमध्ये यस क्षेत्रका धेरैजसो विद्यालयहरूले पहिलो विकल्प अवलम्वन गरिरहेको पाइन्छ र त्यसपछि दोस्रो विकल्पअनुसार व्यवस्थापन गरेको पाइन्छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६ लागु हुनु, नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरूमा बालकक्षादेखि कक्षा ५ सम्मका कोशीका ५ जिल्लामा २० र बाकीँ जिल्लाहरूका सबै बालबालिकाहरूलाई रू १५ का दरले खाजा व्यवस्थापनका लागि रकम उपलब्ध गरउनु, सङ्घीय सरकारको शिक्षा ससर्त अनुदानअन्तर्गत WASH सहितको शौचालय र स्यानिटरी प्याड उपलब्ध हुनु, प्रदेश सरकारबाट खानेपानीका कार्यक्रम उपलब्ध हुनु, दिवा खाजाले बालबालिकाहरूमा विद्यालय नियमिततामा सुधार हुनु, अभिभावकहरूमा पोषणयुक्त खाना तथा बालबालिकाको स्वास्थ्यसम्बन्धी जनचेतना बढ्नु, ग्रामीण क्षेत्रका बालालिकाहरू लामो समय पैदल यात्राका कारण भोको पेट रही अध्ययन गर्नुपर्ने अवस्थाको अन्त्य भई सिकाइ उपलब्धिमा सुधार आउनु लगायतका गतिविधिले यस क्षेत्रको सुधारको प्रत्याभूत गर्दछ ।

यस पक्षको चुनौतिका रूपमा खाजाको कार्यक्रमका लागि नेपाल सरकारबाट उपलब्ध हुने रकम वर्तमान परिप्रेक्ष्य एकदमै कम हुनु, बालबालिकाले घरैबाट लिएर आएको खाजा ताजा तथा पोषाणयुक्त नहुनु, खाजामा जङ् फुडको उपभोग, ग्रामीण भेगका अभिभावकलाई पोषणयुक्त खानाको ज्ञानको कमी हुनु आदि रहेका छन् । यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरूलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

- खाजा व्यवस्थापनका लागि छुट्टै कक्षा व्यवस्थापन प्रबन्ध मिलाउन ।
- चमेना गृहको व्यवस्थापन गर्न ।
- विद्यालयले पोषणयुक्त खाजाको व्यवस्थापन गर्न ।
- प्राप्त रकम एकदमै न्यून भएकाले रकम थप गरी व्यवस्थापन गर्न,
- सबै विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्थापन गर्न,
- अभिभावकहरूलाई पोषण व्यवस्थापन लागि सचेत तथा प्रतिबद्ध गराउन ।
- दिवा खाजा सम्बन्धी मेनुको प्रभावकारी कार्यान्वयन गर्न ।

### ४.४.२ उद्देश्य

दिवा खाजा तथा स्वास्थ्य पोषण कार्यक्रमका उद्देश्य देहायबमोजिम रहेका छन् :

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- विद्यालयमा बालबालिकाको सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु ।
- बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार, सरोकारवालाहरू र अभिभावकहरूसँग समन्वय गर्नु ।
- विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालय भर्ना दर वृद्धि गर्नु ।
- पोषणयुक्त खाद्यान्नको अभाव भएका विशेष क्षेत्रका बालबालिकाहरूलाई लक्षित गरी शिक्षामा सुधार ल्याउनु ।
- कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दरमा कमी ल्याउनु ।
- सामुदायिक विद्यालयप्रति विद्यार्थीहरूको आकर्षण बढाउनु ।

### ४.४.३ रणनीति

यस योजनाका उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ :

- नगरपालिकाभित्रका विद्यालयमा पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यक्रम सञ्चालनार्थ तोकिएको मापदण्डअनुरूप स्थानीय मापदण्ड र स्तर निर्धारण गर्ने ।
- बालबालिकाका लागि सम्भव भएसम्म विद्यालयमा नै पोसिलो खाजा तयारीको आवश्यक प्रबन्ध मिलाउन विद्यालयहरूलाई प्रोत्साहन गर्ने ।
- दिवा खाजा कार्यक्रमलाई बिस्तार गर्दै आगामी दिनमा थप व्यवस्थित गर्ने ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइसहितको हात धुने ठाउँ, स्वच्छ खानेपानी र विद्यालय परिसर सरसफाइको प्रबन्ध मिलाउने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाको आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाउने ।
- किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहयोगमा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- दिवा खाजाका लागि चाहिने खाद्य सामग्रीका लागि स्थानीय स्तरमा उत्पादित सामग्रीलाई प्राथमिकता दिन प्रोत्साहन गर्ने ।
- वर्तमान परिप्रेक्ष्यमा उपलब्ध भइरहेको दिवा खाजा रकमलाई बढाउन पहल गर्ने ।
- विद्यालयहरूमा गठित आमा समूहहरूलाई पोषण तथा स्वच्छता सम्बन्धी तालिमको व्यवस्था गर्ने ।
- प्रत्येक विद्यालयका कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरूलाई स्थानीय तहको समन्वयमा

टिफिन क्यारी उपलब्ध गराउने प्रबन्ध मिलाउने ।

- जङ् फुडलाई निरूत्साहित गर्ने ।
- प्रत्येक विद्यालयमा वडा कार्यालयको एक जना प्रतिनिधि र नजिकैको स्वास्थ्य चौकीको प्रतिनिधि पर्ने गरी एक अनुगमन टोली गठन गर्ने ।
- आमा समूहको टोली बनाई बेला बेलामा दिवा खाजा तथा सरसफाइ अनि स्वच्छताको अवस्थाको अवलोकनको व्यवस्था मिलाउने ।
- प्रत्येक विद्यालयमा कम्तीमा वर्षको एकपटक विद्यालय अभिवावक सचेतना, पोषण तथा दिवा खाजासम्बन्धि कार्यक्रम सञ्चालन गर्ने ।

### ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### (क) उपलब्धि

माई नगरपालिका भित्रका विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य, पोषणको अवस्थामा सुधार भई पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकास भई मानव पूँजी विकासमा र मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित रमाइलो वातावरणमा सिकाइको पहुँच तथा सहभागिता हुनेछ ।

#### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा १-५ विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४३ | ४३ | ४३ |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | २८ | ३२ | ३६ | ४० | ४४ | ४४ | ४४ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | २ | २ | २ | २ | २ | १० |
| ७ | चमेनागृह स्थापना र सञ्चालन भएको विद्यालय सङ्ख्या | १५ | १८ | २१ | २६ | ३० | ३५ | ३५ |

(ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यार्थी दिवा खाजा कार्यक्रम, पोषण र स्वास्थ्य सम्बन्धी अभिमूखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | दिवा खाजा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ३ | किशोर किशोरी शिक्षा कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यवस्थापन | विद्यालय | ५ | १० | १० | १० | ८ | ४३ | ८६ |
| ५ | चौमासिक रूपमा स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण तथा परामर्श कार्यक्रम | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ६ | पोषणयुक्त खाजा व्यवस्थापनका लागि चमेनागृह सञ्चालकलाई कुक तालिम | जना | ४३ | | | ४३ | | ८६ | १७२ |
| ७ | स्थानीय खाजा प्रवर्धनका लागि स्थानीय संघसंस्थासँग सहकार्य | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ८ | एक विद्यार्थी एक टिफिन क्यारी कार्यक्रम | सङ्ख्या | १००० | ७०० | | | १७०० | ३४०० | |
| ९ | एक विद्यार्थी एक बोट कार्यक्रम | विद्यालय | २० | १५ | ८ | | | ४३ | ८६ |
| १० | किशोरीका लागि आराम कक्ष व्यवस्थापन कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| ११ | दिवा खाजा अनुदान | विद्यार्थी | २२७८ | २२९० | २३०० | २३२० | २३५० | ११५३८ | २३०७६ |
| १२ | छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विद्यार्थी | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५००० |

### ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

कृत्रिम र प्राकृतिक कारणले हामीलाई विभिन्न सङ्कट वा प्रकोपको अवस्था आइ पर्दछ । यिनीहरू युद्ध, द्वन्द्वजस्ता मानव सिर्जित तथा बाढी, पहिरो आगलागीजस्ता प्राकृतिक प्रकोप हुन । यस्तो अवस्थामा समेत बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइलाई निरन्तरता दिने सिकाइको वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई सङ्कटपूर्ण अवस्थामा शिक्षा भनिन्छ । यस प्रकारको शिक्षाको मुख्य उद्देश्य भनेको उल्लिखित जुन कुनै कारणले सिर्जित सङ्कटपूर्ण अवस्थामा पनि बाल अधिकारको संरक्षण गर्दै, जीवनको रक्षा गर्ने तथा समुदाय, घरपरिवार, समाज तथा शिक्षासँग सरोकारवाला सबै पक्षलाई संलग्न गराई सङ्कटको व्यवस्थापन गर्ने, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकाहरूको सुरक्षा राख्नुका साथै सिकाइलाई निर्वाध रूपमा सञ्चालन गर्नु हो । यस धारणाअन्तर्गत सम्भावित सङ्कटको पूर्व तयारी, आपतकालीन अवस्थाको व्यवस्थापन तथा सङ्कटपश्चात क्षतिको सम्पूर्ण कुरा समेटिएको हुन्छ ।

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुन, विश्वव्यापी घोषणा, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षा (Education in emergency) लाई समावेश गर्ने गरेका छन् । नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी

व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिदै आइएको छ । विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस माई नगरपालिकको शिक्षा क्षेत्रको योजना (२०८१–२०९१) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमको प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

माई नगरपालिकाका अधिकांश विद्यालयहरूको विद्यालय साँघुरो क्षेत्रफलभित्र रहेका छन् । विद्यालय क्षेत्रमा कुनै प्राकृतिक प्रकोप आइहालेमा खुल्ला स्थान कम रहेको छ भने कति विद्यालयहरू भिराला र अप्ठ्यारा भूगोलामा रहेका छन् । केही विद्यालयहरू जङ्गलको बिचमा वा छेउमा छन् । जङ्गलको नजिक रहेका विद्यालयहरूमा सुख्खा मौसममा आगजनी तथा डढेलोको जोखिम हुन्छ । भिराला र खोला किनारामा भएका विद्यालयहरूमा वर्षायाममा बाढी पहिरोको जोखिम हुन्छ । खुल्ला तथा सुरक्षित स्थान कम भएका विद्यालयहरूमा भुइँचालो आएमा जोखिम हुन्छ । यी सबैखाले समस्याको समयमा बालबालिकाहरूको सिकाइ सुनिश्चित गराउन परिवेशअनुसार फरक फरक योजना बनाउनु पर्ने देखिन्छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सुविधाविहिनहरूका लागि निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७, दिवा खाजा, छात्रवृत्ति, सुविधाविहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा, भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७, विद्यालय शान्ति क्षेत्र निर्देशिका २०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, समावेशी शिक्षा नीति २०७३ को व्यवस्था केन्द्रीय स्तरमा भई कार्यान्वयनमा रहेको हुनाले यस माई नगरपालिका भित्रका विद्यालयहरू सोही अनुसार सञ्चालित छन् । विपद् वा सङ्कटपूर्ण अवस्थामा सिकाइ सञ्चालन गर्नमा नीतिगत अवस्था पर्याप्त रहेको छ । त्यसैगरी बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ ले सुरक्षित विद्यालय सञ्चालनमा मार्गदर्शन प्रदान गर्दछ । पन्ध्रौँ योजनाले समेत निःशुल्क शिक्षाको मापदण्डको बारेमा उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन तथा कार्यान्वयन गर्नु पर्ने कुरा उल्लेख गरेको छ ।

२०७२ सालमा आएको विनाशकारी भूकम्प तथा २०७७ सालबाट सुरू भएको कोभिड-१९ को प्रकोपबाट माई नगरपालिका पनि प्रभावित भयो । २०७२ सालको विनाशकारी भूकम्पले केहि विद्यालयमा आंशिक रूपमा क्षति पुगेकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुदानमा

कन्काई मा. वि. माई २ र जनता मा. वि. माई ९ को विद्यालय भवनलाई रेक्ट्रो फिटिङ गरी पुनर्निर्माण गरिएको छ । त्यसैगरी कोभिड-१९ को प्रभावले करिब दुई शैक्षिक सत्रमा विद्यालयहरू अधिकांश समय नियमित पठनपाठन हुन सकेन । त्यस अवस्थामा प्रभावकारी तथा सुरक्षित शिक्षाको वैकल्पिक माध्यम प्रयोग गर्न नसक्दा विद्यालय तहका बालबालिका प्रत्यक्ष सिकाइबाट वञ्चित रहे । विद्यालय तहको पाठ्यक्रमलाई आधार मानी केन्द्रीय स्तरमा विभिन्न विषयमा अनलाइन तथा अफलाइन सिकाइ सामग्री तयार गरी वेबसाइटमा राखिएको छ । नेपाल सरकारले मिति २०७७ जेठ १८ गते वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका जारी गर्यो र २०७७ असार १ गतेबाट वैकल्पिक माध्यमबाट कक्षा सञ्चालनका लागि सार्वजनिक रूपमा आह्वान गरिएपछि यस नगरपालिकामा कक्षा १० सम्म सिकाइ सहजीकरण पुस्तिका तयार गरी वैकल्पिक प्रणालीबाट सिकाइ सञ्चालन गरिएको थियो ।

कोभिड-१९ ले पारेको प्रभावलाई न्यूनीकरण गर्ने उद्देश्यले अहिले पालिकाअन्तर्गतका कक्षा ६-८ सञ्चालित सबै सामुदायिक विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि आधारभूत सर्वेक्षण भई कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूको अंग्रेजी, गणित, विज्ञान र नेपाली विषयको सिकाइ स्तरको Baseline तथा Endline Data Entry को काम समेत सम्पन्न भइसकेको छ ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय स्वरूप र मात्राको यकिन भविष्यवाणी गर्न सकिँदैन । त्यसैगरी कतिपय प्रकोप, महामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । यस नगरपालिका भित्र समथर, चुरे र पहाडी क्षेत्रजस्ता भौगोलिक विविधता भएकाले नगर शिक्षा योजना निर्माण गर्दा सबै क्षेत्रको फरक फरक वस्तुस्थितिलाई ध्यान दिनुपर्ने देखिन्छ ।

### (ग) चुनौति

- आपतकालीन अवस्थामा शिक्षाको योजना बनाउँदा अन्य योजनासँगै एकीकृत गर्न वा छुट्टै बनाउन ।
- प्राकृतिक प्रकोप तथा सोको विषयमा मात्र केन्द्रित हुन वा अन्य महामारी तथा सामाजिक तथा राजनीतिक आन्दोलनसमेतको योजना बनाउन ।
- अनुमान गर्न नसकिने विपद्को योजना कस्तो बनाउने भन्ने निक्यौंल गर्न ।
- वैकल्पिक शिक्षाका साधन तथा उपाय कार्यान्वयन गर्न गराउन ।

### ४.५.३ उद्देश्य

यस पालिकाको विपद्को अवस्थामा शिक्षाका उद्देश्य निम्नबमोजिम हुने छन् :

- सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व

सावधानी र तयारीको वातावरण तयार गर्नु ।

- सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।
- सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गर्नु ।

### ४.५.४ रणनीति

योजनाका उद्देश्य हासिल गर्न निम्न अनुसारका रणनीति अवलम्बन गरिने छ :

- सङ्घीय सरकारले कार्यान्वयनमा ल्याएका विभिन्न नीति नियम तथा ऐन कानुनहरूको पूर्ण पालना गर्ने ।
- सङ्कटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
- सङ्कटासन्नताको मूल्याङ्कनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार पार्ने ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनःस्थापना गर्ने ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उपकरण, औषधी, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
- विद्यार्थी, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाको तयारी, रोकथाम, प्रतिकार्य र पुनःस्थापनाका लागि क्षमता विकास गर्ने ।
- विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान सिपको समेत खोजी तथा संरक्षण सम्बर्धन गर्ने ।
- विपद् व्यवस्थापन तथा सङ्कटकालमा अन्य पालिकाहरूमा भए गरिएका असल अभ्यासहरूको अनुसरण गर्ने संयन्त्र विकास गर्ने ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल, पेसागत संगठन, विद्यार्थी संगठन तथा क्लब, सामाजिक सांस्कृतिक समूह आदिसँग समन्वय र सहकार्य गरी आचारसंहिता निर्माण गर्ने ।
- अभिभावकले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण गर्ने ।
- विद्यालयमा भएका सन्दर्भ पढाइ सामग्रीलाई विद्यार्थीलाई घरमा लगेर पढ्ने वातावरण मिलाउने ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका अवधारणासमेतलाई कार्यान्वयनमा ल्याउने ।

### ४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम | | | | | | |
| | सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ६ | ६ | ७ | ८ | ९ | १० |
| २ | हरित विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | २६ | २ | २ | २ | २ | २ |
| ४ | ReAL Plan लागु गर्ने विद्यालय सङ्ख्या | १५ | १६ | १७ | १८ | १८ | १८ |
| ५ | प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | १० | १० | १० | १० | ३ | ४३ |
| ६ | सङ्कटपूर्ण अवस्थामा समेत विभिन्न माध्यमको प्रयोग गरी शिक्षण सिकाइ निरन्तर सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ५ | १० | १० | १० | ९ | ४३ |
| ७ | प्रकृतिक प्रकोपको उच्च जोखिममा रहेको विद्यालय सङ्ख्या | ३ | १ | ० | ० | ० | ० |

(ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विपद् सम्बन्धी पालिका स्तरीय विपद् प्रतिकार्य योजना निर्माण तथा कार्यदल गठन | पटक | ० | ० | १ | ० | ० | १ | १ |
| २ | पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | संकटका बेलामा सिकाइ निरन्तरता सहयोग कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विपद् सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | जोखिममा रहेका विद्यालयको व्यवस्थापन | पटक | १ | | १ | | १ | ३ | १० |
| ६ | विपद् को बेलाका लागि छापा तथा डिजिटल / स्वअध्ययन सामग्री विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन (सङ्घीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा विद्यार्थी भर्ना हुनका लागि बालबालिकाले सुरक्षित महसुस गर्नु पर्दछ जसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । सुरक्षित विद्यालय हुनका लागि मापदण्ड अनुसारको कक्षाकोठा, खेलमैदान, चमेनागृह, शौचालय तथा सफा खाने पानी जस्ता भौतिक संरचनाहरू हुनु पर्दछ । शिक्षा नियमावली २०५९ मा सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि बालविकास तथा आधारभूत तहलाई ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहलाई

१.०० वर्ग मिटर क्षेत्रफल प्रति विद्यार्थीका लागि आवश्यक पर्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा विपद् जोखिममुक्त भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गरी हरित र बालमैत्री विद्यालयको रूपमा विकास गर्ने नीति लिएको छ । मुलुक सङ्घीयतामा गइसकेपछि राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रम अनुसार माई नगरपालिकाले विद्यालयको सम्पूर्ण भौतिक पूर्वाधार विकासका लागि तोकिएबमोजिम कार्यक्रमहरूलाई निरन्तरता दिइरहेको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस माई नगरपालिका भित्रका विद्यालयहरूको भौतिक अवस्था देहाय बमोजिम रहेको छ ।

- जम्मा विद्यालय सङ्ख्या - ५९

  सामूदायिक विद्यालय - ४४

  संस्थागत विद्यालय - १३

  गुठी विद्यालय - १

  मन्टेश्वरी - १
- कक्षाकोठा सङ्ख्या

  पक्की कक्षा कोठा- ११२

  ट्रष्ट कक्षाकोठा - ३०३

  कच्ची कक्षाकोठा - ४३
- नपुग कक्षाकोठा - १६०
- पुस्तकालय कोठा- १०
- विज्ञान प्रयोगशाला कोठा- १०
- कम्प्यूटर प्रयोगशाला कोठा- २०
- कार्यालय कोठा -४३
- निर्माण तथा पुर्ननिर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या - १०
- विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेका कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध समेत पूरा भएका विद्यालय - १६

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयहरूलाई सुरक्षित एवम् हरित विद्यालयको रूपमा विकास गर्ने नीति अवलम्बन गरेको छ । यसका साथै सार्वजनिक विद्यालयहरूको पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको छ जसका कारण स्थानीय निकायका लागि

स्थानीय आवश्यकताका आधारमा पूर्वाधारको काम गर्ने अवसर प्राप्त भएको छ ।

सङ्घीयता कार्यान्वयन भन्दा अगाडि शिक्षा विभागमा भौतिक निर्माण तथा पूर्वाधार विकाससम्बन्धी काम गर्ने शाखा बेग्लै र प्रत्येक जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक निर्माणको काम हुँदै आएको थियो तर हाल निर्माणको मापदण्ड तथा आधार सङ्घीय तहबाट हुँदै आएको छ । यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना आदानप्रदान गर्न चुनौति भइरहेको छ ।

यसका अलावा विद्यालय पूर्वाधार विकासमा निम्नलिखित चुनौतिहरू देखिन्छन् :

१) आवश्यकतानुसार कक्षाकोठा, शौचालय, विभिन्न प्रयोगशाला आदिको प्रबन्ध गर्न ।

२) सुरक्षित विद्यालय पूर्वाधार विकासका लागि गुरूयोजनाको विकास गर्न ।

३) पूर्वाधार विकासका लागि स्रोत व्यवस्थापन गर्न ।

४) पूर्वाधारहरूलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाउन ।

५) पूर्वाधार विकासका विधि तथा प्रक्रियाहरूलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउन ।

६) व्यावसायिक र प्राविधिक (रोजगारमुखी) शिक्षाको लागि आधारभूत शिक्षा पूर्वाधारको विकास गर्न ।

७) कक्षाकोठाहरूलाई प्रयोगशालाको रूपमा परिणत गर्न ।

८) विद्यालयमा मनोरञ्जनात्मक वातावरण सिर्जना गर्न ।

९) एक चोटी निर्माण भइसकेका संरचनाका लागि समय समयमा मर्मत सम्भार गर्न ।

**४.६.३ उद्देश्य**

यस माई नगरपालिका भित्रका विद्यालयको भौतिक पुर्वाधार विकासका उद्देश्य देहाय बमोजिम रहेको छन् ।

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु ।

३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

४. भौतिक पूर्वाधार विकास एवम् बिस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु ।

५. पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पूर्वाधारलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री

बनाउनु ।

### ४.६.४ रणनीति

यस माई नगरपालिका भित्रका विद्यालयहरूको भौतिक पुर्वाधार विकासका उद्देश्य पूरा गर्न देहाय बमोजिका रणनीति रहेको छन् ।

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. विद्यालयलाई सुरक्षित बनाउन सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीमा जोड दिने ।

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

यस माई नगरपालिका भित्रका विद्यालयहरूको भौतिक पुर्वाधार विकासबाट निम्न लिखित उपलब्धि तथा नतिजा हासिल हुनेछन् ।

#### (क) उपलब्धि

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण भएको हुनेछ ।

२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित भएको हुनेछ ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य :

| क्र.सं. | सूचक | आधार वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | भूकम्प प्रतिरोधी विद्यालय सङ्ख्या | २२ | २७ | ३२ | ३७ | ४४ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ७० | ६० | ५० | ४० | ३० |
| ३ | मर्मत संभार गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ८५ | ६० | ४० | २० | ० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | १५ | १० | ५ | ० | ० |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ५ | १ | १ | १ | १ |
| ६ | विज्ञान प्रयोगशाला भएको विद्यालय सङ्ख्या | १० | १२ | १४ | १६ | १८ |
| ७ | कम्प्युटर ल्याब भएको विद्यालय सङ्ख्या | १० | १५ | २० | २५ | ३० |
| ८ | आफ्नै खेलमैदान भएको विद्यालय सङ्ख्या | ५ | ८ | १० | १२ | १४ |
| ९ | घेराबारा सहितको विद्यालय सङ्ख्या | ९ | १२ | १५ | १८ | २० |
| १० | स्वच्छ खानेपानीको व्यवस्था भएको विद्यालय सङ्ख्या | १५ | १८ | २० | २२ | २४ |
| ११ | पर्याप्त विद्युत क्षमता भएको विद्यालय सङ्ख्या | ५ | १० | १५ | २० | २५ |

### (ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण, व्यवस्थापन तथा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | भवन तथा कक्षाकोठा निर्माण | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ३ | जीर्ण संरचनाहरूको पुनर्निमाण तथा मर्मत | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ४ | विद्यालय कार्यालय व्यवस्थापन | विद्यालय | १ | ५ | ५ | ५ | ५ | २१ | ४२ |
| ५ | फर्निचर निर्माण तथा मर्मत | सङ्ख्या | १०० | १५० | २०० | २५० | ३०० | १००० | २००० |
| ६ | शुद्ध खानेपानी, शौचालय तथा सरसफाइ | विद्यालय | ५ | १० | १५ | १० | ३ | ४३ | ८६ |
| ७ | खेलमैदानको स्तरोन्नति | विद्यालय | | २ | २ | २ | २ | ८ | १६ |
| ८ | विज्ञान प्रयोगशाला स्थापना र स्तरोन्नति | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्युत क्षमता विस्तार | विद्यालय | | १० | ५ | ५ | ५ | २५ | ५० |
| १० | विद्यालय हाता संरक्षण तथा घेराबारा | विद्यालय | १ | १ | २ | २ | २ | ८ | १६ |
| ११ | प्रार्थना सभा क्षेत्रमा ब्लक विछ्याउने | विद्यालय | २ | ५ | ५ | ५ | ५ | २२ | ४४ |
| १२ | विद्यालय भवन रङ्ग रोगन | विद्यालय | २ | ५ | ५ | ५ | ५ | २२ | |
| १३ | छात्राबास निर्माण | विद्यालय | | | १ | | | १ | २ |
| १४ | आवासीय विद्यालयको फूलबारी निर्माण | विद्यालय | | | १ | | | १ | २ |
| १५ | हामी बनाउछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | ३ | ५ | ५ | ५ | ५ | २३ | ४६ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि समाजका विविध आयाममा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनी सकेको छ । शिक्षा क्षेत्रमा सूचना तथा प्रविधिको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण सिकाइको दुवै पक्षमा भइ रहेको छ । शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न तथा विद्यार्थीले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ । व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा

तथ्याङ्क व्यवस्थापन गर्न, अनुगमन र मूल्याङ्कन गर्न, तालिम, सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधीलाई प्रयोग गरिएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरूयोजना सन् २०१३-२०१७ निर्माण गरिएको र उक्त गुरूयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरूयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्य निर्धारण गरेको थियो । कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्छ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइनलगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, २०२०) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तक डिजिटलाइज गर्ने कार्य भएको छ । कोभिड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेबसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रव्य तथा श्रव्यदृश्य पाठ्यसामग्री शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ । डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्री पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्या रहेका छन् । त्यसै गरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटीलगायत सूचना तथा सञ्चार

प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसिमका अपाङ्गता भएकाका लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौति देखिएका छन् ।

### ४.७.२ वर्तमान अवस्था

यस नगरपालिकामा जम्मा ४४ ओटा मध्ये १० माध्यामिक विद्यालयहरूमा र ४ ओटा आधारभूत विद्यालयमा ICT Lab को स्थापना भएको छ । विद्यालय शिक्षाको व्यवस्थापन तथा इमीस प्रणाली कार्यान्वयमा सूचना प्रविधिको प्रयोग हुदै आएको छ भने १० माध्यमिक र २२ आधारभूत विद्यालय गरी ३२ विद्यालयहरूमा प्रभावकारी रूपमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापहरू हुने गरेका छन् । त्यसमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका विकास गरिएका सामग्रीहरूको प्रयोगलाई पनि जोड दिइएको छ । साथै आधारभूत तह बालविकासबाट कक्षा ३ सम्मका विद्यार्थीका लागि १५ विद्यालयहरूमा LED TV सहितको शिक्षणसिकाइ हुने प्रबन्ध गरिएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहको सहयोगमा IT स्रोत शिक्षकलाई क्षमता विकास तालिम सञ्चालन गरिएको तथा इमिस सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको, टिपिडीमा सूचना तथा प्रविधिको सेसन् थप गरिएको, SAS सम्बन्धी तालिमको सुरूवात जस्ता ICT को क्षेत्रमा असल अभ्यासहरूको सुरूवात भएको छ । तथापि सबै विद्यालयहरूमा विद्युतको पहुँच, क्षमता कमजोर हुनु, तथा वैकल्पिक विद्युतीय स्रोतको अभाव हुनु र प्रविधिमैत्री शिक्षण सिकाइको लागि सबै शिक्षकहरूमा क्षमता विकासमा कठिनाइ भइरहेको छ ।

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरै जसो माध्यमिक विद्यालयमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधा पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयले विभिन्न व्यक्ति तथा सङ्घसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

### ४.७.२ उद्देश्य

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,

### ४.७.३ रणनीति

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।

- शिक्षकलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्ने ।
- सरकारी तथा अन्य साझेदार संस्थाहरूको सहयोगमा प्रविधि सम्बन्धी उपकरणहरूको व्यवस्था गर्ने ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने ।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
- कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

### ४.७.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३५ | ३८ | ४० | ४२ | ४४ | ४४ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | २२ | २५ | २८ | ३० | ३२ | ३५ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ११ | १३ | १५ | १७ | १९ | २१ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३५ | ३७ | ३९ | ४१ | ४३ | ४४ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ४० | ४१ | ४२ | ४३ | ४४ | ४४ |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार | २ | ३ | ३ | ३ | ३ | ३ |
| ७ | वैकल्पिक ऊर्जाको प्रवन्ध भएको विद्यालय सङ्ख्या | २० | २५ | ३० | ३५ | ४३ | ४३ |

## (ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा सोलारको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २ | एक विद्यालय सूचना प्रविधिको न्यूनतम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| ३ | ICT Lab को स्थापना र क्षमता विस्तार | संख्या | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | साझेदारीमा एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | शिक्षक | १०० | ५० | ५० | ५० | ५० | ३०० | ६०० |
| ५ | डिजिटल शिक्षण सिकाइ सामग्री कार्याशाला | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० |
| ६ | सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकास कार्यक्रम | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ७ | इन्टरनेटको क्षमता विस्तार | पटक | ४३ | | | | | ४३ | ८६ |
| ८ | CC TV जडान | विद्यालय | १० | १० | १० | ८ | ५ | ४३ | ८६ |
| ९ | एक विद्यालय एक इन्टरएक्टिभ बोर्ड | विद्यालय | ५ | १० | १० | १० | ८ | ४३ | ८६ |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १० | ECD कक्षाकोठा का लागि स्मार्ट TV जडान | विद्यालय | ५ | १० | १० | १० | ८ | ४३ | ८६ |
| ११ | ICT सामग्री मर्मत | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| १२ | नगरस्तरीय इ-सिकाइ केन्द्रको स्थापना र विस्तार | सङ्ख्या | | | १ | | | १ | २ |

परिच्छेद ५

# अन्य उपक्षेत्रहरू

## ५.१ उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध

### ५.१.१ परिचय

क्याम्पस तहमा अध्ययन अध्यापन हुने स्नातक तह र सोभन्दा माथिको अध्ययनबाट हासिल गरिने शिक्षालाई हाम्रो मुलुकमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा उच्च शिक्षा भनिन्छ । उच्चस्तरीय दक्ष एवम् समालोचक, सर्जक, अनुसन्धानमूलक तथा विचारक जनशक्ति उत्पादन गर्ने शिक्षा भनेको उच्च शिक्षा हो । समग्र मुलुकको समृद्धि र विकासका लागि आवश्यक पर्ने चौतर्फी क्षमता, दक्षता र योग्यता भएका विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक उत्पादन र विकास गर्नु आजको आवश्यकता हो । यसका लागि अन्तर्राष्ट्रियस्तरको अनुसन्धान केन्द्र, विज्ञान तथा प्रविधि विकास केन्द्र र विषयविज्ञ आपूर्ति केन्द्रको रूपमा उच्च शिक्षा प्रदायक कलेज र विश्वविद्यालयहरूले काम गर्दै आएका छन् । उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सिप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र विस्तार गर्न आवश्यक छ । यसबाट मात्रै गुणस्तरीय शिक्षा मार्फत सुखी, समृद्धि र आत्मनिर्भर हुने नगरपालिकाको दीर्घकालीन सोच पूरा हुने देखिन्छ ।

नेपालको शिक्षाको संरचनामा कक्षा १२ उत्तीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि स्नातक तह, स्नातकोत्तर तह, एम फिल तह र अनुसन्धान तह गरी चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुख तथा मूल्य उन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । अहिले मुलुकमा सङ्ख्यात्मक रूपमा उच्च शिक्षा प्रदायक संस्थाहरूको विस्तार भएको देखिएता पनि गुणस्तरीय उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन । यसका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ । स्थानीय श्रोत र साधनको अत्यधिक सदुपयोग गर्दै नगरपालिकामा सम्पतिको रूपमा रहेको प्राकृतिक स्रोत एवम् मौलिक ज्ञान, सिप, अनुभव, कला, संस्कृति, सभ्यता आदिलाई अध्ययन अध्यापन र अनुसन्धानमार्फत् नगरपालिकाको विकासमा योगदान गर्नसक्ने जनशक्ति उत्पादन गर्ने उच्च शिक्षाको अध्ययन अध्यापन गर्ने कलेजको स्थापना गर्न आवश्यक छ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८० मा प्रकाशित गरेको तथ्याङ्क अनुसार नेपालमा ११ ओटा विश्वविद्यालय तथा ४ ओटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरू स्थापना भई

१४३२ ओटा कलेजहरू जसमध्ये १६४ ओटा आङ्गिक, ५४५ ओटा सामुदायिक र ७२३ ओटा निजी लगानीका शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् ।

माई नगरको एक मात्र उच्च शिक्षा प्रदायक संस्था गरूवा बहुमुखी क्याम्पस वि. सं. २०६४ सालमा स्थापना भइ सञ्चालनमा रहेको छ । यस संस्थामा एक मात्र सङ्काय शिक्षा शास्त्र सङ्कायको पठनपाठन हुने गरेको छ । करिब ७ रोपनी क्षेत्रफलमा फैलिएको यस शैक्षिक संस्थामा जम्मा २ ओटा भवनमा १२ ओटा कोठा रहेका छन् । २ जना पूर्ण कालिन र १० जना आंसिक प्राध्यापक रहनुभएको छ । शै.स. २०८२ मा जम्मा छात्र सत्त्या ४० र छात्रा सत्त्या १४६ गरी जम्मा १८६ विद्यार्थी अध्ययनरत रहेका छन् ।

गरूवा बहुमुखी क्याम्पसमा मुख्य गरी कक्षा ११ र १२ सञ्चालन भएका ४ ओटा माध्यमिक विद्यालयबाट अध्ययनका लागि विद्यार्थीहरू आउने गरेका छन् । शिक्षाशास्त्र सङ्काय मात्र रहेको कारण यहाँका अधिकांश विद्यार्थीहरू उच्च शिक्षाका लागि छिमेकी जिल्ला झापा र अन्य क्षेत्रमा जाने गरेको पाइन्छ । उच्च शिक्षालाई सर्वसुलभ बनाउने उद्देश्यले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई निःशुल्क पठनपाठन गराईदै आएको छ ।

उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक ज्ञान, सीप, विज्ञान, कला एवम् प्रविधिमा दक्ष प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्षरूपमा विकास र विस्तार गर्नु आवश्यक छ ।

उच्च तहको शिक्षामा नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु, उच्च शिक्षाको निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधार र आर्थिक लगानीको प्रबन्ध गर्नु, दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु र हाल सञ्चालनमा रहेको साधारण विषयहरू अध्ययन अध्यापन गरिने कलेजहरूलाई प्राविधिक विषय अध्ययन अध्यापन गर्ने कलेजको रूपमा परिणत गर्नु, उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई नगरपालिकामा विद्यमान शैक्षिक वेरोजगारीको न्यूनीकरण गर्नु, उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्दै जनताको समृद्धि र नगरपालिकाका लागि विकासको साधक बनाउनु नगरपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडीबुटी र जैविक विविधता, पर्यावरण, मौलिक कला, संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने कलेजहरूको स्थापना गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई नगरपालिका भित्रै आकर्षित गरी रोजगार सिर्जना गर्नु जस्ता सवालहरूलाई नगरपालिकामा विद्यमान उच्च शिक्षाका चुनौतिका रूपमा लिन सकिन्छ ।

नगरपालिकामा हाल एउटा सामुदायिक कलेज मात्र सञ्चालनमा हुनु, नगरपालिकामा सञ्चालन भइरहेका माध्यमिक विद्यालयहरूमा प्रशस्त जग्गाजमिन भएको हुँदा त्यस किसिमका

जग्गाजमिनलाई उच्च शिक्षाको भौतिक पूर्वाधार विकासका निम्ति उपयोग गर्न सकिने परिवेश हुनु, उच्च शिक्षामा प्राकृतिक स्रोत साधन र राई लिम्बू समुदायको मौलिक कला संस्कृतिमा आधारित अध्ययन, अध्यापन र अनुसन्धानका गतिविधिहरू सञ्चालन गर्न सकिने सम्भावना हुनु, नगरपालिका लगायत समग्र इलाम जिल्ला अन्नको भण्डारको रूपमा चिनिएको क्षेत्र भएको, खेतीयोग्य जमिन पनि प्रयाप्त भएको र छिमेकी पालिका र जिल्लाहरूमा पनि कृषि सम्बन्धी ३ वर्षे डिप्लोमा तहको अध्ययन अध्यापन भइरहेकाले यस नगरपालिकामा कृषि सम्बन्धी कलेज स्थापना गरी सञ्चालन गर्नका लागि उपयुक्त परिवेश हुनु आदिलाई यस नगरपालिकाको उच्च शिक्षाको अवसरको रूपमा लिन सकिन्छ ।

### ५.१.३ उद्देश्य

यस योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य नगरपालिका एवम् समग्र मुलुकको समृद्धि लगायत प्राज्ञिक उत्कृष्टता र उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने, उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न योगदान गर्नु रहेको छ भने उक्त लक्ष्य परिपूर्तिका लागि निम्नानुसारका उद्देश्यहरू रहेका छन् ।

१. उच्च शिक्षामा नगरभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु ।
२. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउन योगदान गर्नु ।
३. उच्च शिक्षामार्फत् नगरपालिकाको अर्थतन्त्रलाई ज्ञान र विज्ञानमा आधारित अर्थतन्त्रको रूपमा विकास गर्नु ।
४. उच्च शिक्षालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रूपमा स्थापित गर्नु ।
५. नगरपालिकाको समग्र पक्षको रूपान्तरणको लागि कृषि विज्ञान, वन विज्ञान, पूर्वीय दर्शन, आयुर्वेद र विज्ञान एवम् प्रविधिप्रति अभिप्रेरित मानव संसाधन विकासमा जोड दिनु ।
६. नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन गर्नु ।
७. नगरपालिकाबाट उच्च शिक्षा हासिल गरेका अब्बल क्षमताका जनशक्तिलाई नगरपालिकाको उन्नयनका लागि योगदान गर्न उपयुक्त वातावरणको सिर्जना गरी अभिप्रेरित गर्नु ।

### ५.१.४ रणनीति

यस योजनाका उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछ :

१. नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रूपमा नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा प्राविधिक विषयहरूको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन गर्ने ।

२. प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरूको सङ्ख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन गर्ने तर्फ सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

३. पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने क्रममा साधारण एवम् प्राविधिक विषय दुवैतिरका पाठ्यक्रमा मानव मूल्य, स्थानीय संस्कृति तथा पूर्वीय दर्शनमा आधारित शिक्षालाई अन्तरघुलन गरी सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन गर्ने कुरालाई उच्च प्राथमिकता दिने ।

४. कृषि, वन, पूर्वीय दर्शन, पशुपन्छीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापनजस्ता विषयहरूको अध्ययन अध्यापन हुने गरी कलेजहरूको स्थापना र सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

५. उच्च शिक्षा हासिल गरीसकेपछि उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनता समक्ष पुऱ्याउन अनिवार्य स्वयमसेवकीय सामाजिक सेवा सञ्चालनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

६. स्वयमसेवकीय सामाजिक सेवा तथा नगरपालिकाको विकासका लागि संलग्न हुने विद्यार्थीहरूलाई कामअनुसारको निर्वाह खर्च उपलब्ध गराउने कार्यमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

७. साधारण विषय अध्यापन गरिरहेका नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरणका लागि प्रोत्साहित गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

८. प्राज्ञिक तथा पेसागत डिग्रीको रूपमा एकीकरण गरिएको हालको शिक्षाशास्त्रका कार्यक्रमहरूको पुनरावलोकन गरी प्राज्ञिक डिग्री पूरा गरेपछि मात्र पेसागत डिग्री प्रदान गर्ने व्यवस्थालाई लागु गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

९. उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाउँदै उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आबद्ध गर्ने ।

१०. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका हुने गरी स्तरीय र आकर्षक बनाउन सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

११. उच्च शिक्षालाई 'सिक्दै कमाउँदै' को अवधारणा अनुरूप शिक्षालाई प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

१२. विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवम् दूर शिक्षामार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

१३. 'आफ्नै नगरपालिकाबाट उत्पादित जनशक्तिः आफ्नै नगरपालिकाको उन्नतिका लागि गतिलो शक्ति' अभियान सञ्चालन गरी नगरपालिकाबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई नगरपालिकामै काम गर्नका लागि आकर्षित गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरी सम्मान र प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१४. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरीब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई थप विस्तार गरी कार्यान्वयन गर्ने ।

१५. नगरपालिकाले उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूलाई पर्याप्त लगानीका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने छ । सङ्घ र प्रदेश सरकारबाट पर्याप्त लगानी नहुँदासम्म उच्च शिक्षाको अति आवश्यकीय क्षेत्रमा नगरपालिकाले उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### (क) उपलब्धि

माध्यमिक शिक्षालाई उच्च शिक्षाको गतिलो पूर्वाधारको रूपमा विकास गरी नगरपालिकामा सञ्चालन भएको उच्च शिक्षाको कार्यक्रमबाट उत्पादित उच्च क्षमता, उच्च अभिप्रेरणा, उच्च मनोबल, उच्च नैतिकता र मातृभूमीप्रति उच्च सम्मानभाव भएको जनशक्तिमार्फत नगरपालिकालगायत प्रदेश र मुलुककै समृद्धिका लागि उच्च योगदान पुगेको हुनेछ ।

#### (ख) नतिजा

१. नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरूप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रूपमा नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूको क्षमता विकास भएको हुने ।

२. प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरूको सङ्ख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन भएको हुने ।

३. उच्च शिक्षाबाट सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन भएको हुने ।

४. कृषि, वन, पूर्वीय दर्शन, पशुपन्क्षीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापनजस्ता विषयहरूको अध्ययन अध्यापन हुने गरी कलेजहरूको स्थापना र सञ्चालन

भएको हुने ।

५. स्वयमसेवकीय सामाजिक सेवाका रूपमा राष्ट्रिय विकास सेवाअन्तर्गत समुदायको सेवा तथा नगरपालिकाको विकासका लागि उच्च शिक्षाका विद्यार्थीहरू संलग्न भएका हुने ।

६. साधारण विषय अध्यापन गरीरहेका नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरु आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरण भएका हुने ।

७. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरू मान्यता र गुणस्तरका हिसाबले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका भएको हुने ।

८. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरूप शिक्षालाई प्रत्यक्ष रूपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गरिएको हुने ।

९. आफ्नै नगरपालिकाबाट उत्पादित उच्च क्षमताको जनशक्ति आफ्नै नगरपालिकाको उन्नतिका लागि गतिलो शक्तिको रूपमा काम गर्न अभिप्रेरित भएको हुने ।

१०. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरीब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरूलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई थप विस्तार गरी कार्यान्वयन गरिएको हुने ।

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | उच्च शिक्षाको अध्ययन अध्यापन गर्न माध्यमिक विद्यालयलाई प्रोत्साहन | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ |
| २ | कृषि, वन, पशुपालन, होटल व्यवस्थापन, Travel and Tourism विषय सम्बन्धी कलेजको स्थापना र सञ्चालन | संख्या | | | १ | | | १ | २ |
| ३ | कमाउदै सिक्दै कार्यक्रम | जना | २० | २० | २० | २० | २० | १०० | २०० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ४ | खुला एवम् दूर शिक्षा मार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि | पटक | | १ | १ | | १ | ३ | ६ |
| ५ | विपन्न, दलित तथा सीमान्तकृत विद्यार्थीलाई छात्रवृतिको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ६ | MBBS, BSC Nursing, CA, इन्जिनियरिङ् लगायतका विषयमा पढाइ सहयोग कार्यक्रम | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| ७ | Med तथा स्नातक तहमा वाणिज्य सङ्काय सञ्चालन र व्यवस्थापन | क्याम्पस | | १ | | १ | | २ | ४ |
| ८ | उच्च शिक्षाको विकासका लागि संघ र प्रदेश सरकारसँग समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्यावारिधि छात्रवृति जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | छोरी बुहारी उच्च शिक्षा कार्यक्रम | जना | १०० | ११० | १२० | १३० | १५० | ६१० | १२२० |
| ११ | नगरपालिकाबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई नगरपालिकामै परिचालन कार्यक्रम | जना | | ३ | | ३ | ३ | ९ | १८ |

## ५.२ मन्टेश्वरी शिक्षा

### ५.२.१ परिचय

मारिया मन्टेश्वरी (३१ अगस्ट, १८७० ६ मे, १८५२) एक इटालेली चिकित्सक र शिक्षक हुन् । २० औँ शताब्दिमा इटालीकी एजुकेटर तथा फिजिसियन मारिया मन्टेश्वरीले सुरूवात गरेको मन्टेश्वरी शिक्षण पद्धति अहिले संसारभर लोकप्रिय भएको छ ।

सन् १९८० मा परिवारसहित उनी रोम गईन र त्यहीँ बस्न थालिन । आफ्नो डाक्टरी पढाइ सम्पन्न हुनासाथ उनले मानसिक रूपमा कमजोर, अशक्त बालबालिकालाई हेर्ने गरी रोम युनिर्भास्टिको मनोविज्ञान विभागमा इण्टर्नसिप गर्न थालिन । त्यहीँ काम गर्दै गर्दा उनलाई ती मन्द् बुद्धि भनिएका बालबालिकाको शिक्षा प्रति प्रति गहिरो रूचि बढ्न थाल्यो । उनले विभिन्न विधि र तरिका

अवलम्बन गरेर सिकाउन थालिन । केही समय इण्टर्नसिप गरे पछि सन् १९०७ मा डा. मन्टेश्वरीले रोमको एउटा सुकुम्बासी बस्तीमा "बालबालिका को घर" (कास देइ बाम्बिनी) नामक संस्था खोलिन् । उनले त्यहीँका गरिबीका कारण स्कुल जान नसकेका, अशक्त तथा कमजोर मानसिक अवस्थाका बालबालिका जम्मा गरेर पढाउन थालिन् । इन्टर्नसिप गर्दा ताका आफूले पत्ता लगाएका नयाँ तरिका तथा विभिन्न शैक्षिक सामग्रीको प्रयोग गर्न थालिन् । सबै उमेर समूहका बालबालिकालाई एकै ठाउँमा राखिन् । बालबालिकाको चौतर्फी विकासका लागि आवश्यक पर्ने विभिन्न सामग्रीको निर्माण गर्न लगाइन् । ती सामग्रीहरू प्रयोग गर्न उत्साहित गरिन् । आफू चाहिँ बालबालिकाले स्वतन्त्र ढङ्गले गरेका गतिविधिहरूलाई नियाल्ने काम गरिन् । छोटो समयभित्रै मन्दबुद्धि भनिएका उनले सिकाएका विद्यार्थी तेज बुद्धिका भनिएका बालबालिकाभन्दा धेरै राम्रा र अब्बल देखिए । सन् १९०९ मा डा. मन्टेश्वरीले "बालबालिकाको घर" मा आफूले अवलम्बन गरेको विधिलाई समेटी बैज्ञानिक पद्धतिको रूप दिएर जर्नल र लेख प्रकाशित गरिन् । बिस्तारै उनको यो विधि र अभियान युरोपभरि फैलियो । सन् १९१५ मा अमेरिकाको निम्तोमा उनी अमेरिका गइन् । पछि त्यहाँ युद्ध चर्किन थालेपछि भारत आइन र सन् १९४६ सम्म आफ्नो विधिलाई बिस्तारित गरिन् । त्यसपछि उनी हल्याण्ड गइन् । सन् १९५२ मा उनको त्यहीँ मृत्यू भयो । युरोप, अमेरिका, एसिया लगायत विश्वभरि नै आज उनैले प्रतिपादन गरेको शिक्षण विधि मन्टेश्वरी विधिका रूपमा प्रख्यात छ ।

उनले विकास गरेको शिक्षा पद्धति आज विश्वभरका सार्वजनिक र निजी विद्यालयहरूमा प्रयोगमा छन् । नेपालमा पनि काठमाण्डौ लगायत देशका मुख्य सहरहरूमा मन्टेश्वरी पद्धतिले बालविकास र सिकाइका लागि थुप्रै मन्टेश्वरी स्कूलहरू सञ्चालनमा छन् । मन्टेश्वरी भनेको त्यस्तो आधुनिक शिक्षा विधि हो जहाँ विद्यार्थीहरू आत्म निर्देशित अर्थात् रुचिकर गतिविधिहरूमा तल्लीन रहन्छन् । सामान्यतया २ देखि ६ वर्ष उमेर समूहका बालबालिकालाई सबै इन्द्रियको प्रयोग मार्फत आफैँले छोएर, हेरेर, गरेर अनि व्यक्तिगत वा समूहगत रूपमा विभिन्न क्रियाकलाप अथवा खेलमा सहभागी गराएर सिकाउने विधि मन्टेश्वरी शिक्षा हो । मन्टेश्वरी कक्षामा विद्यार्थीले परम्परागत स्कुलमा भन्दा फरक ढङ्गले प्रयोगात्मक गतिविधिमार्फत आफैँ सिक्ने भएकाले विश्वभरि नै मन्टेश्वरी शिक्षा प्रख्यात र लोकप्रिय छ ।

### ५.२.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकासका बालबालिकाको विकास र सिकाइका लागि माई नगरपालिकाको वडा नं. २ मस्तेमा एक मात्र दानाबारी मन्टेश्वरी स्थापना भई सञ्चालनमा छ । वि. सं. २०८० सालमा स्थापना भई सञ्चालनमा रहेको यस मन्टेश्वरी विद्यालयमा २०८१ को तथ्याङ्क अनुसार छात्रा ६ र छात्र १२ जना गरी जम्मा १८ जना बालबालिका छन । हाल यो विद्यालय स्रोत व्यवस्थापन गरी निजी लगानीमा भाडाको भवनमा सञ्चालनमा छ । हाल यस विद्यालयमा मन्टेश्वरी तालिम प्राप्त १ सहित जम्मा ३ सहजकर्ता र अरु २ जना कर्मचारी सहित जम्मा ५ जना जनशक्ति परिचालन

गरिएको छ । यसले मन्टेश्वरी शिक्षाको न्यूनतम मापदण्ड पुरा गरी सञ्चालनमा रहेको छ ।

मन्टेश्वरी शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई कक्षा १ मा भर्नाको सुनिश्चित गरी समय सापेक्षरूपमा विकास र विस्तार गर्नु आजको आवश्यकता हो ।

### ५.२.३ उद्देश्यः-

मन्टेश्वरी शिक्षाका निम्न उद्देश्य रहेका छन् ।

१. मन्टेश्वरी शिक्षामा सहभागितामूलक पहुँचको सुनिश्चित गर्नु,

२. कक्षा १ मा प्रवेशको आधार स्तम्भको रूपमा विकास गर्नु,

३. बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकास गर्नु,

### ५.२.४ रणनीतिः-

उल्लेखित उद्देश्य हासिल गर्न निम्न अनुसारको रणनीतिहरू अपनाइने छ।

१. मन्टेश्वरी शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्नको लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, मन्टेश्वरी सिकाइ तथा विकासको मापदण्ड अनुसारको शिक्षा सञ्चालन गर्ने ।

२, नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार ECD लाई मन्टेश्वरी पद्धतिमा विकास गर्ने ।

३, नमुना मन्टेश्वरी विद्यालय स्थापना गर्ने ।

४, मन्टेश्वरी विद्यालयमा तालिम प्राप्त महिला सहजकर्तालाई प्राथमिकता दिने ।

५, मन्टेश्वरी शिक्षक तथा सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने ।

६, मन्टेश्वरी कक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको निर्माण गर्न सहयोग तथा प्रोत्साहन गर्ने ।

### ५.२.५ प्रमुख उपलब्धि, नतिजा तथा लक्ष्य

#### (क) उपलब्धिः-

१, मन्टेश्वरी विद्यालय न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् ।

२, सबै बालबालिकालाई गुणस्तरीय मन्टेश्वरी शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

३, रूचि अनुसारको सिकाइ वातावरण तयार भएको हुनेछ ।

४, मन्टेश्वरी कक्षा कोठामा विषय अनुसारको सामग्रीहरू व्यवस्थापन गरिएको हुनेछ ।

५. बालबालिका मन्टेश्वरीको अनुभव र सिकाइ सहित कक्षा १ मा प्रवेश गरेका हुनेछन् ।

६. बालबालिकामा उमेरअनुसारको सर्वाङ्गीण विकास भएको हुनेछ ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य :

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | मन्टेश्वरी विद्यालयमा कुल भर्ना सङ्ख्या | १८ | ४४ | ४४ | ४४ | ४४ | |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका मन्टेश्वरी विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ३ | मापदण्ड अनुसारको मन्टेश्वरी शिक्षक तथा सहयोगी कार्यकर्ताको सङ्ख्या | २२ | २२ | २४ | २६ | २८ | |
| ४ | मापदण्ड अनुसारको कक्षाकोठा सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | |

### (ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सामुदायिक विद्यालयको ECD मा मन्टेश्वरी पद्धति लागु | सङ्ख्या | १० | १० | १० | १० | ३ | ४३ | ८६ |
| २ | बालविकास शिक्षकलाई मन्टेश्वरी तालिम | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० |
| ३ | कक्षाकोठाको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | १० | १० | १० | १० | ३ | ४३ | ८६ |
| ४ | शैक्षिक सामग्री व्यवस्थापन तथा वितरण | विद्यालय | १० | १० | १० | १० | ३ | ४३ | ८६ |
| ५ | सहजकर्ताको पेशागत क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ५.३ संस्थागत विद्यालय

### ५.३.१ परिचय

विद्यालय शिक्षामा सामुदायिक (सरकारी लगानी) र संस्थागत (निजी लगानी) गरी दुई प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । सरकारको सार्वजनिक निजी साझेदारीको नीति अनुसार शिक्षा क्षेत्रमा निजी लगानी बढ्दै गइरहेको छ र केही वर्ष अघि सहरी क्षेत्रमा मात्र सीमित निजी विद्यालयहरू हाल साना साना गाउँ बस्तीहरूमा पनि खुलेका छन् । व्यक्ति, समूह, सङ्घ, संस्थाहरूको लगानी र अभिभावकहरूको योगदानबाट सञ्चालित संस्थागत विद्यालयहरूले गुणात्मक शिक्षाको लागि पुऱ्याएको योगदानलाई अझ व्यवस्थित गरी संस्थागत विद्यालयहरू माथिको विश्वास र आशालाई अझ भरपर्दो बनाउन र गुणस्तरका माध्यमबाट सार्वजनिक शिक्षाको गुणात्मकता अभिवृद्धिका लागि यस्ता विद्यालयलाई निश्चित मापदण्डका आधारमा सञ्चालित छन् । ती विद्यालयहरूको स्थापना देखि सञ्चालनका सम्पूर्ण विषयको नियमन गर्नको लागि शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) मा स्पष्ट व्यवस्था गरिएको छ । अहिले यस्ता विद्यालयहरू शुल्क तिर्न सक्ने अभिभावकको रोजाइमा परेका छन् ।

### ५.३.२ वर्तमान अवस्था

यस नगरपालिकामा निजी लगानीमा सञ्चालित सेवा तथा नाफामूलक संस्थागत विद्यालय कम्पनी ऐन, २०५८ अनुसार सम्बन्धित निकायबाट अनुमति लिई सञ्चालनमा रहेका छन् । यस नगरपालिकामा संस्थागत विद्यालय तर्फ बालविकास केन्द्र १४ ओटा, आधारभूत तह कक्षा १-५ सञ्चालन भएका ५ ओटा, आधारभूत तह कक्षा ६-८ सञ्चालन भएका ५ ओटा, माध्यमिक तह १-१० सञ्चालन भएका ४ ओटा रहेका छन् भने माध्यमिक तह ९-१२ विद्यालयहरू सञ्चालनमा रहेका छैनन् ।

विद्यालय शिक्षामा निजी क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको छ । सात दशकभन्दा पुरानो इतिहास बोकेको निजी क्षेत्रले झण्डै तीन दशकदेखि लगातार रूपमा सरकारलाई राजश्व तिर्ने एउटा व्यावसायिक क्षेत्रको रूपमा परिचित भएको संस्था नै संस्थागत विद्यालय हो । निजी क्षेत्रले शिक्षामा आजका दिनसम्म गरेको लगानीलाई साच्चिकै प्रतिफलमा बदल्ने हो भने समाज र राज्यका लागि हामी अपरिहार्य तत्व हौ भन्ने बोध गराउन सफल संस्थागत विद्यालय भएको छ । सरकारले अवलम्वन गरेको शिक्षा नीतिलाई अक्षरश पालना गराउने र गुणस्तरीय शिक्षा प्राप्तिका लागि उचित वातावरण सिर्जना गरी सहकार्य, समन्वय र सहजीकरण गर्नु आजको आवश्यकता रहेको छ ।

निजी विद्यालयको शिक्षा गुणस्तरीय हुन्छ भन्ने विश्वास आम अभिभावकमा छ। गुणस्तरीय शिक्षामा गरेको योगदानलाई बेवास्ता गरेर निजी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई राज्यले प्रदान गर्ने छात्रवृत्ति तथा अन्य सुविधाबाट बञ्चित गराएको, निजी विद्यालयमा सरकारी कर्मचारीका

छोराछोरीहरूलाई पढाउन निरूत्साहित गर्ने नीति लिएको, सेवा क्षेत्र भनिए पनि कुनै प्रकारको सेवा सहुलियत र छुट नदिइएको जस्ता गुनासो निजी विद्यालयका संगठनहरूको रहेको पाइन्छ। यस्तो स्थितिमा निजी शिक्षामा गरिएको लगानीको सुरक्षा गर्दै निजी विद्यालयहरूलाई नियमन गरेर सेवामुखी बनाउनु पर्ने आवश्यकता रहेको छ।

### ५.३.३ उद्देश्य

संस्थागत विद्यालयका निम्न उद्देश्य रहेका छन् ।

१. संस्थागत विद्यालयलाई प्रचलित ऐन र नियमावली बमोजिम नियमन तथा सहजीकरण गरी सेवामुखी बनाउनु
२. विद्यालयमा सुशासन कायम गरी गुणस्तरीय शिक्षाको लागि अभिप्रेरित गर्नु
३. विश्व बजारमा प्रतिस्पर्धा योग्य जनशक्ति उत्पादन गर्नु

### ५.३.४ रणनीति

१. निजी लगानीमा खुलेका विद्यालयहरूलाई नियमन गर्ने ।
२. गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन गर्ने ।
३. विद्यालयमा सुशासन कायम गर्ने ।
४. निजी विद्यालयहरूका भवन, कक्षाकोठा, फर्निचर आदि भौतिक सुविधाहरूको मापदण्ड तोकी बालमैत्री बनाउन प्रोत्साहित गर्ने ।
५. समय सापेक्ष हुने गरी पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू थप गर्न प्रोत्साहित गर्ने ।
६. लेखापरीक्षक नियुक्ति कम्पनी ऐन अनुसार हुने सोको जानकारी तथा प्रतिवेदन स्थानीय निकायलाई उपलब्ध गराउन व्यवस्था मिलाउने ।
७. संस्थागत विद्यालयको प्रतिनिधि सहितको अनुगमन समिति मार्फत अनुगमनको व्यवस्था गर्ने ।
८. निजी विद्यालयहरूमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम लागु गराउने र प्राथमिक तहको कक्षा १-३ मा लागु गरिएको एकिकृत पाठ्यक्रमको कार्यान्वयन गर्ने ।
९. गरीब तथा जेहेन्दार विद्यार्थीलाई तोकिए अनुसार निजी विद्यालयले छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्थालाई अनिवार्य रूपमा लागु गराउने ।
१०. गुणस्तरीय शिक्षाका लागि एउटा संस्थागत विद्यालयले कुनै एउटा सामुदायिक विद्यालयसँग सहकार्य गर्नुपर्ने नीति लागु गराउने ।
११. संस्थागत विद्यालयहरूको संलग्नतामा सामुदायिक- संस्थागत विद्यालय साझेदारीको नमुना तयार गरी लागु गराउने ।
१२. राष्ट्रिय पाठ्यक्रम तथा स्थानीय विषयको पाठ्यपुस्तक 'हाम्रो माई नगर' लागु गराउने ।

### ५.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

१. संस्थागत सामुदायिक विद्यालय साझेदारी विकास कार्यक्रम सञ्चालन भएको हुनेछ ।

२. निजी विद्यालयको भौतिक सुबिधाको मापदण्ड तोकिएको हुनेछ ।

३. विद्यालय नक्साङ्कन र समायोजन भएको हुनेछ ।

४. राष्ट्रिय पाठ्यक्रम तथा स्थानीय विषयको पाठ्यपुस्तक हाम्रो माई नगर लागु भएको हुनेछ ।

५. विद्यालय वर्गीकरण तथा तोकिएको छात्रवृत्ति नियमानुसार वितरण भएको हुनेछ ।

**(ख) नतिजा**

१. विद्यालय शासन तथा सार्वजनिक जवाफदेहीताको पालना भएको हुनेछ ।

२. शिक्षामा गुणस्तर तथा शैक्षिक सुशासन कायम भएको हुनेछ ।

३. कानुन बमोजिम संस्थागत विद्यालयको नियमन भएको हुनेछ ।

**(ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य**

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | संस्थागत विद्यालयको व्यवस्थापन तथा नियमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | कक्षाकोठाको अवलोकन, निरिक्षण एवम् सुपरीवेक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | संस्थागत तथा सामुदायिक विद्यालयबीच सिकाइ अनुभव आदान प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

# परिच्छेद ६
# सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

बालबालिकाको लागि समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गरी नगरको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्ने लक्ष्य प्राप्तिका लागि प्रभावकारी शासकीय प्रबन्ध तथा व्यवस्थापन आवश्यक छ । सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममूखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन्, समता तथा समावेशीता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरूलाई जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ ।

शिक्षाको वर्तमान संरचनालाई हेर्दा सङ्घ, प्रदेश र स्थानीय सरकारअन्तर्गत देहायअनुसारका शैक्षिक प्रशासकीय प्रबन्ध रहेको पाइन्छ । सङ्घीय संरचना अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवश्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन् । प्रदेश संरचना अन्तर्गत सामाजिक विकास मन्त्रालय, प्रदेश शिक्षा विकास निर्देशनालय, राष्ट्रिय परीक्षा बोर्ड र शैक्षिक तालिम केन्द्र रहेको छ । स्थानीय संरचना अनुसार सामाजिक विकास समिति, नगर शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, वडा शिक्षा समिति, आधारभूत र माध्यमिक विद्यालय, र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घ र सामुदायिक सिकाइ केन्द्र रहेको देखिन्छ । शैक्षिक अवसरहरूलाई सेवाग्राहीहरूको सहज पहुँचमा गुणस्तरीय सेवा प्रवाह गर्नु राज्यको अनिवार्य दायित्व हो । उक्त दायित्व पूरा गर्नका लागि शैक्षिक योजना तथा नीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि ऐन, नियम, कार्यविधि र निर्देशिकाहरू जारी गरिएको हुन्छ ।

### ६.१.२ वर्तमान अवस्था

नगरपालिकाको शिक्षा संचरनाअन्तर्गत सामाजिक विकास समिति, नगर शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, २७ ओटा आधारभूत विद्यालय कक्षा (१-५), ७ ओटा आधारभूत विद्यालय कक्षा (१-८), ६ ओटा माध्यमिक विद्यालय कक्षा (१-१०) र ४ ओटा माध्यमिक विद्यालय कक्षा (१-१२) गरी ४४ ओटा सामुदायिक विद्यालय, सङ्घबाट अनुदान प्राप्त ३५ ओटा

बाविके र पालिकाबाट अनुदान प्राप्त १४ ओटा र ३ ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । यस्तै गरी निजि लगानीमा सञ्चालित १४ ओटा विद्यालयको अतिरिक्त उक्त सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ रहेका छन् । नगरपालिकाको समग्र शैक्षिक गतिविधि एवम् कार्यक्रमहरूलाई प्रभावकारी रूपमा रेखदेख, सञ्चालन र कार्यान्वयन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको र सोहीअनुसार स्थानीय तहको शिक्षा प्रशासन र शैक्षिक कार्यक्रम एवम् गतिविधिहरू कार्यान्वयन भएका छन् । संस्थागत संरचनालाई जीवन्त र गतिशील बनाई अपेक्षित नतिजा हासिल गर्नका लागि प्रचलित ऐन, नियम र मापदण्ड बमोजिम जनशक्ति व्यवस्थापन गरिएका छन् । उक्त संचरनाहरूमा नेतृत्वदायी र सहयोगी भूमिकाका लागि पदीय जिम्मेवारीसहित कार्य विवरण तोकिएका छन् ।

माई नगरपालिकाले माई नगर शिक्षा ऐन २०७७ र माई नगर शिक्षा नियामावली २०७४ तयार गरी सोहिको आधारमा आवधिकरूपमा शिक्षा नीति तथा कार्यक्रम र बजेट निमार्ण र कार्यान्वयन गर्ने गरेको छ । शैक्षिक क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने हेतुले विभिन्न कार्यविधि तथा निर्देशिकाहरू बनाई कार्यान्वयनमा रहेको छ । सामाजिक विकास समिति, नगर शिक्षा समिति तथा वडा शिक्षा समिति गठन गरी आवश्यताअनुसार नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्दै आएकोछ ।

यसले जनशक्ति व्यवस्थापनसहित शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने गरेको छ । सबै विद्यालयमा विव्यस र शिअसङ्घ गठन र क्रियाशील भई सबै विद्यालयले सामाजिक परीक्षण समिति मार्फत सामाजिक परीक्षण सम्पन्न गरी सार्वजनिकरण गर्दै आएका छन् । सबै विद्यालयले सामाजिक लेखा परीक्षण सम्पन्न गरी लेखा परीक्षणबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्ने गरेका छन् । विद्यालयमा तोकिएको मापदण्ड अनुसारको प्र. अ. न्यून रहेका छन् । विद्यालयले विद्यालय सुधार योजना बनाएता पनि कार्यान्वयनको अवस्था सामान्य छ । शिक्षक, विद्यार्थी, अभिभावक र विव्यसका लागि आचारसंहिता निर्माण गरी परिपालना गर्ने गरिएको छ । समय समयमा पालिकाले विव्यस, शिअसङ्घ, वडा शिक्षा समिति र नगर शिक्षा समितिका पदाधिकारीहरूका लागि क्षमता विकास तालिम प्रदान गर्ने गरेको छ । आंशिक विद्यालयमा सहायक प्र.अ. र तहगत इन्चार्जको व्यवस्था गरी शैक्षिक गतिविधि सञ्चालन गर्दै आइएको छ । विद्यालयमा विषयगत समितिहरू गठन गरी विषयगतरूपमा आएका समस्यामाथी छलफल गरी सिकाइ सहजीकरण गरिदै आएको छ ।

बालबालिकामा सामाजिक भावनाको विकास साथै नेत्तृत्व क्षमताको विकास गर्न विद्यालयमा बालक्लव, जुरेस, स्काउट समूह गठन गरी विभिन्न शैक्षिक तथा सामाजिक सेवाका कार्यक्रमहरू गर्दै आएका छन् । सबै विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति र सूचना अधिकारीको व्यवस्था गरिएको छ । विद्यालयमा गुनासो पेटिकाको अनिवार्य रूपमा व्यवस्था गरिएको छ । शिक्षा, युवा तथा खेलकुद शाखामा न्यूनतम अफिसियल सामग्रीको व्यवस्था गरिएको छ । सेवाग्रीलाई सेवा सम्बन्धी

जानकारी दिन सबै विद्यालयमा नागरिक बडापत्र एवम् सेवाग्राही बडापत्र तयार गरी विद्यालयमा सुशासन कायम गर्न आवश्यक रहेको देखिन्छ ।

### ६.१.३ अवसर र चुनौति

१. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता
२. सबै प्र. अ. सँग कार्य सम्पादन करार सम्झौता गर्न आवश्यक
३. आवश्यक पर्ने शिक्षा नियमावली र कार्यविधि एवम् निर्देशिका जारी हुन आवश्यक
४. प्र.अ., विव्यस र शिअसङ्घका पदाधिकारीहरूको क्षमता विकास तालिम
५. विद्यालयहरूमा गुनासो पेटिका र गुनासो सुन्ने शिक्षक कर्मचारीको व्यवस्था
६. विद्यालयमा लैङ्गिक फोकल पर्सन र सूचना अधिकारीको व्यवस्था
७. विद्यालयका लागि विद्यालय सञ्चालन र प्रअ भत्ताका लागि थप अनुदानको व्यवस्था
८. प्र.अ., शिक्षक र कर्मचारीको पेसागत क्षमता विकास एवम् सहायता पद्धतिका लागि संयन्त्रको व्यवस्था
९. विद्यालयलाई विशुद्ध शैक्षिक र प्राज्ञिक संस्थाका रूपमा विकास गर्न आवश्यक
१०. विद्यालयमा अभिभावकको चासो र सहभागितामा सुधार गर्न आवश्यक

### ६.१.४ उद्देश्य

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास निम्न उद्देश्य रहेका छन् ।

१. १० वर्षको आवधिक शिक्षा योजना निर्माण गर्नु
२. शैक्षिक प्रशासन् एवम् व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षा ऐन, परिमार्जन शिक्षा नियमावली र कार्यविधि तथा निर्देशिका जारी गर्नु
३. शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालय र सामुदायिक सिकाइ केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु
४. सामाजिक विकास समिति, नगर शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयका प्र.अ., शिक्षक र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास गर्नु
५. शैक्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
६. सङ्घ, प्रदेश र स्थानीय सरकार मातहतका सरकारी निकाय तथा गैह्रसरकारी सङ्घ संस्थासँग समन्वय, सहकार्य र सहयोगको लागि आवश्यक वातावरण तयार गर्नु

### ६.१.५ रणनीति

१. प्र. अ., शिक्षक, विव्यस र शिअसङ्घका पदाधिकारीको लागि क्षमता विकास तालिम सञ्चालन गर्ने ।

२. विद्यालय व्यवस्थापन तथा सञ्चालन र प्र. अ.को थप भत्ताका लागि नगरपालिकास्तरबाट कार्यसम्पादन करार सम्झौता र प्राप्त नतिजाको आधारमा प्रोत्साहन उपलब्ध गराउने ।

३. नगरपालिकाभित्रका शिक्षकहरूको सहायताका लागि शिक्षक सहायता पद्धतिको स्थापना गर्ने ।

४. नगरपालिकाको अधिकार र दायित्वसँग सम्बन्धित अस्पष्ट रहेका पक्ष तथा विषयमा स्पष्टताको लागि सङ्घ र प्रदेशस्तरीय कानुनसँग नबाझिने गरी आवश्यक कानुनी व्यवस्थाको प्रबन्ध गर्ने ।

५. नगरपालिकाभित्र स्थापित संरचना र कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।

६. नगरपालिकाभित्रका सबै विद्यालयमा शैक्षिक सुशासनसँग सम्बन्धित न्यूनतम कार्य र पेसागत एवम् पदीय जिम्मेवारी बहनका लागि नागरिक बडापत्र राख्ने र कार्यविवरण तोक्ने ।

७. सबै सामुदायिक विद्यालयको लागि शैक्षिक सुशासन र गुणस्तर सुधारको लागि साझा प्रतिवद्धता पत्र जारी र कार्यान्वयन गर्ने ।

८. सामुदायिक विद्यालयका प्र. अ. र शि क्षकका लागि कार्यसम्पादन करार सम्झौताको नीति लागु गर्ने ।

९. विद्यालयहरूका लागि नागरिक बडा पत्र र शिक्षकहरूका लागि सिकाइ बडापत्रको नीति लागु गर्ने ।

### ६.१.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### (क) उपलब्धि

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुनेछन् :

१. नगरपालिकाका शैक्षिक व्यवस्थापनसँग सम्बन्धित निकाय र विद्यालयहरूमा सुशासनको प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

२. शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरूमा न्यूनतम स्रोत साधनको व्यवस्थापन भई कार्यसम्पादनस्तर र नतिजामा सुधार भएको हुनेछ ।

३. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।

४. विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य :

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | विद्यालयमा विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घ गठन भएका विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | सामाजिक परीक्षण गराउने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | विद्यार्थी भर्ना विद्यालयको बालमैत्री वातावरण बालमैत्री प्रारुप बमोजिम सूचकमा आधारमा सञ्चालन भएका विद्यालय | २० | २२ | २४ | २६ | २८ | ३० |
| ४ | वार्षिक सिकाइ उपलब्धि स्तर विद्यार्थी तथा शिक्षक अभिलेख नियमितता शैक्षिक सामग्रीको उपलब्धता शिक्षण सिकाइमा यसको प्रयोग गर्ने तथा अभिलेख राख्ने विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | सेवा प्रवाह सहभागितामूलक कार्यसम्पादन प्रति उत्तरदायी विद्यार्थीको सिकाइप्रति जवाफदेही समतामूलक र समावेशी विद्यालय सङ्ख्या | ४० | ४१ | ४१ | ४२ | ४३ | ४४ |
| ६ | भौतिक व्यवस्थापन विद्यालयको जग्गा व्यवस्थापन भवन उपयुक्त कक्षाकोठा खेलमैदान पानीसहित को शौचालय पुस्तकालय आदि विद्यालयको आम्दानी र खर्च विश्लेषण गरेका विद्यालय | ३८ | ३९ | ४० | ४२ | ४३ | ४४ |

| क्र.सं. | सूचक | आधार वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| ७ | शिक्षक विद्यार्थी शिक्षक शिक्षक विद्यालय समुदायबीच सम्बन्ध सामुदायिक सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय अनुगमन विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था प्राप्त सुझाव | ३९ | ४० | ४० | ४२ | ४३ | ४४ |
| ८ | वडा तथा नगर शिक्षा समिति गठन | १० | १० | १० | १० | १० | १० |
| ९ | आमा समूह गठन | ५ | ८ | १० | १० | १० | १० |
| १० | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ११ | माध्यमिक र आधारभूत तहमा नेतृत्व विकास र व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्र.अ. सङ्ख्या | ० | १० | २० | ३० | ४० | ४४ |

(ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | नगरपालिकाको शिक्षा ऐन संशोधन, नियमावली तथा | | | | | | | | |
| २ | कार्यविधि निर्माण<br>शिक्षक तथा कर्मचारीसँग कार्य | पटक | | १ | | | १ | २ | ४ |
| ३ | सम्पादन करार सम्झौता<br>पालिका स्तरीय TLG Export | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | Group निर्माण र सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ४ | IEMIS प्रणालीको सुदृणीकरण तथा क्षमता विकास | सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ५ | विद्यालयको वेव साइट निर्माण तथा सञ्चालन | सङ्ख्या | ५ | ५ | ५ | | | १५ | ३० |
| ६ | सिकाइ सुदृढीकरणका लागि विद्यार्थीहरूको विषयगत क्लब निर्माण र सञ्चालन | विद्यालय | ५ | १० | १० | १० | ८ | ४३ | ८६ |
| ७ | सबै विद्यालयमा नागरिक बडापत्र /डिजिटल बोर्डको व्यवस्था | विद्यालय | १० | २३ | १० | | | ४३ | ८६ |
| ८ | वार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | ५ | १० | १० | १० | ८ | ४३ | ८६ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना निर्माण एवम् तर्जुमा गर्नु केवल सुरूवात चरण हो । यसको प्रभावकारी कार्यान्वयनको लागि उक्त योजनाअन्तर्गतका प्रमुख क्रियाकलापलाई कार्यक्रम कार्यान्वयन योजना बनाई कार्यान्वयनका लागि स्रोत र साधनको व्यवस्थासहित जनशक्ति परिचालन गर्न जरूरी हुन्छ । कार्ययोजना एउटा मार्ग मात्र हो । यसमा किन गर्ने ? के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? क-कसको समन्वय र अगुवाइमा गर्ने वा गराउने ? कहाँ गर्ने ? गरेको ठीक छ वा छैन ? जस्ता पक्षहरु समावेश गरिएको हुन्छ । त्यसको कार्यान्वयनका लागि आवश्यक संरचना, वित्तीय प्रबन्ध स्पष्ट, जिम्मेवारी र उत्तरदायित्वसहित जनशक्ति परिचालन नै योजना कार्यान्वयनको प्रबन्ध हो । Pre–During & Post चरणमा गर्ने समग्र पक्ष केन्द्रित सोच एवम् कार्यदिशा अनुसार कानुनी नीतिगत व्यवस्था गर्नु अनिवार्य हुन्छ । योजनामा लिपिबद्ध कार्यक्रमहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको बिचमा समन्वय, सहकार्य र सहयोग आवश्यक हुन्छ । जसबाट कार्यक्रममा डुब्लिकेशन नभई कार्यान्वयनमा सहजीकरणका लागि मार्ग प्रशस्त हुन्छ । त्यसको अतिरिक्त कार्यान्वयनको क्रममा साझेदार संस्था र लाभान्वित निकाय वा संस्थासँगको जानकारीमा कार्यक्रम सञ्चालन गरेको अवस्थामा प्रभावकारी रूपमा सम्पन्न हुने कुरा निश्चित हुन्छ ।

### ६.२.२ वर्तमान अवस्था

माई नगरपालिकामा जनशक्ति व्यवस्थापन एवम् परिचालन गर्न नगरसभामा ५५ जना, कार्यपालिका पदाधिकारी २० जना, सामाजिक विकास समितिका पदाधिकारी ४ जना, नगर शिक्षा समितिका पदधिकारी ११ जना, वडा शिक्षा समिति पदाधिकारी ९ जना, माई नगरपालिकामा कार्यरत कर्मचारी १४१ जना, शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी ३ जना रहेका छन् । माई नगरपालिकामा ४४ ओटा सामुदायिक विद्यालय र कार्यरत प्र.अ. र शिक्षक कर्मचारीहरू ३८४ जना, १३ ओटा संस्थागत विद्यालय र १ गुठीमा कार्यरत प्र.अ. र शिक्षक कर्मचारीहरू १४५ जना, ३ ओटा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत कर्मचारी ३ जना र मन्टेश्वरीमा ५ जना कर्मचारी कार्यरत छन् । माई नगरपालिकामा सामुदायिक र संस्थागत गरी सबै विद्यालयमा अध्ययनरत विद्यार्थीहरू ६८९२ जना छन् । सबै विद्यालयका विव्यस र शिअसङ्घ गठन भई सक्रिय रहेका छन् ।

पालिकाको शैक्षिक विकासका लागि स्थानीय शिक्षाविद् र रैथाने ज्ञान, सिप र अनुभवी व्यक्तिको उपयोग गरिदै आएको छ ।

माई नगरपालिकाबाट जारी गरिएका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र निर्देशनहरू तथा नीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरिदै आएको छ । यस पालिकाले सङ्घ र प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र निर्देशनहरू तथा नीति तथा कार्यक्रमहरू अघि बढाएको छ । शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरूबाट विकास गरिएका अभिलेख, सूचना तथा तथ्याङ्क र प्रगति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गरी आगामी कार्य दिशालाई मार्गदर्शन गर्दै आएको छ ।

यसपालिकामा संस्थागत संरचनाको रूपमा नगर सभा र नगर कार्यपालिकाको कार्यालय, नगर शिक्षा समिति, वडा शिक्षा समिति, वडा नं १ देखि १० को कार्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामुदायिक सिकाइ केन्द्र, बालक्लव र पूर्व विद्यार्थी सञ्जाल, विद्यालय र विषयगत शिक्षक समितिहरू क्रियाशील रहेका छन् ।

माई नगरपालिकाको स्रोत व्यवस्थापन एवम् वित्तीय प्रबन्धका लागि सङ्घ र प्रदेश ससर्त वित्तीय हस्तान्तरण अनुदान, सङ्घ र प्रदेश समानीकरण, समपुरक र विशेष अनुदान, नगरपालिकाको आन्तरिक स्रोतको उपयोग गरी शैक्षिक एवम् अन्य विकासका कार्यक्रमहरू सञ्चालन गरी जनतालाई सेवा सुविधा प्रदान गरिएको छ ।

विद्यालयमा स्रोत व्यवस्थापनका लागि विद्यालयको आन्तरिक स्रोत, समुदाय र अभिभावक सहयोग, साझेदार संस्थाबाट प्राप्त अनुदान, स्थानीय सङ्घ / संस्था / समूह र व्यक्तिबाट प्राप्त नगद, सङ्घ र प्रदेश सांसद विकास कोष तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट प्राप्त अनुदानको उपयोग गरी विद्यालयको विकास गरिदै आएको छ ।

### ६.२.३ अवसर र चुनौति

१. नगरपालिकाको आवधिक विकास योजना

२. नगरपालिकाको आवधिक शिक्षा योजना

३. नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट

४. नगरपालिका नेतृत्व जनप्रतिनिधि, कर्मचारीहरूको बिच योजना निर्माण तर्जुमा र कार्यान्वयन सम्बन्धी अभिमुखीकरण एवम् क्षमता विकास

५. विद्यालयस्तरमा प्र.अ., शिक्षक, विव्यस पदाधिकारीहरूको बिच योजना निर्माण तर्जुमा र कार्यान्वयन सम्बन्धी अभिमुखीकरण एवम् क्षमता विकासको अवसर

६. नगरपालिकास्तरमा लगानी सम्मेलन

७. नगरपालिकास्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम

८. विद्यालयस्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम

९. वडास्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम

१०. सामाजिक विकास समितिको नेतृत्वदायी र समन्वयकारी भूमिका

११. नगर शिक्षा समितिको नेतृत्व, समन्वय र नियमनकारी भूमिका

१२. अभिभावकको सहभागिता र संलग्नता

१३. विव्यस, शिअसङ्घको सहभागिता र संलग्नता

१४. विद्यालय प्र. अ., शिक्षक, विद्यार्थीहरू परिचालन र सहभागिता

१५. स्थानीय जनप्रतिनिधि, विद्यालय बिच समन्वय र सहकार्य

१६. सामुदायिक सिकाइ केन्द्र, अभिभावक वा समुदाय बिचको समन्वय र सहकार्य

१७. सङ्घ, प्रदेश र स्थानीयतहका संस्थागत संरचनाहरू बिचको समन्वय, सहयोग र सहकार्य

१८. पूर्व विद्यार्थीहरूको सञ्जाल गठन र परिचालन

### ६.२.४ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु

२. शिक्षा योजनाको कार्यान्वयनको लागि सकारात्मक वातावरण तयार गर्नु

३. शिक्षा योजनाको कार्यान्वयनको क्रममा अनुगमन र सुपरीवेक्षणसहित कार्यान्वयनमा सहजीकरण गर्नु

### ६.२.५ रणनीति

१. ससर्त सङ्घ र प्रदेशको वित्तीय हस्तान्तरण बजेट तथा नगरपालिकाको आफ्नै आन्तरिक

स्रोतको आधारमा वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि र निर्देशिका एवम् मापदण्ड तयार गर्ने ।

३. वार्षिक बजेट तथा कार्यक्रमअन्तर्गत विद्यालयमा निकासा हुने बजेट तथा कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिकाको विकास गर्ने ।

४. शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा देखिने समस्या एवम् जोखिमको लागि आवश्यक नीति र निर्देशन सहित समन्वय गर्ने ।

५. एकीकृत सूचना प्रणालीमार्फत कार्यक्रमको प्रगति प्रतिवेदनका आधारमा नतिजा सूचकहरू यकिन गर्ने, मूल्याङ्कन /समीक्षापश्चात सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने ।

६. विद्यालयहरूमा विव्यस र शिअसङ्घ गठनपश्चात मात्र विद्यालय सुधार योजना निर्माण गर्न सहजीकरण गर्ने ।

७. विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने कार्यलाई थप प्रभावकारी बनाउने ।

८. अभिभावकको रोहबरमा सामाजिक परीक्षण समितिबाट गरिएको परीक्षण प्रतिवेदनलाई सार्वजनिकरण गर्न सहजीकरण गर्ने ।

९. वित्तीय व्यवस्थापन खरिद प्रकिया, शिक्षकको कक्षाकोठामा बिताउने समय र कार्यको सुनिश्चितताको लागि आवश्यक मापदण्ड तयार गर्ने ।

१०. विद्यालय र समुदायको सहभागितामा सामुदायिक सिकाइ केन्द्रमार्फत विद्यालय बाहिर रहेका वा कक्षा छाडेका बालबालिकाहरूको तथ्याङ्क यकिन गर्ने र नवसाक्षरहरूको लागि निरन्तर शिक्षा एवम् आय आर्जन केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने ।

११. सामाजिक विकास समिति, नगर शिक्षा समिति, वडा शिक्षा समितिका पदाधिकारी र शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरूका लागि शिक्षा योजना तर्जुमा, वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा अनुगमन सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

१२. विद्यालय तहमा कार्यक्रम कार्यान्वयनको क्रममा आउने समस्याको समाधान र गुनासोको सम्बोधन नगर शिक्षा समितिको अगुवाइमा गर्ने ।

### ६.२.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलब्धि

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू देहाय बमोजिम हुनेछन :

१. आवधिक शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको लागि सुनिश्चितता भएको हुनेछ ।

२. नगरपालिकाको शिक्षासँग सम्बन्धित सबै संस्थागत संचरना एवम् विद्यालयमा सुशासनको प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

**ख. नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | विद्यालय सुधार योजना अध्यावधिक समयमै र सबैको संलग्नतामा निर्माण गरेका विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको नियमित बैठक | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | अभिभावक भेला | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ४ | सामाजिक लेखा परीक्षण समयमै गर्ने विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | विद्यालयले आफ्नै वेवसाइट भएका विद्यालय | १ | २ | ३ | ४ | ५ |

**(ग) प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य**

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रअको नेतृत्व क्षमता विकास सम्बन्धी तालिम | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| २ | वार्षिक बजेट निर्माण | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ३ | विव्यस तथा शिअ संघको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ५ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ८ | कार्यविधि तयार सहित उत्कृट विव्यस, अभिभावक र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | शिक्षा समितिको नियमित बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| ११ | शैक्षिक कार्यसम्पादन समितिको सञ्चालन | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १२ | वार्षिक कार्ययोजना निर्माण (योजना कार्यान्वयन) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | प्रअको नियमित बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |

## परिच्छेद ७
## लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ । ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित

विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन् । सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो ।

### ७.२ वर्तमान अवस्था

माई नगरपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ८६ प्रतिशत रकम सङ्घीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा कोशी प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । वर्षेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत मुस्किल परिरहेको अवस्था छ । सङ्घीय सरकारबाट प्राप्त हुने बजेट करिव ७४ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निःशर्त परिचालन गर्न सक्ने अवस्था रहदैन् । नगरपालिकाले पनि कुल बजेटको करिब १४ प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि वर्षेनी बजेट विनियोजन गरीरहेको छ । उक्त रकममध्ये करिब ५० प्रतिशत बजेट नगरपालिकाले सिर्जना गरेको शिक्षक, खेलकुद प्रशिक्षक, कर्मचारी, बालविकास शिक्षकको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ । नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन् ।

शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्नु, विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, शिक्षामा समता

तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु जस्ता विषयहरू अझै पनि चुनौतिको रूपमा रहेका छन् ।

सङ्घ, प्रदेश र स्थानीय तहको सरकारले लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । पहिचान गरिएका माथि उल्लेखित चुनौतिको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीति प्रस्तुत गरी स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको सरकारवाट गुणस्तरीय शिक्षा प्राप्तिको लागि लगानी बढाउने अवसर समेत छ ।

### ७.३ उद्देश्य

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

### ७.४ रणनीति

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरूबीचको लागत साझेदारीमा गर्ने ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी नगरपालिकाको भएकोले आफ्नो क्षेत्रभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न नगरपालिकाको आन्तरिक संयन्त्रलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

३. तीनओटै तहका सरकारहरूबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर र जवाफदेहिता एवम् पारदर्शिता सुनिश्चित गर्न सबै विद्यालयमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सँग जोडेर विद्यालय लेखा प्रणाली (SAS) सबै विद्यालयमा क्रमशः लागू गर्ने ।

४. माई नगरपालिकाले बार्षिक वजेटको शिक्षामा कम्तिमा २० प्रतिशत बजेट बिनियोजन गरी सङ्घ र प्रदेश सरकारसँग पनि सोहि वरावरको वजेटका लागि समन्वय र सहजीकरण

गर्ने ।

५. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गर्दै आधारभूत र माध्यमिक शिक्षा निःशुल्क रूपमा प्रदान गर्न 'म बनाउँछु, मेरो शिक्षा विकास कोष' कार्यक्रमलाई प्रभावकारी रूपमा व्यवस्थापन र परिचालन गर्ने ।

६. अवस्था र आवश्यकताका आधारमा समाजीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गर्ने ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।

८. विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाउने ।

९. शिक्षा क्षेत्र योजनाले अगाडि सारेका कार्यक्रमहरूलाई क्रमशः पूरा गर्नका लागि सङ्घ र कोशी प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा वार्षिक रूपमा बजेट विनियोजन गर्ने ।

**७.५ उपलब्धि**

क. शैक्षिक पहुँच समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

ख. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

**७.६.प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

क. सङ्घीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | बजेट स्रोत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ८५६७४७०० | १७६८७८०० | १७०४११०० | १७०४६१०० | १६९४८६०० | १६९५११०० | ७०२५३२५४ | ७०७५१२ | २३८५७५४ |
| २ | आधारभूत शिक्षा | ७२७७३३१५० | १४४२९८८०० | १४६५८४१५० | १४४९२२६५० | १४५०००४०० | १४६९२७१५० | ५९६७४११८३ | ५७७१९५२ | २०५२१७८१ |
| ३ | माध्यमिक शिक्षा | २८५५९२००० | ५१९७१००० | ५६७०४००० | ५५४७९००० | ६६१२४००० | ५५३१४००० | २३४१८५४४० | २०७८८४० | ७९३८५६० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | २८७५०००० | २०५०००० | २०५०००० | ४९५०००० | ९८५०००० | ९८५०००० | २३५७५००० | ८२००० | २८७००० |
| ५ | अनौपचारिक शिक्षा तथा आजीजन सिकाइ | ८०२५००० | १५४५००० | १६४५००० | १५४५००० | १६४५००० | १६४५००० | ६५८०५०० | ६१८०० | २३०३०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ३१०६५००० | ६४५७५०० | ६४००००० | ५३५०००० | ६१००००० | ६७५७५०० | २५४७३३०० | २५८३०० | ८९६००० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ५२७२०००० | १०५६४००० | १०५१४००० | १०५६४००० | १०५१४००० | १०५६४००० | ४३२३०४०० | ४२२५६० | १४७१९६० |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ६८०६०००० | १६८६४००० | १२१७९००० | १६१७९००० | ११८७९००० | १०९५९००० | ५५८०९२०० | ६७४५६० | १७०५०६० |
| ९ | शिक्षामा समता र समाबेशीकरण | ७२९५००० | १४५९००० | १४५९००० | १४५९००० | १४५९००० | १४५९००० | ५९८१९०० | ५८३६० | २०४२६० |
| १० | विद्यालयमा पोषण तथा स्वस्थ्य कार्यक्रम | ५३२८३८०० | ११००९८०० | १०८१७००० | १०४३३००० | १०५११००० | १०५१३००० | ४३६९२७१६ | ४४०३९२ | १५१४३८० |
| ११ | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | ७९७५००० | १७७५००० | १२७५००० | १८७५००० | १२७५००० | १७७५००० | ६५३९५०० | ७१००० | १७८५०० |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ६८१७००००० | १२७७००००० | १३७३५०००० | १४४५५०००० | १३७८५०००० | १३४२५०००० | ५५८९९४००० | ५१०८००० | १९२२९००० |
| १३ | सुसासन तथा व्यवस्थापन | १६७५२५०० | १३६९५०० | १३६९५०० | १३६९५०० | १३६९५०० | १३६९५०० | १३७३७०५० | ५४७८० | १९१७३० |
| १४ | अनुगमन तथा मूल्याङ्कन | ४२५०००० | ८१०००० | ९१०००० | ८१०००० | ८१०००० | ९१०००० | ३४८५००० | ३२४०० | १२७४०० |
| | कुल बजेट रू. | २०५८८७६१५० | ३९५५६१४०० | ४०६२९७७५० | ४१६५३२२५० | ४२१३३५५०० | ४०९२४४२५० | १६८८२७८४४३ | १५८२२४५६ | ५६८८१६८५ |

## ७.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

माई नगरपालिकाले वार्षिक रूपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिम नै शिक्षा क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रक्रिया अवलम्बन गर्नेछ । यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङका आधारमा कार्यक्रमहरू तय गरी अन्य सरोकारवालाहरूसँग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सोही बमोजिम वार्षिक योजनामा रहेका क्रियाकलापहरूलाई समावेश गर्दै कार्यान्वयन गरिनेछ ।

## ७.८ योजना कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गरिनेछ । यसका लागि वार्षिक रूपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकताअनुसार स्रोत सुनिश्चित भए सोही वर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यानव्यन गर्ने र बजेटको प्रभावकारी कार्यानव्यन गरिनेछ ।

## ७.९ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास र शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्ने, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्ने, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । योजनाको दश वर्षमा करिब ८० प्रतिशत आधारभूत र माध्यमिक तह सञ्चालन भएका विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा स्थानीय पाठ्यक्रमको विकास, परिमार्जन र कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धि गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, पूर्ण साक्षर नगरपालिका घोषणा गरी निरन्तर शिक्षा र खुला सिकाइलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, माध्यमिक तहसँग उच्च शिक्षाको सम्बन्ध स्थापित गर्न नगरपालिका क्षेत्रमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको संस्थागत क्षमता विकासमा सहयोग गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समावेशीतामा सुधार गर्ने, अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ ।

# परिच्छेद-८
## अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

स्थानीय तहमा सञ्चालित शैक्षिक योजना तथा कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलाप तोकिएको समयमा सम्पन्न हुन सकेका छन् कि छैनन् भन्ने लेखाजोखा गरी यकिन गर्न अनुगमन तथा मूल्याङकनको आवश्यकता पर्दछ । अनुगमन तथा मूल्याङकनका लागि एउटा विधिसम्मत र जिम्मेवार  संयन्त्र तयार गरी संयन्त्रले कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गर्दछ । योजनाको लक्ष्य तथा प्रगति र समयतालिका अनुसार कार्यक्रमको निरीक्षण अनुगमन तथा मूल्याङ्कन गरी यथार्थ चित्रण गर्ने गराउने कार्य नै अनुगमन हो । यो प्राविधिक ज्ञान भएका व्यक्ति, समूह तथा साधनको उपयोग गरी गर्न सकिन्छ । मूल्याङ्कनले शैक्षिक कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, उपयुक्तता आदिको जाँचबुझ तथा लेखाजोखा गरी प्रतिफलको जानकारी गराउँदछ । अनुगमन कार्यक्रम कार्यान्वयनका क्रममा बढी सान्दर्भिक हुन्छ भने मूल्याङ्कन कार्यक्रम कार्यान्वयन तथा सम्पन्न दुवै अवस्थामा निरन्तर गरिन्छ । नगरपालिकाभित्र सञ्चालन भएका शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई व्यवस्थित, नतिजामूखी, पारदर्शी र उत्तरदायीपूर्ण बनाउन अनुगमन तथा मूल्याङकन अनिवार्य छ ।

हाम्रो माई नगरपालिकामा दश वर्षे नगर शिक्षा योजना निर्माण भई कार्यान्वयनका क्रममा रहेकाले शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कन गर्न ऐन नियमको परिधिमा रही भरपर्दो संयन्त्र निर्माण गरी कार्यक्रम अनुगमको ढाँचा, विषय र साधन तयार गर्न आवश्यक हुन्छ । नगरपालिकाले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको ढाँचा तयार गरी कार्यान्वयन गराउँदछ ।

### ८.२ वर्तमान अवस्था

नगरपालिकाको समग्र शैक्षिक गतिविधिको सञ्चालन व्यवस्थापन, अनुगमन र मूल्याङ्कन गर्ने नगरप्रमुखको नेतृत्वमा नगर शिक्षा समिति रहेको छ । नगर शिक्षा समितिले अनुगमन र मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गका रूपमा राखेको छ । यसले शिक्षाका संयन्त्रहरूलाई प्रभावकारी र व्यवस्थित गर्न आवश्यकताको परिपूर्ती, सेवाहरूको वितरण, नीतिगत निर्णय, कार्यक्रम र प्रगतिको समीक्षा गर्ने गर्दछ । कार्यपालिका तथा शिक्षा समितिबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने प्रमुख केन्द्रको काम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्ने गरेको छ । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले विविध शैक्षिक गतिविधि सञ्चालन गर्नुका साथै आफ्नो क्षेत्रभित्रका सामुदायिक, संस्थागत तथा गुठी विद्यालयहरूको अनुगमन तथा मूल्याङकन गरी पृष्ठपोषण दिने, नियन्त्रण गर्ने तथा समन्वय गर्ने कार्य गर्दै आएको छ ।

अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल

सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा सम्म सम्प्रेषण गर्ने गरिएको छ ।

शिक्षाको वार्षिक बजेट तथा कार्यक्रम नगर शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकाले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएअनुरूप हुने प्रबन्ध गरिएको छ । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधारसम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थी तथा कर्मचारीको विवरण अद्यावधिक हुने गरेको छ । हाल स्रोतव्यक्ति नभएको अवस्था र शिक्षा, युवा तथा खेलकुद शाखामा दरबन्दी अनुसारको आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधारसम्बन्धी सूचना लिई कार्यसम्पादन गरिन्छ । यस्तै विद्यालयका विविध सूचना सङ्कलन, सूचना तथा जानकारीको सम्प्रेषण, कार्यक्रमको प्रगति समीक्षाका लागि न्यूनतम दुई /दुई महिनामा प्रधानाध्यापक बैठक बस्ने व्यवस्था गरिएको छ ।

शिक्षा, युवा तथा खेलकूद शाखामा अनुगमन तथा मूल्याङ्कनका लागि थप जनशक्ति व्यवस्था नभएकाले शिक्षा अधिकृत तथा कर्मचारीबाट निर्देशित र अनिर्देशित अनुगमन गर्ने गरिएको छ । यस्तै विषय विज्ञसहितको सामूहिक अनुगमन तथा मूल्याङ्कन पनि सुरू भएको छ । शिक्षा विकास तथा समन्वय इकाइको कार्यक्रम र समन्वयमा समेत सामूहिक अनुगमन तथा मूल्याङ्कन पद्धति चलिरहेको छ । कर्मचारी तथा विज्ञसमेतबाट भएका सबै अनुगमनका लिखित प्रतिवेदन तयार गरी आवश्यकताका आधारमा उपयोग समेत गर्ने गरिएको छ । कार्यक्रमगत रूपमा नगरप्रमुख, उपप्रमुख तथा कार्यपालिकका सदस्यबाट समेत अनुगमन हुने गरेका छन् ।

शिक्षकको पेसागत विकासका लागि शिक्षक मेन्टरिङ् कार्यक्रम सञ्चालन हुने गरेको छ । विद्यार्थी उपलब्धि परीक्षण कार्यक्रम पनि वार्षिक रूपमा सञ्चालन भइरहेको । विसं २०८१ मा १० ओटा माध्यमिक विद्यालयमा ९८ ओटा सूचकमा आधारित भएर कार्यसम्पादन परीक्षण सम्पन्न भएको छ । विद्यालय कार्य सम्पादन परीक्षणका सूचक निक्कै पुराना देखिएकाले विश्वसनीयतामा प्रश्न उठ्ने गरेको पाइन्छ ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था, एकिकृत प्रतिवेदन प्रणालीको विकास, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कनमा प्रणालीको सुनिश्चिता, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग, नतिजामा आधारित अनुगमनपद्धति आदिका क्षेत्रमा थप व्यवस्थित हुदै शैक्षिक आवश्यकताको परिपूर्ति गर्नु र लगानीलाई व्यवस्थित, नतिजामुखी, पारदर्शी र उत्तरदायी बनाई समग्र शैक्षिक क्षेत्रको विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।

## ८.३ चुनौति र अवसर

### (क) अवसर

माथिको विश्लेषणका आधारमा योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा निम्नानुसारका अवसर भएको पाइन्छ ।

१. जनप्रतिनिधिहरू शिक्षा र शैक्षिक विकासका लागि सकारात्मक हुनु ,

२. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिन, भरपर्दो, विश्वसनीय र एकरूपता कायम गर्न स्थानीय सरकारलाई नीतिगत अधिकार प्राप्त हुनु ,

३. नगरपालिका भित्रकै योग्य र दक्ष शिक्षकहरूको सहयोगमा कार्य सम्पन्न गर्ने अवस्था हुनु,

४. योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि समेत सूचना तथा प्रविधिको व्यापकताले सहयोग गर्नु,

### (ख) चुनौति

माथिको विश्लेषणका आधारमा योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा निम्नानुसारका चुनौति पहिचान गरिएको छ ।

१. स्थानीय तथा राष्ट्रिय रूपमा वस्तुगत र उपयोगी क्षेत्रगत सूचकहरूको विकास गर्न ।

२. एकद्वार प्रणालीबाट अनुगमन तथा मूल्याङ्कन गर्न र सूचकसँग परिचित दक्ष जनशक्ति विकास गर्न ।

३. अनुगमनलाई योजनाबद्ध गरी नियमित गर्न आवश्यक स्रोत साधनको प्रबन्ध गर्न,

४. अनुगमन तथा मूल्याङ्कनमा समन्वय र सहकार्य गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्न ,

५. अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनबाट प्राप्त सुझाव तथा पृष्ठपोषणको व्यवस्थित उपयोग गर्ने, पद्धतिको विकास गर्न र सो को लागि जनशक्ति व्यवस्थापन गर्न,

६. अनुगमन तथा मूल्याङ्कनलाई व्यावहारिक, निष्पक्ष,नियमित, र विश्वसनीय बनाउन,

७. सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्न र अनुगमन तथा मूल्याङ्कनमा आधुनिक सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिन ।

## ८.४ उद्देश्य

क. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।

ख. योजनाको कार्यान्वयनलाई छिटो, छरितो, विश्वासनीय र प्रभावकारी बनाउनु ।

ग. स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफलको मापन गर्नु ।

घ. आवश्यकतामा आधारित योजना छनौटमा सहयोग गर्नु ।

ङ. योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतिलाई समयमा नै सामना गरी उपलब्धिलाई अपेक्षित बनाउनु ।

## ८.५ रणनीति

१. सबै शैक्षिक योजना तथा कार्यक्रमको नियमित आवधिक, मध्यकालीन र अन्तिम अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्ने ।

२. प्रविधिको समेत उपयोग हुने एकीकृत मूल्याङ्कन प्रणालीको विकास गरी योजनाको कार्यान्वयनलाई छिटो, छरितो, विश्वासनीय र प्रभावकारी बनाउने ।

३. स्थानीय आवश्यकताका आधारमा सूचक निर्माण गरी सूचना प्रणालीमा समावेस गर्ने ।

४. नगरपालिकाभित्रका विद्यालयलाई प्राविधिक सञ्जालमा जोडेर Online अनुगमन, मूल्याङ्कनको सुरुवात गर्ने ।

५. शैक्षिक अनुगमन, मूल्याङ्कनलाई नतिजामूखी बनाउन निश्चित बजेटको व्यवस्थापन गर्ने ।

६. अनुगमन तथा मूल्याङकनलाई प्रतिवेदनमा आधारित बनाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्ने ।

७. सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबिच समन्वय र सहकार्य गरी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।

८. नगरप्रमुख/ उपप्रमुखको नेतृत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने ।

९. वि.व्य. स. तथा शि. अ. सङ्घको टीमबाट कार्ययोजना सहितको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई थप सुदृढीकरण गर्ने ।

१०. नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन मूल्याङकन गरी प्रतिवेदन प्रकाशित गरिने छ । यसका लागि स्थानीय विज्ञ टोलीलाई समेत उपयोग गर्ने ।

११. तेस्रो पक्षले अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्ने ।

## ७.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलब्धि

१. योजना तथा कार्यक्रम सञ्चालनमा आएक समस्या तथा चुनौति समयमै सम्बोधन भई समयमा कार्य सम्पन्न भएको हुनेछ ।

२. आवश्यकतामा आधारित योजना छनौटमा पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

३. योजना तथा कार्यक्रम उद्देश्य अनुरूप छिटो, छरितो, विश्वसनीय र प्रभावकारी ढङ्गले सम्पन्न भएको हुनेछ ।

**(ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीको संस्थागत विकास हुने ।

२. योजना तथा कार्यक्रमबाट अपेक्षा गरिए अनुसारको नतिजा प्राप्त हुने ।

३. नतिजामा आधारित अनुगमन प्रणाली लागु भएको हुने ।

४. प्रधानाध्यपक, शिक्षक, विव्यस, तथा शिअसं सबै पक्षले उच्च दायित्व बोध सहित जिम्मेवरी लिने परिपाटी विकास हुने ।

५. विद्यार्थीको उपलब्धि तथा विद्यालयको कार्यसम्पादन उच्च भएको हुने ।

## ८.७ समन्वय र सहजीकरण

नगर कार्यपालिका, नगर शिक्षा समिति, नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, विव्यस तथा आवश्यकता अनुसार गठन भएका विभिन्न समितिहरु गठन गरी योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन संयन्त्र तयार गरिने छ । नगरस्तरीय योजना अनुगमन तथा मूल्याङ्कन समितिबाट विद्यालय क्षेत्रको नियमित अनुगमन पद्धति स्थापना गरिने छ । समितिले कार्यक्षेत्र तोकी फोकल पर्सनको उपयोग गर्ने व्यवस्था मिलाउने छ । विद्यालयका आवश्यकताहरूको प्रथामिकीकरण गरी कार्यान्वयन गर्न, शिक्षकको पेसागत विकास र कक्षाकोठामै सहयोग गर्न, सङ्घीय तथा प्रदेश सरकारसँग सहकार्य क्रियाकलापहरू सञ्चालन गरिने छ । नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरूको प्राथमिकीकरण, विद्यालयहरूको कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन तथा परीक्षण, विभिन्न तालिम, सचेतना, कार्यशाला सञ्चालन, शिक्षक विद्यार्थी उत्प्रेरणा आदि कार्यका लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र नगर शिक्षा समिति जिम्मेवार रहनेछ ।

विद्यालयका योजना कार्यान्वयन, मूल्याङ्कन र विद्यालयको कार्यसम्पादन प्रतिवेदन ३/३ महिनामा तयार गरी सरोकारवालाबिच सामूहिक छलफल गर्ने परिपाटी सुरू गरिने छ ।

## ८.८ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विव्यस शिअसंबाट विद्यालयको पालैपालो नियमित अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १०बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ३ | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने मापदण्ड अनुसारको परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन तथा विश्लेषण | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | नतिजाका आधारमा अनुगमन प्रणाली विकासका लागि सूचक निर्माण र अध्यावधिक | पटक | | १ | | | १ | २ | ४ |
| ६ | विद्यालय कार्यसम्पादन स्व मूल्याङ्कन सूचक निर्माण तथा कार्यान्वयन | पटक | | १ | | | १ | २ | ४ |
| ७ | वडास्तरीय अनुगमन समितिबाट अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ८ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| ९ | विद्यालयको वार्षिक कार्य सम्पादन परीक्षण | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० |
| १० | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा प्रतिवेदन, उपयोग | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ११ | समितिहरूको कार्यप्रगति समीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | तेस्रो पक्षबाट विद्यालय अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| १३ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## सन्दर्भ सामग्री


१. नेपालको संविधान, २०७२

२. स्थानीय सरकार संचालन ऐन, २०७४

३. राष्ट्रिय शिक्षा नीति, २०७६

४. समावेशी आयोग नीति, २०७६

५. शिक्षा क्षेत्रको योजना (२०२१-२०३०), नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

६. समावेशी शिक्षा नीति २०७३

७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

८. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित,) २०७६,

९. पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

१०. माई नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना (ड्राफ्ट), २०८०/०८१-०९१/०९२

११. शिक्षा क्षेत्र योजना विकास कार्य ढाँचा २०७७, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

१२. प्राविधिक शिक्षा कार्यविधि

१३. पन्ध्रौं योजना आ.व. २०७६/०७७-०८०/०८१

१४. राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६

१५. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५

१६. दिगो विकासका लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र

१७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम- २०७६

१८. माई नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७९/०८० र २०८०/०८१

१९. School Sector Development Plan 2016-2023, Gov, Ministry of Education

२०. प्रथम पञ्चवर्षिय आवधिक योजनाः आ.व. २०८१/०८२-२०८५/२०८६, माई नगरपालिका

२१. शैक्षिक तथ्याङ्क आ.व २०८१/२०८२, शिक्षा विकास तथा समन्वय इकाइ, इलाम

२२. आर्थिक सर्वेक्षण २०८१/२०८२, अर्थमन्त्रालय

२३. एकीकृत शैक्षिक सूचना प्रणाली -२०८१)

## अनुसूची

## अनुसूची - १

शैक्षिक योजना निर्माणका लागि समूहगत प्रश्नावली नमूना

माई नगरपालिकाको १० वर्ष नगर शिक्षा योजना निर्माण सम्बन्धमा सुझाव सङ्कलनका लागि तयार पारिएको प्रश्नावली

सहभागीको नामः

सहभागीको संस्थाको नामः

१. तपाईको विचारमा यस नगरपालिकाको हालको मुख्य शैक्षिक समस्याहरू के के हुन ? क्रमश उल्लेख गर्नुहोस । (भौतिक, शैक्षिक, व्यवस्थापन, जनशक्ती लगायत)

........................................ ........................................

........................................ ........................................

........................................ ........................................

२. यस नगरपालिकाको शैक्षिक सुधारको लागि के कस्ता विषय वस्तु वा कार्यक्रमहरूको आवश्यकता पर्ला ? साथै माध्यमिक तहको शिक्षालाई व्यावसायिक, व्यावहारिक र परिणाममुखी वनाउन के कस्ता नीति कार्यक्रमहरू आवस्यकता पर्ला प्राथमिकताको आधारमा लेख्नुहोस ।

........................................ ........................................

........................................ ........................................

........................................ ........................................

३. यस नगर शिक्षा योजनामा के के उद्देश्यहरू समावेश गर्न सकिएला ? क्रमशः उल्लेख गर्नुहोस ।

........................................ ........................................

........................................ ........................................

४. सबै बालबालिकालाई गुणस्तरीय बालविकास तथा आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्न के के गर्नुपर्ला ?

........................................ ........................................

........................................ ........................................

५. नगरपालिका भित्रका शिक्षामा रहेको चुनौतिहरू के के होलान् र उक्त चुनौतिहरू पार गर्दै गुणस्तर सुधार गर्न के गर्नुपर्ला ?

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

६. तपाईँको विचारमा नगरपालिकाको शैक्षिक संस्थाहरूमा शिक्षक कर्मचारी व्यवस्थापन तथा पेसागत रूपमा के कस्ता चुनौतिहरू रहेका छन् ? यी चुनौतिहरूको सामना गर्नका लागि के कस्ता कार्यक्रमहरू आवश्यक होलान ?

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

७. शिक्षामा सबै वर्ग, क्षेत्र, लिङ्गको पहुँच बढाउन र विद्यालय छाड्ने क्रम घटाउन के कस्ता योजना निर्माण र कार्यान्वयन गर्नुपर्ला ?

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

८. शिक्षक तथा विद्यार्थीहरूको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच बनाउन के के कार्यहरू गर्नु पर्ला ?

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

९. शिक्षाको सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी बनाउन के कस्ता रणनीतिहरू अपनाउनु पर्ला ?

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

१०. शैक्षिक योजनालाई प्रभावकारी कार्यान्वयनमा ल्याउन के कस्ता रणनीति अपनाउनु पर्ला ?

........................................................................ ........................................................................

........................................................................ ........................................................................

११. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा के कस्ता विषयवस्तु समावेश गर्न आवश्यक होला ?

........................................................................ ........................................................................

........................................................................ ........................................................................

१२. विद्यालय शिक्षामा अभिभावकको चासो तथा सहभागिता अभिवृद्धि गर्न के कसरी सकिएला ?

........................................................................ ........................................................................

........................................................................ ........................................................................

१३. शिक्षा योजनामा समावेश गर्न पर्ने अन्य केही सुझाव दिन चाहानुहुन्छ भने दिनुहोस् ।

........................................................................ ........................................................................

........................................................................ ........................................................................

## अनुसूची-२
## स्वीकृत पत्र

आज मिति २०८१ साल पौष ०८ गतेका दिन माई नगरपालिका, इलामको आयोजनामा यस माई नगरपालिका नगर प्रमुख श्री खम्बासिं लिम्बु ज्यूको अध्यक्षतामा माई नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माण सम्बन्धी अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम/कार्यशाला निम्न उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति:

| क्र.स. | नाम/थर | पद/कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री खम्बासिं लिम्बु | नगरप्रमुख माई न.पा. | |
| २. | श्री हिमा भण्डारी | नगरउपप्रमुख माई न.पा. | |
| ३. | श्री महेन्द्र विश्वकर्मा | प्रमुख प्रशासकीय अ. माई न.पा. | |
| ४. | श्री राम बहादुर राई | वडाध्यक्ष वडा नं. -१ | |
| ५. | श्री उर्द बहादुर राई | वडाध्यक्ष वडा नं. -२ | |
| ६. | श्री देव कुमार तामाङ | " " -३ | |
| ७. | श्री हेम बहादुर लायो | " " -४ | — |
| ८. | श्री भुपेन्द्र पुर्वाछानेमगर | " " -५ | |
| ९. | श्री खड्ग सुन्दर आङ्बहाङ | " " -६ | |
| १०. | श्री बुद्धी प्रसाद खनाल | " " -७ | |
| ११. | श्री अमृत बहादुर मोक्तान | " " -८ | |
| १२ | श्री लिला कुमार राई | " " -९ | — |
| १३ | श्री गणेश राई | " " -१० | |
| १४ | श्री बुजेन्द्र राई | सामाजिक विकास शा. संयोजक | — |
| १५ | श्री लोक बहादुर खड्का | सहजकर्ता-EGL Senior-co. | |
| १६ | श्री दल बहादुर विश्वकर्मा | सा.वि.स. सदस्य | |
| १७ | श्री तेजकुमारी लिम्बु | शिक्षा स. सदस्य | |
| १८ | श्री शोभा राई | सा.वि.स. सदस्य | |
| १९ | श्री दिपक कुमार थेबे | निवर्तमान नगर प्रमुख | |
| २० | श्री विष्णुमाया रिमाल | निवर्तमान नगर उपप्रमुख | |
| २१ | श्री प्रीतादेवी लावती | शिक्षा अधिकृत | |
| २२ | श्री केशव खनाल | प्राविधिक सहायक | |

| क्र.सं. | नाम/थर | पद/कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| २३ | खेमराज ढकाल | नेपाल रेडक्रस | [signature] |
| २४ | शुसिला खड्का | प्र.अ. श्री जनकल्याण आ.वि. | [signature] |
| २५ | हरि प्रसाद पौड्याल | प्र.अ. कन्काई मा.वि. महेश | [signature] |
| २६ | किरण प्रसाद चतुर्वेदी | शिक्षक श्री कन्काई मा.वि. | [signature] |
| २७ | खेमराज लिम्बु | स.प्र.अ. कन्काई मा.वि. | [signature] |
| २८ | जीत बहादुर विश्वकर्मा | — | — |
| २९ | लोकनाथ घिमिरे | प्रिन्सिपल नेपाल एकाडेमी | [signature] |
| ३० | रुद्र बहादुर मगर | ने.शि. संघ - अध्यक्ष | [signature] |
| ३१ | सुदर्शन कुलोचौकी | ने.रा.शि. संगठन सचिव | [signature] |
| ३२ | वीरबहादुर जोहारा | प्र.अ. कैलाश आ.वि. माई-१० | [signature] |
| ३३ | भीम बहादुर राई | प्र.अ. वीरेन्द्र मा.वि. माई | [signature] |
| ३४ | तिर्थ राज भारती | प्र.अ. दिपज्योती माई-३ | [signature] |
| ३५ | हरि-चरण घिमिरे | प्र.अ. जनता मा.वि. माई-९ | [signature] |
| ३६ | सोमनाथ घिमिरे | [illegible] | [signature] |
| ३७ | मुक्तराम लिम्बु | माई-४ | [signature] |
| ३८ | [illegible] | [illegible] माई-६ | [signature] |
| ३९ | सुवास [illegible] | श्री हिमशिखर आ.वि. माई-३ इलाम | [signature] |
| ४० | सैलु तामाङ | श्री आदर्श निकेतन बोर्डिङ स्कूल | [signature] |
| ४१ | रविन राज कोइराला | प्रिन्सिपल, इलाम न्यू लाइट | [signature] |
| ४२ | गंगाराम कोपले | प्रिन्सिपल, साइनसिटी | [signature] |
| ४३ | सन्तु मोक्तान | अध्यक्ष (ने.वि.इ.प. माई) | [signature] |
| ४४ | ठाकुर प्रसाद भट्टराई | अभिभावक माई २. | [signature] |
| ४५ | दीपिका घिमिरे | क.प्र.अ. माई न.पा. | [signature] |
| ४६ | सीता भट्टराई | माईन.पा. कार्यालय | [signature] |
| ४७ | अर्पना राई नेम्बाङ | [illegible] ६ सारि.के | [signature] |
| ४८ | सीता भट्टराई | दानावारी सा.सि.के | [signature] |
| ४९ | खड्क बहादुर खड्का | श्री किर्ती [illegible] | [signature] |
| ५० | राजेन्द्र राई | श्री ज्ञानज्योति आ.वि. | [signature] |
| ५१ | विमल कुमार दहाल | दानावारी सा.सि.के अध्यक्ष | [signature] |
| ५२ | भुपाल अधिकारी | क्याम्पस प्रमुख (दानाबारी क्याम्पस) | [signature] |
| ५३ | तुलसीराम पोखरेल | श्री आदर्श आ.वि. माई९ | [signature] |

| क्र.सं | नाम/थर | पद/कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| ५४ | हिमाल तिमल्सिना | माई न.पा./योजना शाखा | |
| ५५ | छत्राज थापा | प्र०अ० / लोटिया क्याली | |
| ५६ | मित्र ब. विश्वकर्मा | शिक्षक नमुनता माध्यमिक - माई ३ | |
| ५७ | हीरा बहादुर चौहान | प्र.अ. सिद्धकाली आ.वि. माई-१० | |
| ५८ | डिल्लीराम घिताल | प्र.अ. श्री सात्वती मा.वि. माई-३ | |
| ५९ | भीमानराई | माई सामुदायिक सिकाई केन्द्र माई ३ [illegible] | |
| ६० | उर्मिला चेम्जोङ | प्र.अ. श्री सिंहदेवी आ.वि. माई-६ | |
| ६१ | रस्मा नेम्वाङ | प्र.अ. श्री सूर्योदय आ.वि. माई ५ | |
| ६२ | याम कुमारी गुरुङ | प्र.अ. श्री [illegible] जनता आ.वि. माई | |
| ६३ | निर्मला राई | प्र.अ. श्री श्री जंगा आ.वि. | |
| ६४ | नरमाया राई | प्र.अ. श्री चन्द्रसूर्य आ.वि. | |
| ६५ | होम बहादुर गुरुङ | प्र.अ. श्री [illegible] आ.वि. | |
| ६६ | गोपाल घिमिरे | प्र.अ. श्री कामना आ.वि. | |
| ६७ | सीतादेवी राई | प्र.अ. श्री आदर्श [illegible] आ.वि. | |
| ६८ | दिनेश कुमार भगत | प्र.अ. श्री भगवती मा.वि. | |
| ६९ | सागर लिम्बु | प्र.अ. श्री युवावर्ष मा.वि. | |
| ७० | किशोर राई | नि.प्र.अ. श्री गंगादेवी आ.वि. | |
| ७१ | पुष्पराज मगर | प्र.अ. श्री गौरीशंकर आ.वि. | |
| ७२ | रोम बहादुर राई | प्र.अ. श्री [illegible] मा.वि. माई-२ | |
| ७३ | ज्ञान ब. थापा | प्र.अ. श्री जनता आ.वि. माई-८ | |
| ७४ | मन बहादुर मगर | प्र.अ. श्री गुनमुने आ.वि. माई ६ | |
| ७५ | बाल कृष्ण नेपाल | प्र.अ. श्री ओरपोखरी आ.वि. माई-१ | |
| ७६ | डीक ब. पाजो लिम्बु | प्र.अ. [illegible] आ.वि. माई ८ | |
| ७७ | ईश्वर शर्मा | प्र.अ. दिपज्योति आ.वि. माई | |
| ७८ | पार्वता फुँयल | प्र.अ. श्री त्रिभुवन आ.वि. माई-८ | |
| ७९ | विनोद लामा तामाङ | प्र.अ. बालमन्दिर आ.वि. माई-३ | |
| ८० | पृथ्वी तिमिल्सिना | श्री गोरखा आ.वि. माई-४ | |
| ८१ | युवराज दहाल | श्री [illegible] मोडेल माई-५ | |
| ८२ | [illegible] | श्री शिक्षासेवा माध्यमिक माई-७ | |
| ८३ | भीम प्रसाद भट्टराई | श्री कुडु आ.वि. माई-६ | |
| ८४ | भिम प्र. दाहाल | श्री अम्लिसे आ.वि. माई-५ | |

| क्र.सं. | नाम / थर | पद / कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| ८५ | [illegible]प्रसाद अधिकारी | प्र.अ. श्री लक्ष्मी आदर्श मा.वि. माई-०९ | [signature] |
| ८६ | कल्पना विश्वकर्मा | का.पा सदस्य | कल्पना |
| ८७ | कल्पना खेत्रीपुरी | वडा सदस्य | [signature] |
| ८८ | [illegible]ला राई | का.पा.स. | [signature] |
| ८९ | कर सिंह राई | —"— | [signature] |
| ९० | लक्ष्मण कटेल | प्रशासकीय अधिकृत | [signature] |
| ९१ | [illegible]लाल मिश्र | अधिकृत | [signature] |
| ९२ | दुर्गा ब. कार्की | - | [signature] |
| ९३ | देवनारायण खनाल | कर्मचारी | [signature] |
| ९४ | [illegible]नाथ अधिकारी | MIS operator | [signature] |
| ९५ | हरि असिम | संचारकर्मी | [signature] |
| ९६ | अशोक कट्टेल | लेखापाल माई न.पा. | [signature] |
| ९७ | प्रविण भण्डारी | का.ले.प. | [signature] |
| ९८ | लोक ब. खड्का | का.स | [signature] |
| ९९ | शान्तिमाया शर्मा | का.स | [signature] |
| १०० | टिकाराम [illegible] | " | [signature] |
| १०१ | लक्ष्मण लिम्बु | " | लक्ष्मण |
| १०२ | सरस्वती राई | " | [signature] |
| १०३ | घनश्याम दुलाल | " | [signature] |
| १०४ | धर्म प्रसाद भण्डारी | क.स. | [signature] |
| १०५ | निर्मला थापा | शिक्षा शाखा | [signature] |
| १०६ | इन्द्रकुमारी लिम्बु | " — " | [signature] |

शीला देवि राई

## अनुसूची-३

## विद्यार्थी विवरण

### क.सामुदायिक विद्यालय तर्फको विद्यार्थी सङ्ख्या

| क्र.सं. | तह | जम्मा | | | जनजाति | | | दलित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ECD | ३११ | ३१३ | ६२४ | २३० | २४६ | ४७६ | २७ | २६ | ५३ |
| २ | आधारभूत (१-५) | ८३६ | ८१८ | १६५४ | ६०३ | ६०९ | १२१२ | ८८ | ७५ | १६३ |
| ३ | आधारभूत (६-८) | ५९४ | ५७४ | ११६८ | ४०८ | ४३४ | ८४२ | ६१ | ५१ | १११ |
| ४ | माध्यमिक (९-१०) | ३६५ | ३४८ | ८१३ | २७० | २३९ | ५०९ | ३६ | २७ | ६३ |
| ५ | माध्यमिक(११-१२) | २४३ | २२६ | ४६९ | १८५ | १४८ | ३३३ | २९ | ३९ | ६८ |
| | जम्मा | २३४९ | २२७९ | ४६२८ | १६९६ | १६७६ | ३३७२ | २४१ | २१८ | ४५९ |

### ख.संस्थागत विद्यालय तर्फ विद्यार्थी विवरण

| क्र.सं. | तह | जम्मा | | | जनजाति | | | दलित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ECD | ३२० | ३६२ | ६८२ | २२६ | २६७ | | २६ | ४० | ६६ |
| २ | आधारभूत (१-५) | ४५६ | ५४६ | १००२ | ३२३ | ३८४ | | ४० | ५५ | ९५ |
| ३ | आधारभूत (६-८) | १३५ | १६८ | ३०३ | ९२ | १०९ | | ७ | १३ | २० |
| ४ | माध्यमिक (९-१०) | ४० | ४५ | ८५ | २७ | ३२ | | १ | २ | ३ |
| ५ | माध्यमिक(११-१२) | - | - | ० | ० | ० | | ० | ० | ० |
| | जम्मा | ९५१ | ११२१ | २०७२ | ६६८ | ७९२ | | ७४ | ११० | १८४ |

### ग. सार्वजनिक शैक्षिक गुठी तर्फ विद्यार्थी विवरण

| क्र.सं. | तह | जम्मा | | | जनजाति | | | दलित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ECD | १३ | १५ | २८ | ८ | ७ | १५ | ० | ० | ० |
| २ | आधारभूत (१-५) | ९ | २३ | ३२ | ७ | १० | १७ | ० | ० | ० |
| ३ | आधारभूत (६-८) | ४ | ७ | ११ | २ | ३ | ५ | ० | ० | ० |
| ४ | माध्यमिक (९-१०) | ० | ३ | ३ | ० | १ | १ | ० | १ | १ |
| | जम्मा | २६ | ४८ | ७४ | १७ | २१ | ३८ | ० | १ | १ |


**ग. सार्वजनिक शैक्षिक गुठी तर्फ विद्यार्थी विवरण**

| क्र.सं. | तह | जम्मा | | | जनजाति | | | दलित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | मन्टेश्वरी (ECD) | ६ | १२ | १८ | १ | ५ | ६ | ० | १ | १ |

अनुसूची - ४

**शिक्षक / कर्मचारी विवरण**

| क्र.सं. | तह | स्थायी | राहत | करार | अनुदान | प्राविधिक धार | कर्मचारी/अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रा बा वि के | | | १५नगर | ३४सङ्घ | | | ४९ |
| २ | आधारभूत १-५ | १३९ | ३१ | १६ | | | ३३ | १८६ |
| ३ | आधारभूत ६-८ | १६ | १७ | | ५ | | | ३८ |
| ४ | माध्यमिक ९-१० | ११ | ७ | | १७ | | २० | ३५ |
| ५ | माध्यमिक ११-१२ | | १ | २ | | | | ३ |
| ६ | प्राविधिक धार | | | | | ४ | | ४ |
| | जम्मा | १६६ | ५६ | ३३ | ५६ | ४ | ५३ | ३१५ |


Sandakpur
Phakphokthum
Maijogmai
Deumai
Ilam
Suryoday
Mangsebung
Rong
Mai
Chulachuli
Jhapa
माई नगरपालिका
इलाम
कोशी प्रदेश, नेपाल
इलाम नगरपालिका
सूर्योदय नगरपालिका
देउमाई नगरपालिका
माङसेबुङ गाउँपालिका
रोङ गाउँपालिका
चुलाचुली गाउँपालिका
झापा जिल्ला
वडा नं. ९
वडा नं. १०
वडा नं. ६
वडा नं. १
वडा नं. ३
वडा नं. ५
वडा नं. ७
वडा नं. ४
वडा नं. ८
वडा नं. २
संकेत